जि.प्र.का. दर्ता नं.: ३०६/०७४/०७५

# वर्गबोध

## त्रैमासिक

वर्ष : १ | अंक : १ | साउन, २०७४



जि.प्र.का. दर्ता नं.: ३०६/०७४/०७५

# वर्गबोध
त्रैमासिक

का.म.न.पा. – १४, कलंकी, काठमाडौं
सम्पर्क नं. ९८५१० ७६८६४, ०१ ४२७३९९२
ईमेल : bargabodh@gmail.com

**सल्लाहकारहरु**

कृष्णदास श्रेष्ठ
प्रा. डा. ओम गुरुङ
प्रा. डा. भवानी प्रसाद पाण्डे
इश्माली

**सम्पादन**

दीर्घप्रसाद पाण्डे
प्रा. डा. जगदीश चन्द्र भण्डारी
हुकुमबहादुर सिंह
ईश्वरचन्द्र ज्ञवाली
लोकराज रेग्मी

**व्यवस्थापन**

बलीभद्र शर्मा
बन्धुदेव पाण्डे
पदम भण्डारी
डी. वी. गुरुङ
गीतामणि पाण्डे

**कार्यालय**

सुदीप श्रेष्ठ
अमृत अधिकारी
तेज बहादुर बस्नेत
ज्ञानु आचार्य
विजयरत्न बज्राचार्य




**राज्य सम्पर्क**

प्रदेश ७ : राजबहादुर कुँवर । प्रदेश ६ : चक्रपाणि शर्मा । प्रदेश ५ : मनोहर लामिछाने, पिताम्वर तिवारी । प्रदेश ४ : परशुराम कोइराला, नीलप्रसाद श्रेष्ठ, होमनाथ पाठक, मुकेश राजभण्डारी । प्रदेश ३ : गोर्की श्रेष्ठ, हरि सिंह, शिला योगी, रविकिरण निर्जीव, ईश्वरी शर्मा, केशव रेग्मी । प्रदेश २ : मनोजकुमार यादव । प्रदेश १ : पृथ्वी कार्की

मूल्यः रु. ५०/–

**वर्गबोध** त्रैमासिक प्रकाशन/सम्पादनका लागि दीर्घप्रसाद पाडे र तेजनारायण सापकोटा

कम्प्युटर टाइप : सुशीला पाण्डे । डिजाइन : पि.एस. डिजाइनर्स (मनोज मनोहर - ९८४९०५५६८०)

| क्रम | विषय | लेखक | पेज |
|---|---|---|---|
| १. | **प्रकाशकीय : प्रतिवाद र संवादको थालनी** | | **३** |
| २. | **सम्पादकीय : वर्ग सङ्घर्ष जिन्दावाद !! वर्गसमन्वय मुर्दावाद !!!** | | **४** |
| ३. | **नेपाल कम्युनिस्ट आन्दोलनमा माओवादी धारा** | मोहन वैद्य (किरण) | **६** |
| ४. | **वर्गदुस्मनसँगको मित्रता कि माओवादी आन्दोलनको ध्रुवीकरण** | दीर्घप्रसाद पाण्डे | **१३** |
| ५. | **सर्वहारा वर्गको अग्रदस्ता** | हुकुमबहादुर सिंह | **२१** |
| ६. | **सौन्दर्य आधार, समकालीन रचना र तिनका प्रवृत्ति** | प्रा. डा. जगदीश चन्द्र भण्डारी | **२६** |
| ७. | **निर्वाचनको क्रान्तिकारी उपयोग किन ?** | सी.पी. गजुरेल (गौरव) | **३०** |
| ८. | **साम्यवाद सर्वहारा अधिनायकत्वका लागि सङ्घर्ष र बुर्जुवा संसदको उपयोग** | अनुवाद : परिथापा | **३३** |
| ९. | **संसदीय निर्वाचनको क्रान्तिकारी उपयोग** | प्रा. डा. ओम गुरुङ | **३७** |
| १०. | **नेपालमा बेरोजगारी समस्या र नयाँ जनवादी क्रान्ति** | सीताराम तामाङ | **४१** |
| ११. | **साम्राज्यवादी संकट र वैज्ञानिक समाजवादको भविष्य** | इन्द्रमोहन सिग्देल | **४७** |
| १२. | **गठबन्धनको राजनीति र संसदीय सत्ताको पङ्क्तिमा माओवादी** | शिला योगी | **५२** |
| १३. | **अशान्ति किन ? शान्ति कसरी ?** | भूमीश्वर कँडेल | **५६** |
| १४. | **सहिद स्मृति : सहिद रामबृक्षको अन्तिम भाषण** | | **५८** |
| १५. | **तिन लघुकथा** | डा. प्रा. भवानी प्रसाद पाण्डे | **६३** |
| १६. | **बर्मभिृया** (आदरणीय मास्टरसाहेव रामवृक्ष यादवको सम्झनामा) | कृष्ण सेन 'इच्छुक' | **६५** |
| १७. | **युग नायकको खोजी** | धनेश्वर पोखेल | **६७** |
| १८. | **झुपडीका अक्षरहरु** | विष्णुमाया न्यौपाने | **६८** |
| १९. | **राष्ट्रिय क्रान्तिकारी बुद्धिजीवी मञ्च नेपालको केन्द्रीय समितिको नामावली** | | **६९** |

प्रकाशकीय

# प्रतिवाद र संवादको थालनी

आज देशका सचेत बुद्धिजीवीहरूले देशमा आमूल परिवर्तनको अपरिहार्यता र यसको लागि अपनाउनुपर्ने वैज्ञानिक दृष्टिकोणलाई सही रूपमा ग्रहण गर्न सक्नु एक पक्ष हो भने दोस्रो महत्वपूर्ण पक्ष त्यसलाई व्यावहारिक रूपमा लागु गर्नका लागि संगठित रूपमा अगाडि बढ्नु हो। यिनै दुइटा महत्वपूर्ण पक्षहरूलाई समेट्ने प्रयास स्वरूप हालै गठित राष्ट्रिय क्रान्तिकारी बुद्धिजीवी मञ्च नेपालको केन्द्रीय समितिको बैठकले एउटा सैद्धान्तिक, राजनीतिक, वैचारिक, साहित्यिक पत्रिका प्रकाशन गर्ने निर्णय गरेको छ। मञ्चको कार्यक्षेत्रलाई बढी जनवादीकरण गर्दै लैजाने रणनीति अनुसार मञ्चमा विभिन्न विभाग, जस्तै, प्रकाशन, अध्ययन, अनुसन्धान आदि विभाग गठन गरिएका छन्। र यो नवगठित प्रकाशन विभागले उसको पहिलो प्रयास स्वरुप यो 'वर्गबोध' प्रकाशन गरेको छ। यसको प्रकाशनको निरन्तरताका लागि सबै देशभक्त, बामपन्थी तथा प्रगतिशील बुद्धिजीवीहरुमा सहयोग र सुझावको आशा गरिएको छ। नेपालको राजनीतिमा वर्गीय पक्षधरता नै हराउँदै गएको परिप्रेक्ष्यमा यो नव प्रकाशित 'वर्गबोध' ले त्यसलाई पुर्नजीवित गर्न मद्दत गर्ने छ भन्ने आशा र विश्वासका साथ यो पहिलो अंक तपाईं पाठकहरुका हातमा छ। तपाईंहरुको अमूल्य सुझाव र सरसल्लाह सहयोगका लागि यो प्रकाशनमार्फत हामी अनुरोध गर्न चाहन्छौं।

हामी सबैलाई थाहा छ, हामी अहिले वैचारिक महासमरको समयमा उभिएका छौं। महान् जनयुद्ध र त्यस्को उदात्त आदर्शबाट स्खलित/च्युत तत्व आफुलाई प्रतिक्रियावादीकरण गर्न तर्फ तीव्रतापूर्ण साथ लागिरहेको छ र हजारौं हजार सहिदहरुको त्याग, उत्सर्ग र समपर्णलाई दक्षिणपन्थता र बुर्जुवाकरणमा रुपान्तरण गर्ने दुस्साहस गरीरहेको छ। क्रान्तिकारी तप्का यतिबेला आफ्नो अपमान, पराजय र प्रताडना, वर्गस्फितता र विचारस्फीतताबाट मुक्त हुने प्रयत्नमा छ। हामी खासगरी क्रान्तिकारी बुद्धिजीवीहरु वैचारिक विघटन गर्नेहरुसँग प्रतिवाद र क्रान्तिकारीहरुसँग संवाद गर्ने जमर्को गरेका छौं र त्यसैको परिणाम स्वरुप यो वर्गबोध प्रकाशनको प्रयास हो। क्रान्तिकारी सिद्धान्त छाडी संसदवादमा इतिहास र भविष्य खोज्नेसँग निर्मम सङ्घर्ष नगरी स्वप्निल संसार मूर्तीकृत हुन सक्दैन भन्ने बुझाइ हाम्रो छ। हामी वर्ग सङ्घर्षको निरन्तर प्रवाहमा आस्थारत छौं र सर्वहारा अधिनायकत्व अनि सर्वहारा मानवतावादमा विश्वास गर्छौं।

**अन्तमा,**

कम्युनिस्टको आदर्श के हो ? सर्वहारा वर्गको सङ्घर्षको अवस्था कस्तो छ ? जनवादी क्रान्ति र सर्वहारावर्गीय मानवतावादको दिशा के हो ? मुक्ति र परिवर्तन कसरी हुन सक्छ ? यिनै सार्थक प्रश्न र यस्तै यस्तै सार्थक प्रश्नको खोजीमा 'वर्गबोध' लागेको छ। क्रान्ति, मुक्ति र परिवर्तनप्रति प्रतिबद्ध रहँदै मार्क्सवाद–लेनीनवाद–माओवादको झण्डालाई झुक्न र सडकमा लत्रनबाट जोगाउने महान् लक्ष्य र उद्देश्य सहित 'वर्गबोध'–सर्वहारा वर्गीय सत्ताका लागि समर्पित रहने छ।

सम्पादकीय

# वर्ग सङ्घर्ष जिन्दावाद !!
# वर्गसमन्वय मुर्दावाद !!!

नेपाली कम्युनिस्टहरुले अहिले घन्काउनु पर्ने नारा बन्न गएका छन् । किनभने विश्व समाजवादी आन्दोलनको एउटा अभिन्न अंगको रुपमा स्थापित नेपाल कम्युनिस्ट पार्टीले आफ्नो पहिलो घोषणापत्र र पर्चामा स्पष्टसित नेपालभित्रको घरेलु प्रतिक्रियावादको नेतृत्व गर्ने नेपाली कांग्रेस र वैदेशिक प्रतिक्रियावादको नेतृत्व गर्ने भारतीय विस्तारवादका विरुद्ध आम नेपाली जनतालाई गोलबन्द हुन आह्वान गरेको थियो । जसको परिणाम पार्टी स्थापनाको छोटो समयमा नेपाल कम्युनिस्ट पार्टीमा संशोधनवाद हावी रहँदा पनि क्रान्तिकारी धारले नेपाली कांग्रेस र भारतीय विस्तारवाद बिच गरिएका कैयौं असमान सन्धि सम्झौताहरुका विरुद्ध आन्दोलन गरेको थियो। त्यस समयदेखि अहिले करिब ६८ वर्षका बिचमा पनि भारतसँगका सबै सन्धि सम्झौता धोका हुन्, भारतीय विस्तारवाद मुर्दावाद र घरेलु प्रतिक्रियावाद मुर्दावादका नारा घन्काइ रहेको छ। नेपालको कम्युनिस्ट आन्दोलनमा पार्टीमा क्रान्तिकारी धार निर्माण हुने वर्ग सङ्घर्षलाई अघि बढाउने र फेरि प्रतिक्रियावादी कित्तामा पुग्ने पुनः क्रान्तिकारी धार निर्माण हुने र वर्ग सङ्घर्ष सञ्चालन गर्ने क्रम चलिरहेको छ।

रौतहट किसान आन्दोलन, मर्चवार किसान आन्दोलन, नेपालगञ्ज किसान आन्दोलन, जुगेडी काण्ड, हर्रे बर्रे काण्ड, चुवा काण्ड, वि.सं. २०२८ को झापा विद्रोह आदि वर्ग सङ्घर्ष र क्रान्तिका रुप हुन् । नेपालमा वर्ग सङ्घर्षको उत्कृष्ट रुप नेपाल कम्युनिस्ट पार्टी माओवादीको १० बर्से जनयुद्ध थियो। यसले नेपालमा गणतन्त्र स्थापना गर्ने वातावरण तयार पार्‍यो । अन्य संसदीय पार्टीसँग मिली गणतन्त्र स्थापना पनि गर्‍यो । संविधान सभामा ठुलो पार्टी पनि बन्यो । आफ्नै नेतृत्वमा सरकार पनि बनायो । भारतको अघि नझुक्ने भन्दै सरकारबाट बाहिर पनि आयो, जन विद्रोह गर्ने भन्दै लाखौं लाख जनतालाई देशभरका सडकमा पनि उतार्‍यो । तर पार्टीभित्रको मुख्य नेतृत्व संसदीय व्यवस्थाभन्दा माथि उठ्न चाहेन। माओवादी आन्दोलनको एकपक्ष र कम्युनिस्ट आन्दोलन अहिले संसदीय आहालमा पौडी खेल्न थालेको छ। नेपालको संविधान २०७२ को कार्यान्वयन गर्ने जिम्मा अहिले माओवादी आन्दोलनका केही उच्च नेताहरुले लिएको घोषणा मात्रै गरेका छैनन्, स्थानीय निर्वाचनमा सिद्धान्त र राजनीतिविहीन रुपमा नेपालका कम्युनिस्टहरुले वर्गीय रुपले दुस्मन वर्गको प्रतिनिधित्व गर्ने राजनीतिक दलहरु–नेपाली कांग्रेस र राप्रपासित मिलेर चुनावी तालमेल गरेका छन् । निर्वाचनमा नेपाली जनताले विभिन्न ठाउँमा त्यसलाई इन्कार गरिदिएका पनि छन् । यस अर्थमा नेपाली जनता नेताभन्दा सचेत देखिएका छन्। जबकि कम्युनिस्टहरुले वर्गसमन्वयवादीका रुपमा आफूलाई प्रस्तुत गरेका छन्। यो नीतिमा सबैभन्दा बढ्ता प्रचण्ड नेतृत्वको माओवादी केन्द्र देखिन पुग्यो । दसबर्से जनयुद्धमा टाउकाको मूल्य तोक्ने र टाउको जोगाउँदै हिंड्नेका बिचमा चुनावी तालमेल हुन गएको छ । यसले जनतामा के भ्रम पारेको छ भने अबको क्रान्तिको वर्ग दुस्मन को हो ? कस्को सत्ता हो र कस्को सत्ता

फ्याँकेर कसको सत्ता स्थापना गर्नका लागि कस्तो क्रान्ति गर्ने ? कम्युनिस्टहरुमा र खासगरी पछिल्लो अवस्थामा माओवादी केन्द्रले आफ्नो वर्ग को हो भन्ने नै भुलेको र छोडेको अवस्था छ। माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले त भनिसकेका छन्–अबको क्रान्ति लेनिनको बोल्सेविकले त्यहाँको दुमाको विघटन गरेर होइन्, यही संसदीय व्यवस्थाभित्रबाट शान्तिपूर्ण रुपले परिवर्तनद्वारा परिवर्तन गर्ने । यसरी अब माओवादी केन्द्र मार्क्सवादी –लेनिनवादी –माओवादी नभई ख्रुस्चेभको शान्तिपूर्ण अवतरणलाई अंगाल्दै क्रान्तिको मार्गदर्शन सिद्धान्त मान्दैछ। र केही समयदेखि एमालेले त्यही मार्गबाट कम्युनिस्टको नाममा पुँजीवादी मार्ग–बहुदलीय जनवादको नेपाली संसदीय मार्ग अपनाउँदै आएको छ। र पछिल्लो पटक यसमा नेकपा मसाल पनि हातेमालो गर्दै छ किनकि उसले पनि स्थानीय निर्वाचन र संविधानसभामा नेपाली कांग्रेस र एमाले सित हातेमालो गर्दै आएको छ। यसरी माके, एमाले र मसाल, मूलतः माके र एमालेको वर्गसमन्वयवादका विरुद्ध नेपालका बाँकी क्रान्तिकारीहरुले नेपालमा क्रान्तिको रक्षा र विकासको महान जिम्मेवारी लिनु पर्ने आवश्यकता छ।

स्थानीय निकायको चुनावमा माओवादी केन्द्र नामको यो समूह जो आफुलाई नेपाल कम्युनिस्ट पार्टी माओवादीको मूल हिस्साको रुपमा रहेको बताउँदै आएको छ, यसले वर्ग सङ्घर्ष होइन वर्ग समन्वयको बाटो अपनाउँदै नेपाली उत्पीडित जनताको वर्ग दुस्मनको रुपमा रहेको नेपाली कांग्रेससँग चुनावी तालमेल गर्न पुगेको छ। अहिले आएर माके पार्टीभित्र अब मार्क्सवाद लेनिनवाद र माओवादको सान्दर्भिकता पनि प्रतिरक्षाको स्थितिमा छ । यद्यपि अझै पनि नेपालमा माओवादीको क्रान्तिकारीहरुको एउटा बलियो हिस्साले क्रान्तिको झन्डा फहराइ रहेको छ। मार्क्स एङ्गेल्सले देखाएको अन्तिम बाटो वर्ग विहीन राज्यविहीन साम्यवादमा नपुगेसम्म निरन्तर क्रान्तिमा रहनु पर्दछ भन्ने मान्यतामा अडिग छ। अहिले देखा परेको वर्ग समन्वयको समयमा नेपाली जनता भारतीय विस्तारवाद, देशीय सामन्तवाद, नोकरशाही पुँजीवाद, दलाल पुँजीपतिलगायत जातीय, क्षेत्रीय, लैङ्गिक उत्पीडनबाट मुक्ति पाउन छट्पटाइ रहेका छन्। यी सबै उत्पीडनबाट मुक्त हुने उपाय भनेको वर्ग सङ्घर्षबाट मात्र सम्भव छ । आफ्नो मुक्ति आफैं गर्नु पर्दछ । आफ्ना मित्र शक्तिको र आफ्नो वर्गको बोध गराउनका लागि अहिले वर्ग सङ्घर्ष जिन्दावाद, वर्ग समन्वय मुर्दावादको नारा घन्काउनु पर्ने आवश्यक भएको छ।

सैद्धान्तिक

# नेपाली कम्युनिस्ट आन्दोलनमा माओवादी धारा



मोहन वैद्य (किरण)

## १.१. पृष्ठभूमि

नेपाली कम्युनिस्ट आन्दोलन अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको अभिन्न अङ्ग हो । नेपाली कम्युनिस्ट आन्दोलन एकातिर नेपाली क्रान्ति र अर्कोतिर विश्व–क्रान्तिसित जोडिएको छ। यसरी नै नेपाली कम्युनिस्ट आन्दोलनमा माओवादी धाराको उत्पत्ति र विकासलाई पनि नेपाली र अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको समग्रतामा हेर्नु पर्दछ।

अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा मार्क्स, एङ्गेल्स, लेनिन, स्टालिन र माओसम्म आउँदा क्रान्तिकारी कम्युनिस्ट पार्टीहरुको पथप्रदर्शक सिद्धान्तका रुपमा मार्क्सवाद–लेनिनवाद–माओवाद/माओविचार विकसित भयो । नेपालमा पनि क्रान्तिकारी कम्युनिस्ट पार्टी वा संगठनहरुद्वारा मार्क्सवाद–लेनिनवाद–माओवाद/विचारलाई पथप्रर्दशक सिद्धान्तका रुपमा अंगीकार गरियो । नेपाली कम्युनिस्ट आन्दोलनको क्रान्तिकारी धाराको हैसियतले हामीले जनयुद्धको पहल गर्नुभन्दा अगाडि नै एकातिर मार्क्सवाद–लेनिनवाद–माओवादलाई पथप्रदर्शक सिद्धान्तका रुपमा स्विकार गर्‍यौं भने अर्कोतिर पार्टीको नाम नेपाल कम्युनिस्ट पार्टी (माओवादी) राख्यौं। नेपाली कम्युनिस्ट आन्दोलनमा माओवादी धाराको उत्पत्तिको पृष्ठभूमि यही हो। महान् जनयुद्धको प्रक्रियामा यो धारा सशक्त तथा प्रभावकारी रुपमा विकसित भयो।

## १.२. जनयुद्धको प्रक्रिया

हामीले जनयुद्धको निकै लामो तयारी गर्‍यौं । यो तयारी विचारधारात्मक, राजनीतिक, सांगठनिक तथा सङ्घर्षसम्बन्धी विषयसित सम्बन्धित थियो। विचारधारात्मक क्षेत्रमा माओविचारको ठाउँमा माओवादलाई अवलम्बन गरी मार्क्सवाद–लेनिनवाद–माओवादलाई पथप्रदर्शक सिद्धान्तका रुपमा स्विकार गरियो । राजनीतिक क्षेत्रको काम राजनीतिक तथा फौजी कार्यदिशासित सम्बन्धित थियो । यस क्षेत्रमा नयाँ जनवादी गणतान्त्रिक राज्यसत्ताको स्थापना गरी समाजवाद हुँदै साम्यवादतर्फ अगाडि बढने कार्यदिशालाई थप परिमार्जन गर्ने काम भयो। त्यसैगरी दीर्घकालीन जनयुद्धको कार्यदिशालाई फौजी क्षेत्रमा परिमार्जित तथा मूर्तीकृत गरियो । पार्टीलाई स–साना सङ्घर्षका बिचबाट स्थापित तुल्याउने र जनताका बिचमा पुर्‍याउनका लागि थप प्रयास गरियो। तयारीको यस समग्र प्रक्रियामा दक्षिणपन्थी संसोधनवादका विरुद्धको विचारधारात्मक सङ्घर्षलाई प्रभावकारी ढंगले अगाडि बढाइयो । यो तयारी २०४६/४७ सालको जनआन्दोलनभन्दा पहिले देखि नै थालिएको थियो । यसै क्रममा विभिन्न क्रान्तिकारी कम्युनिस्ट समूहहरुका बिचमा पार्टीएकता गरी नेपाल कम्युनिस्ट पार्टी (एकताकेन्द्र)को निर्माण गरियो र एकता महाधिवेशनमा नयाँ जनवादी क्रान्ति तथा दीर्घकालिन जनयुद्धको कार्यदिशा पारित गरियो। २०४८ सालमा भएको संसदीय निर्वाचनलाई मोर्चा मार्फत उपयोग

गरियो। जनयुद्धको तयारीलाई घनीभूत ढंगले अगाडि बढाउने प्रक्रियामा निर्मल लामा तथा रुपलाल समूह सो तयारीको विरोधमा उत्रिए। अन्ततः पार्टी विभाजित भयो र यसै क्रममा नेकपा (माओवादी) को निर्माण गरी २०५२ फागुन १ गते महान जनयुद्धको ऐतिहासिक पहल गरियो। महान् जनयुद्ध नेपालमा नयाँ जनवादी क्रान्ति गरी समाजवाद हुँदै साम्यवादको स्थापना गर्ने उद्देश्यमा आधारित एक ऐतिहासिक अभियान थियो। नेकपा (माओवादी) द्वारा पहल गरिएको जनयुद्ध राजनीतिक रक्षा तथा सन्तुलनका चरणका बिचबाट विकसित भयो। यस क्रममा पार्टी देशव्यापी रुपमा फैलियो। संयुक्त मोर्चा बन्यो र स्क्वायड, प्लाटुन, तथा कम्पनी हुँदै सात डिभिजन सम्म जनमुक्ति सेना बन्यो। देशका विभिन्न ठाउँहरुमा आधार इलाका र जनसरकारहरुको निर्माण भयो। महान् जनयुद्धले सिङ्गो देशमा भारी उथलपुथल ल्याइदियो र विश्वमा पनि यसले राम्रो सन्देश दियो। परन्तु, ठिक यसैबेला पार्टी नेतृत्वको एउटा पंक्तिमा गंभीर प्रकारको दक्षिणपन्थी विचलन पैदा भयो र मुख्य नेतृत्वले वर्गीय तथा राष्ट्रिय आत्मसमपर्णवादको बाटो समात्यो। महान् क्रान्ति तथा जनयुद्धका विरुद्ध अपवित्र सम्झौता गरियो र पार्टी सम्झौतावादको भासमा फस्यो।। २०६३ मंसिर ५ गते महान् जनयुद्धको अन्त्य भएको घोषणा गरियो।

## १.३. दुई लाइन सङ्घर्ष फुट र नयाँ एकता

२०६४ चैत्रमा संविधान सभाको निर्वाचन गरियो र नेकपा (माओवादी) सो निर्वाचनमा पहिलो पार्टी बन्यो। परन्तु, यसै प्रक्रियामा पार्टीमा भीषण प्रकारको दुई लाइन सङ्घर्ष चल्यो। यसप्रकारको दुई लाइन सङ्घर्षको पृष्ठभूमि तथा विषयवस्तुलाई मूलतः यसरी प्रस्तुत गर्न सकिन्छ :

(क) सामन्यतः पार्टीमा दुई लाइन सङ्घर्ष कहिले तीव्र र कहिले मन्द रुपमा चल्दै आएको थियो। यसै स्थितिमा भारतका विभिन्न ठाउँहरुमा कतिपय कमरेडहरुको गिरफ्तारीको प्रक्रिया अगाडि बढ्यो। यस सन्दर्भमा क. मातृका यादव, क.सुरेश आले, क.सिपि गजुरेल, क. किरण, क.लोकेन्द्र, र क.सोनाम लगायतका केन्द्रीय समितिका जिम्मेवार साथीहरु पक्रिनु भयो। यिनै गिरफ्तारीका विषयलाई लिएर पार्टिभित्र बहस चल्दै गयो। यसै सिलसिलामा डा. बाबुराम भट्टराई सहितका कतिपय नेताहरु अनुशासनको कारवाहीमा परे।

(ख) ठिक यसै बेला राजा ज्ञानेन्द्रद्वारा २०६१ माघ १९ गते 'कु' गरियो। संसदीय बहुदलीय व्यवस्थाको विघटन र निरङ्कुश राजतन्त्रको पुनःस्थापना भयो।

(ग) त्यस पश्चात् २०६२ मंसिरमा रुकुमको चुनवाङमा केन्द्रीय समितिको बैठक बस्यो। यस बैठकमा एकातिर डा. बाबुराम भट्टराई माथि गरिएको अनुशासन सम्बन्धी कारबाही फिर्ता लिई उनी लगायतका नेताहरुलाई यथावतै जिम्मेवारी दिइयो भने अर्कोतिर नयाँ जनवादलाई ओझेलमा पारी त्यसको सट्टामा "लोकतान्त्रिक गणतन्त्र" को कार्यक्रमलाई स्विकार गरियो। चुनवाङको प्रस्तावमा भनिएको छः "कार्यनीतिले रणनीतिको सेवा गर्ने उद्देश्यमा स्पष्ट रहँदै पार्टीले लोकतान्त्रिक गणतन्त्रलाई न बुर्जुवा संसदीय गणतन्त्रका रुपमा लिएको छ न सोझै नयाँ जनवादी गणतन्त्रका रुपमा। देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय र लिङ्गीय समस्यालाई समाधान गर्ने ढंगले राज्यसत्तामा व्यापक पुनःसंरचना सहितको यो गणतन्त्रले संक्रमणकालीन बहुदलीय गणतन्त्रको भूमिका खेल्ने छ। निश्चय नै त्यसप्रकारको गणतन्त्रलाई प्रतिक्रियावादी वर्ग र तिनका पार्टीहरुले बुर्जुवा

संसदीय गणतन्त्रमा बदल्न बल गर्नेछन् भने सर्वहारावर्गको हाम्रो पार्टीले त्यसलाई नयाँ जनवादी गणतन्त्रमा बदल्न प्रयत्न गर्ने छ।"

**(नेकपा माओवादीका ऐतिहासिक दस्तावेजहरु, २०६३ पृ. २९६)।**

उक्त उद्धरणमाथि राम्रोसित ध्यान दिंदा र यहाँसम्म आउँदा के कुरा छर्लङ्ग हुन्छ भने लोकतान्त्रिक गणतन्त्रलाई कार्यनीतिका रुपमा होइन रणनीतिका रुपमा लिइएको थियो । लोकतान्त्रिक गणतन्त्रलाई संसदीय बुर्जुवा गणतन्त्र तथा नयाँ जनवादी गणतन्त्रका बिचको संक्रमणकालीन बहुदलीय गणतन्त्र बताएर भ्रम सिर्जना गारिएको थियो र अन्ततः पार्टीले त्यसलाई नयाँ जनवादी गणतन्त्रमा बदल्न प्रयत्न गर्ने छ भनेर छलछाम गरिएको थियो । स्पष्ट छ, संविधान बनाउँदा प्रचण्ड र भट्टराई दुवै नेताले नयाँ जनवादलाई परित्याग गरी त्यही लोकतान्त्रिक गणतन्त्रलाई आफ्नो परम् उद्देश्य तथा आदर्शका रुपमा ग्रहण गरे ।

(घ) २०६२ मंसिरमा सात राजनीतिक दल र नेकपा (माओवादी)का बिच राज्यको पुनःसंरचना, संसदीय लोकतन्त्र, सशस्त्र सङ्घर्षको अन्त्यसहित स्थायी शान्ति र प्रतिस्पर्धात्मक बहुदलीय शासन प्रणाली लगायतका विषयमा समान समझदारी बनाई बाह्र बुँदे सहमति पत्रमा हस्ताक्षर गरियो ।

(ङ) २०६३ मंसिर ५ मा नेपाल सरकार र नेकपा (माओवादी)का बिच विस्तृत शान्ति सम्झौता भयो र त्यसमा "२०५२ साल देखि चल्दै आएको सशस्त्र द्वन्द्वलाई अन्त्य गरी शान्तिपूर्ण सहकार्यको नयाँ अध्याय प्रारम्भ भएको घोषणा" गरियो। (विस्तृत शान्ति सम्झौता २०६३, पृ. २)

(च) यसै क्रममा जेलमा परेका कमरेडहरु मुक्त भए। पार्टीमा उक्त सबै विषयलाई लिएर बहसको अर्को प्रक्रिया सुरु भयो । बालाजु, खरीपाटी, पालुङटार लगायतका स्थानमा भएका केन्द्रीय स्तरका उच्च बैठक तथा भेलाहरुमा तीव्र रुपमा दुई लाइन सङ्घर्ष चल्यो । तर त्यसको सही समाधान हुन सकेन । पार्टीमा प्रचण्ड, बाबुराम नेतृत्वसित सम्बन्धबिच्छेद गर्न अनिवार्य रुपमा आवश्यक भयो । त्यसै आवश्यकता अनुसार २०६९ मा काठमाडौको बौद्धमा राष्ट्रिय भेला गरी नेकपा–माओवादीको गठन गरियो । सो भेलामा पारित राजनीतिक प्रस्तावमा भनिएको छ –"खरीपाटीदेखि हालसम्म आउँदा यस समग्र प्रक्रियामा दुई लाइन सङ्घर्षको विषयवस्तु मूलतः लोकतान्त्रिक गणतन्त्रमै टाँस्सिएर बस्ने कि जनताको संघीय गणतन्त्रको दिशामा अगाडि बढ्ने ? देशभित्रका दलाल, नोकरशाही तथा सामन्त वर्ग र बाहिरका मुख्यतः विस्तारवादी हस्तक्षेपका विरुद्ध राष्ट्रिय स्वाधीनताका लागि सङ्घर्ष गर्ने कि तिनीहरुसँग आत्मसमर्पण गर्ने ? जनविद्रोहको तयारीमा जाने कि संसदवादी शान्तिपूर्ण तरिका अवलम्बन गर्ने ? देशभक्त, गणतन्त्रवादी तथा वामपंथी शक्तिहरुसित संयुक्त मोर्चा गर्ने कि दलाल पुँजीपति वर्गसित गठबन्धन गरेर जाने ? सम्मानजनक ढंगले सेना समायोजन गर्ने कि जनमुक्ति सेना नेपालको निःशस्त्रीकरण, विघटन तथा विसर्जन गर्ने ? मजदुर, किसान सहित आम जनसमुदायको पक्षमा जातीय पहिचान, महिला, दलित, मुस्लिम, पिछडिएका क्षेत्रका जनसमुदायको हकहितमा आधारित संविधान बनाउने कि दलाल, नोकरशाह तथा सामन्तवर्गको हितमा आधारित यथास्थितिवादी तथा पश्चगामी संविधान बनाउने ? आदि विषयमा आधारित रहेको थियो । अन्ततः

प्रचण्डद्वारा मध्यपंथी अवसरवादबाट दक्षिणपंथी दिशाातिर हाम्फाल्दै जाने काम भयो । सारमा यो दुई लाइन सङ्घर्ष क्रान्तिकारी कार्यदिशाा र दक्षिणपंथी संशोधनवादी कार्यदिशाका बिचको भीषण विचारधारात्मक तथा राजनीतिक सङ्घर्ष थियो ।

**(नेकपा–माओवादीः बौद्ध भेलामा पारित राजनीतिक प्रतिवेदन २०६९, पेज २१/२२) ।**

यस पश्चात पार्टीमा एकता, सङ्घर्ष, विभाजन र नयाँ आधारमा नयां एकताको प्रक्रिया विकसित हुँदै आएको छ । नेकपा–माओवादीबाट विप्लव समूह अलगियो । एकताको प्रक्रियामा हामीले पार्टीको नाम नेकपा (क्रान्तिकारी माओवादी) राख्यौं । यसै क्रममा बादल समूह अलगियो । एनेकपा माओवादीबाट बाबुराम समूह पनि अलग भयो । पार्टी र कम्युनिस्ट आन्दोलनमा ध्रुवीकरण र नयाँ आधारमा एकीकरणको नयाँ प्रक्रिया विकसित हुँदै आएका छन् ।

## १.४. क्रान्तिकारी र अवसरवादी धारा

दश वर्षको महान् जनयुद्ध र भीषण दुई लाइन सङ्घर्षका बिचबाट यहाँसम्म आउँदा माओवादी आन्दोलन क्रान्तिकारी धारा र अवसरवादी धारामा विभाजित भएको छ । यी धाराबारे छोटो चर्चा गर्न आवश्यक छ ।

एकीकृत नेकपा (माओवादी) मा साथसाथै रहि आएका पूर्व प्रधानमन्त्रीद्वय पुष्पकमल दाहाल र डा. बाबुराम भट्टराईका बिच जोड र कोणमा केही अन्तर देखापर्दै आए पनि केन्द्रीय समितिको चुनवाङ बैठक यता संविधान सभामार्फत् लोकतान्त्रिक गणतन्त्रको संविधान बनाउने कार्यमा उनीहरु एकताबद्ध नै रहे । विचारधारात्मक तथा राजनीतिक कार्यदिशाको क्षेत्रमा उनीहरुले दक्षिणपन्थी नवसंशोधनवादलाई अवलम्बन गरे । उनीहरुले नयाँ जनवादलाई विस्थापित गरी लोकतान्त्रिक गणतन्त्रलाई स्विकारे र जनयुद्धको अन्त्यको घोषणा गरी जनमुक्ति सेनालाई नेपाली सेनामा विलय गराए । उनीहरु दलाल, नोकरशाही पुँजीपति तथा सामन्त वर्गको प्रतिनिधित्व गर्ने पुरानै राज्यसत्ता र संसदीय व्यवस्थामा आधारित पश्चगामी संविधान बनाउन निकै जोडबलका साथ लागे र त्यसप्रकारको संविधान बनेकोमा गौरवान्वित बनी त्यसमा आफनो स्वामित्व लिए । साथै, त्यस प्रकारको संबिधानलाई युगान्तकारी तथा ऐतिहासिक बताउँदै त्यसैमार्फत् सामाजिक रुपान्तरण हुने धारणा व्यक्त गरे र बलप्रयोगको सिद्धान्तलाई समेत अस्विकार गर्न पुगे ।

दार्शनिक फाँटमा उनीहरुले द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादको विरोधमा सारसंग्रहवाद, बहुलवाद र भँडुवा विकासवादलाई अवलम्बन गरे । राजनीतिक अर्थशास्त्रको क्षेत्रमा उनीहरु वर्गसङ्घर्ष र वर्गीय उत्पादन सम्बन्धको मान्यतालाई परित्याग गरी वर्गीय तथा राष्ट्रिय आत्मसमपर्णवादलाई स्विकार गर्नपुगे । साम्राज्यवाद तथा विस्तारवादसित साँठगाँठ गरी नवउपनिवेशवाद एवम् नवउदारवादलाई अंगीकार गरे । समाजवादको क्षेत्रमा उनीहरुले वर्गसङ्घर्ष, जनताको जनवादी तथा सर्वहारा अधिनायकत्वका विरुद्ध विशुद्ध लोकतन्त्रको सिद्धान्त र पश्चगामी राज्यसत्तालाई स्विकार गरे । उनीहरु एकातिर नेपालमा पुँजीवादी जनवादी क्रान्ति पुरा भयो अब "आर्थिक क्रान्ति" गर्नुपर्दछ भन्छन् भने अर्कोतिर समाजवादको कुरा पनि गर्दछन् । वस्तुतः उनीहरुको "आर्थिक क्रान्ति" दलाल तथा नोकरशाही पुँजीवादसित आत्मसमर्पण हो भने उनीहरुले भन्ने गरेको समाजवाद सुधारवाद सिवाय अरु केही होइन ।

अवसरवादी धाराका उक्त नेताहरुमध्ये दाहालले अत्यन्तै घुमाउरो, छद्म तथा सन्ध्या

भाषाको प्रयोग गरेर आफूलाई अझै पनि क्रान्तिकारी देखाउनका निम्ति पुरा कसरत गर्दै आएका छन् भने भट्टराईको विशेषता सिधा भाषामा आफ्ना कुरा प्रस्तुत गर्नु रहेको छ । बाबुरामले नयाँ शक्ति नेपाल नाउँ गरेको अर्को पार्टी बनाइ सकेका छन् र उनको पार्टीको विचारधारा नवउदारवाद तथा मार्क्सवादलाई एउटै ठाउँमा मिसाएर विचित्र प्रकारको खिचडी पकाउने मान्यतामा आधारित छ । वस्तुतः डाक्टर साहेबले कम्युनिस्ट आन्दोलनको कित्ता फेरिसकेका छन् परन्तु, दाहाल साहेबले भने कम्युनिस्ट आन्दोलनको कित्ताभित्र रहेको बहाना गरेर कम्युनिस्ट आन्दोलनका विरुद्ध धारिलो छुरा प्रहार गरीरहेका छन । लेनिनले खुला अवसरवाद भन्दा छद्‌म अवसरवाद कैयौं गुणा घातक हुन्छ भन्नु भएको थियो । यो कुरा दाहालका सन्दर्भमा पनि साँचो हो ।

यसैगरी माओवादी धारा अन्तर्गत नेकपा विप्लव समूह पनि क्रियाशील रहि आएको छ । यसले हालै आठौं महाधिवेशन पनि गरिसकेको छ । यसले आफुलाई 'वाम' कलेवरमा प्रस्तुत गरी रहस्यमय राजनीति गरीरहेको छ । यस समूहले दर्शनको मुख्य काम समाज बदल्ने होइन विचारको विकास गर्ने हो भन्ने कुरामा विशेष जोड दिएको छ । अनि विचारको विकास गर्ने धुनमा यसले मुख्यतः तिनवटा "सिद्धान्त" अगाडि सारेको छ, ती हुन् —एकीकृत क्रान्तिको सिद्धान्त, सत्ता साझेदारीको सिद्धान्त र उत्तर–साम्राज्यवादको सिद्धान्त । लेनिन र माओभन्दा नितान्त फरक भनेर पेस गरिएको एकीकृत क्रान्तिको सिद्धान्त राजनीतिक तथा फौजी दुवै हिसाबले अत्यन्तै अस्पष्ट, भ्रामक र रहस्यमय रहेको छ । सारतः यसमा जुझारु अर्थवादको गन्ध पाइन्छ । सत्ता साझेदारीको सिद्धान्त वर्गदुस्मनसित साँठगाँठ गरी पश्चगामी राज्यसत्तामा सहभागी हुने मान्यतामा आधारित छ । यस मान्यताले सो समूहलाई दाहाल–भट्टराईको राजनीतितर्फ नै डोऱ्याउँछ । जहाँसम्म उत्तर–साम्राज्यवादी सिद्धान्त अवलम्बन गर्ने कुरा हो त्यो उत्तर–मार्क्सवादीहरुको भद्दा अनुकरण हो र यसले अब विश्वमा साम्राज्यवाद छैन भनी साम्राज्यवादकै सेवा गर्दै आएको छ । विचार विकासको नाममा दाहाल–भट्टराईको त्यो हालत भयो भने अब विप्लव पक्षको के हालत हुने हो सहजै अनुमान गर्न सकिन्छ । उक्त तिन धाराभन्दा पृथक् नेकपा (क्रान्तिकारी माओवादी) को बेग्लै पहिचान रहेको छ र यसले क्रान्तिकारी धाराका रुपमा आफूलाई विकसित तुल्याउने प्रयास गर्दै आएको छ । यसले मार्क्सवाद–लेनिनवाद–माओवादको पथप्रदर्शनमा नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न गरी समाजवाद हुँदै साम्यवादमा पुग्ने विचारधारात्मक तथा राजनीतिक कार्यदिशा अवलम्बन गरेको छ । यस धाराको स्पष्ट धारणा के छ भने क्रान्ति सम्पन्न गर्नको लागि बलप्रयोगको भूमिका अनिवार्य रुपमा आवश्यक हुन्छ । यद्यपि यस धारामा पनि कैयौँ कमी कमजोरी तथा सिमा अवश्यै छन् । परन्तु, यो धारा आफना कमी–कमजोरीलाई सच्याउँदै जाने कुरामा यो प्रतिबद्ध रहि आएको छ । आफनो पार्टीलाई वैचारिक तथा सांगठनिक रुपमा सुदृढ तुल्याउँदै तथा विभिन्न ठाउँमा छरिएर रहेका सच्चा क्रान्तिकारी कम्युनिस्टहरुलाई एकताबद्ध गर्दै नयाँ ढंगको कम्युनिस्ट पार्टी निर्माण गर्ने दिशामा यो धारा दृढतापूर्वक अगाडि बढि रहेको छ ।

## १.५. आजको परिस्थिति र कम्युनिस्ट आन्दोलन

नेपाली कम्युनिस्ट आन्दोलनको भविष्यबारे उल्लेख गर्नु भन्दा पहिले आजको राष्ट्रिय परिस्थितिवारे थोरै चर्चा गर्न आवश्यक छ । अहिलेको राष्ट्रिय परिस्थितिका मूल विशेषता यी हुन् :

पहिलो, नेपाली क्रान्तिले गम्भीर धक्का खाएको छ। पश्चगामी संविधान बनेसँगै प्रतिक्रिया काल सुरु भएको छ र प्रतिक्रियावादी राज्यसत्ता बलियो भएको छ।

दोस्रो, यस प्रकारको प्रतिक्रियाकाल आउनुमा दक्षिणपन्थी संशोधनवाद मुल जिम्मेवार छ र यसमा क्रान्तिकारी कम्युनिस्टहरुका पनि कैयौं कमी–कमजोरी तथा सीमा रहन गएका छन्। तेस्रो, क्रान्तिकारी कम्युनिस्टहरुले एकातिर विगतका आफ्ना कमी कमजोरी तथा सीमाहरुबारे समीक्षा गरी अगाडि बढ्ने र अर्कोतिर प्रतिक्रियावाद तथा दक्षिणपन्थी संशोधनवादका विरुद्ध सङ्घर्ष गर्दै क्रान्तिको तयारी गर्ने कार्यलाई गम्भीरतापूर्वक लिनु पर्ने आवश्यकता पैदा भएको छ।

चौथो, नेपालमा नयाँ जनवादी तथा समाजवादी क्रान्ति आवश्यक र सम्भव दुवै छ। यो काम क्रान्तिकारी कम्युनिस्टहरुद्वारा मात्र हुन सक्दछ।

उक्त कुराहरुमाथि ध्यान दिंदा नेपाली क्रान्तिको ऐतिहासिक आवश्यकता पुरा गर्न नेपाली कम्युनिस्ट आन्दोलनको क्रान्तिकारी धारा प्रभावकारी र सशक्त हुन जरुरी छ। नेपालको इतिहासमा क्रान्तिकारी कम्युनिस्ट आन्दोलन वक्रगतिमा विकसित हुँदै तथा आरोह–अवरोहका अनेकौं प्रक्रिया पारगर्दै आएको छ। यसै क्रममा नेपाली कम्युनिस्ट आन्दोलन सशक्त र प्रभावकारी बन्दै जाने कुरा पनि स्पष्ट नै छ। आज नेपालमा माओवादी आन्दोलनमा मात्र होइन सिङ्गो नेपाली कम्युनिस्ट आन्दोलनमा पनि विभिन्न धारा र उपधाराहरु छन्। सारमा भन्नुपर्दा आज नेपाली कम्युनिस्ट आन्दोलन मूलतः दुई धारामा विभाजित छ, ती हुन् —अवसरवादी धारा र क्रान्तिकारी धारा। अहिलेको अवसरवादी धाराका मूल प्रतिनिधि एमाले र माके हुन्। यद्यपि बिचमा केही ढुलमुल वा मध्यमार्गी अवसरवादी धारा पनि क्रियाशील रहि आएका छन्। परन्तु, ती समय क्रममा या त अवसरवादी धारा या क्रान्तिकारी धारातर्फ जान बाध्य हुनेछन्। वस्तुतः आज सच्चा क्रान्तिकारी कम्युनिस्टहरुलाई सही विचारधारा र आम कार्यदिशाका आधारमा एकताबद्ध बनाउन जरुरी छ। आज जसले (क) मार्क्सवाद–लेनिनवाद–माओवाद, (ख) नयाँ जनवाद, समाजवाद तथा साम्यवाद, (ग) बलप्रयोगको सिद्धान्त (घ) जनवादी केन्द्रीयताको मान्यतालाई स्विकार र (ङ) वर्तमान प्रतिक्रियावादी राज्यसत्ता, व्यवस्था तथा संविधानको विरोध गर्दछन्, तथा (च) प्रतिक्रियावादी राज्यसत्ताको मन्त्रिपरिषदमा सहभागी हुँदैनन्, तिनलाई क्रान्तिकारी कम्युनिस्टका रुपमा लिनुपर्दछ। माओविचार मान्नेहरु पनि क्रान्तिकारी कित्ता भित्रै पर्दछन् र तिनलाई पनि नजिकैको ठान्नु पर्दछ। यसको ठीक विपरीत जसले शब्दमा मार्क्सवाद–लेनिनवाद–माओवाद र माओविचार जप्ने र कर्ममा वर्तमान प्रतिक्रियावादी राज्यसत्ता, व्यवस्था तथा संविधानलाई स्विकार गर्दछन्, बलप्रयोगको सिद्धान्तका विरुद्ध शान्तिपूर्ण संक्रमणको सिद्धान्तलाई मान्दछन् र प्रतिक्रियावादी मन्त्रिपरिषदमा सामेल हुन पुग्दछन् ती अवसरवादी हुन्। यी मध्ये कैयौँले प्रतिक्रियावादको बाटो पक्रि सकेका छन र कैयौ तीव्र गतिमा प्रतिक्रियावादी हुँदै गइ रहेका छन्।

अतः आजको आवश्यकता नेपाली कम्युनिस्ट आन्दोलनमा एकीकरण र ध्रुवीकरणको प्रक्रियालाई तीव्र बनाउने र सच्चा क्रान्तिकारी कम्युनिस्टहरुलाई गोलबन्द गर्ने दिशामा लाग्नु नै रहेको छ। नेपाली कम्युनिस्ट आन्दोलनको भविष्य समुज्ज्वल नै रहेको छ। किनभने सबैखाले विभेद तथा उत्पीडनको विरोध र राष्ट्रियता, जनतन्त्र तथा जनजीविकाका समस्याको समाधान गर्नसक्ने क्षमता क्रान्तिकारी कम्युनिस्टहरुमै सन्निहित छ।

## १.६. उपसंहार

अन्तर्राष्ट्रिय र नेपाली कम्युनिस्ट आन्दोलनमा पनि सामान्यतः सबै खाले संशोधनवाद र मुख्यतः दक्षिणपन्थी संशोधनवाद नै घातक रहि आएको कुरा स्पष्ट छ । नेपालमा यो कुरा गद्दार रायमाझीदेखि अहिलेको एमाले, माके र नयाँ शक्तिका नेताहरु सम्मलाई हेरे स्पष्ट हुन्छ । साथै, इतिहासमा विभिन्न मोडमा विभिन्न रुपमा प्रकट हुँदै आएको दक्षिणपन्थी अवसरवादलाई परास्त गरेर नै क्रान्ति र कम्युनिस्ट आन्दोलनले सही दिशा पक्रदैं आएको कुरा पनि त्यत्तिकै स्पष्ट छ।

अब हामीले माओवादी र गैरमाओवादी सबै धारा र उपधाराहरुमा विद्यमान दक्षिणपन्थी संसोधनवादका विरुद्ध सशक्त विचारधारात्मक सङ्घर्ष चलाउँदै सच्चा क्रान्तिकारी कम्युनिस्टहरुलाई एकताबद्ध गर्ने दिशामा ठोस पाइला चाल्न जरुरी छ । यही नै अहिलेको ऐतिहासिक आवश्यकता हो र यही नै सच्चा क्रान्तिकारी कम्युनिस्टहरुको अहिलेको विशेष दायित्व पनि हो।

आजको ऐतिहासिक आवश्यकता र विकल्प नयाँ जनवादी क्रान्ति सम्पन्न गरी वैज्ञानिक समाजवादको दिशामा अगाडि बढ्नु हो । यो ऐतिहासिक अभिभारा पुरागर्ने दायित्व सबैखाले प्रतिक्रियावाद तथा संसोधनवाद विरुद्ध दृढतापुर्वक सङ्घर्ष गर्दै अगाडि बढ्न समर्थ क्रान्तिकारी माओवादी धाराको काँधमा आएको छ। यसबारे हामी विशेष गंभीर बन्न जरुरी छ।

वैचारिक

# वर्गदुस्मनसँगको मित्रता कि माओवादी आन्दोलनको ध्रुवीकरण



दीर्घप्रसाद पाण्डे

राज्य सञ्चालन सम्बन्धी मुख्य दूई विचारधारा सञ्चालनमा छन् । यी दुई विचारधारा एक्कासी प्रचलनमा आएका होइनन् । यी विचारधाराको लामो ऐतिहासिक पृष्ठभूमि छ । सभ्यताकै प्रथम चरणदेखि मानिसहरुमा यो विश्वलाई हेर्ने दृष्टिकोणमा फरक–फरक धारणा रहेको पाइन्छ । मानव सभ्यताका पहिला सभ्यताहरु युनान, चिन, मिश्र, सिन्धुघाटी आदिका हुन् । यसै समयदेखि बुर्जुवा, नोकरशाही, उदारवादी विचारधाराहरु र वस्तु प्रतिबिम्ब प्रकृति सम्बन्धी भौतिकवादी विचारधाराहरु विकास भएर आएको पाइन्छ ।

सात सय इसापूर्व युनानी दार्शनिक थेलिज अनाक्सिमेनिज र अनाक्सि मांदरले प्रकृति शास्त्रमा जोड दिंदै संसारको निर्माण स्वयम् प्रकृतिबाट भएको छ, यस्को निर्माण गर्ने अन्य कुनै अलौकिक शक्ति छैन भनेका थिए । अर्का दर्शन शास्त्री हिराक्लितसले इसाको चार पाँच सय वर्ष पहिलै सबै वस्तुहरु चलायमान छन्, अस्तित्वका लागि सङ्घर्ष गरीरहेका हुन्छन् भन्ने द्वन्द्ववादी विचार ल्याएका थिए । त्यस समयसम्म समाज दास मालिकमा विभाजन भइ सकेको थियो । वर्गहरु पनि देखा परेका थिए ।

इसाको चारसय वर्ष पहिल्यै युनानमै अर्को बुर्जुवा विचारकको उदय भएको थियो । उनी थिए प्लेटो, यिनको प्रत्ययवाद विचारले नै आदर्श विश्व निर्माण गर्न सकिन्छ भन्ने थियो । मानिसको जन्म हुनु भन्दा पहिला नै जसको आत्मामा अलौकिक शक्तिले प्रवेश गरेको हुन्छ उसले नै चराचर जगत देखेको हुन्छ । उसको विचारमा नै विश्वको अस्तित्व रहेको हुन्छ भन्ने थियो ।

त्यस्तै चिनमा इसाको छ सय वर्ष पूर्व कन्फ्युसियस मत देखा परेको थियो । कन्फ्युसियसको मत थियो –नैतिक रहनु, नियतिलाई स्विकार्नु, मध्य मार्गमा चल्नु, पितृतन्त्रात्मक राजतन्त्रलाई स्विकार गर्नु । जसरी पिता सदा पिता र पुत्र सदा पुत्र भए जस्तै मालिक सदा मालिक र दास सदा दास रहेमा विश्वको कल्याण र उन्नति हुन्छ ।

त्यस्तै चिनमा इसाको पहिलो शताब्दीमा अर्का भौतिकवादी दार्शनिक वांग चुंग थिए । यिनले भौतिकवादी सिद्धान्तलाई अघि बढाएका थिए साथै आत्माको अस्तित्वलाई अस्विकार गरेका थिए । यता सिन्धुघाटीको सभ्यतामा आर्यहरुमा आएको जटिल अध्यात्मवादी दर्शनमा चार्वाक् (बृहस्पति) हरुले ईश्वरको अस्तित्वलाई नकारेका थिए ।

यही परिवेशमा सामन्तवादी राजतन्त्रात्मक व्यवस्थाहरु सञ्चालनमा आए । हिन्दु धर्मले इसापूर्वदेखि नै ईश्वरीय शक्तिका रुपमा राजालाई मान्दै आएको थियो । पछि स्थापना भएका इसाइ, इस्लाम आदि धर्मले पनि सामन्तवादी राजतन्त्रलाई ईश्वरीय शक्तिका रुपमा माने । विश्वमा एकछत्र (अध्यात्मवादी) विचारहरुले ठाउँ लियो । भौतिकवादी

विचारहरु ओभ्फेलमा परे यसरी हजारौं हजार वर्ष विश्व अन्धकारतिर धकेलिएको थियो ।

लामो कालसम्म समाज विकासको क्रम सुस्त रह्यो । विज्ञानले ढिलो गतिमा विकास गर्दै गयो । भौतिक विज्ञान, रसायन विज्ञान, खगोलशास्त्र आदिमा ढिलै भएपनि वैज्ञानिकहरु देखा पर्दै गए । विज्ञानको विकास पनि भयो । प्रोट्रोन, इलेक्ट्रोन सम्मको विज्ञानमा विकास हुँदासम्म पनि वैज्ञानिकहरु पनि आदर्शवादबाट मुक्त हुन सकेनन् । सामन्तवादबाट बुर्जुवा वर्ग त पैदा भयो । बुर्जुवा क्रान्तिहरुद्वारा तेह्रौ शताब्दीमै बेलायतमा संसदीय व्यवस्था पनि स्थापना भयो तर सर्वसाधारणको जीवनमा परिवर्तनहरु भएनन् र समाज विज्ञानको जडता झन–झन जटिल बन्दै गयो । जर्मनमा हेगलले द्वन्द्ववादलाई विकसित तुल्याए, हेगलको द्वन्द्ववादको आधारमा फायरवाखले भौतिकवादको विकास गरे । समाज विकासका लागि फ्रान्समा क्रान्तिहरु भए । बेलायतमा एडम स्मिथ र डेभिड रिकार्डो जस्ता अर्थशास्त्रीहरुले मूल्य सम्बन्धी एक सिद्धान्तको प्रतिपादन गरे तैपनि सर्वसाधारणको जीवनमा कुनै परिवर्तन आएन ।

मार्क्स एङ्गेल्सले जर्मन दर्शनशास्त्र, बेलायती अर्थशास्त्र र फ्रान्सको समाजवादको अध्ययनबाट यिनीहरुमा रहेको त्रुटीहरु हटाई वैज्ञानिक समाजवादी विचारधारा बनाएका हुन् । इतिहासमा भएका घटना विचारधारा आदिको अध्ययनबाट यस समयसम्म देखापरेका सबै घटनाको व्याख्या विचारधारामा रहेका अवैज्ञानिक धारणाहरु, जस्तो दार्शनिक क्षेत्रमा हेगेल र फायरबाखसम्म भौतिकवादी दर्शनमा रहेका ईश्वरको अस्तित्व सम्बन्धी धारणामा विश्व स्वयम् बनेको हो । यहाँ कुनै पनि अलौकिक शक्तिको अस्तित्व छैन । मूल्य सम्वन्धी सिद्धान्तमा अतिरिक्त मूल्यको सिद्धान्त, काल्पनिक समाजको सिद्धान्तको स्थानमा वैज्ञानिक समाजवादी सिद्धान्तमा विकास गरेर सन् १८४८ मा कम्युनिस्ट घोषणापत्र प्रकाशित गरे । यही नै संसारभरका कम्युनिस्टहरुको मार्गनिर्देशक सिद्धान्त हो । नेपाल कम्युनिस्ट पार्टी मौलिक सिद्धान्तको पार्टी नभएर विश्व सर्वहारा आन्दोलनको एक अभिन्न अंग हो । देशको परिस्थीति अनुसार मार्क्सवादलाई आफ्नो भूमिमा प्रयोग गरी जनवाद, समाजवाद हुँदै साम्यवादमा पुग्ने यसको लक्ष्य हो ।

नेपालको प्राचीन इतिहास मातृसत्तात्मक दास, मालिक, सामन्ती राजतन्त्र, पुँजीवाद साम्राज्य हुँदै विकास भएको पाइँदैन । मानिसको उत्पत्ति दसौं लाख वर्ष पहिला र कृषि जीवन पाँच हजार वर्षदेखि सुरु भएको मानिन्छ । नेपालको काठमाडौं उपत्यकाको प्राचीन इतिहास तथ्यपूर्ण छैन । मुख्य गरेर किराँत, लिच्छवी र मल्लहरुको काल नै ऐतिहासिक काल मानिन्छ । तराइमा मिथिला, कोचिला, शाक्य आदिका उन्नत राज्यहरु भएका पाइन्छन् भने पहाडी क्षेत्रमा साना–साना राज्यहरु पाइन्छन् । यी राज्यहरुमध्ये कुनैमा मातृसत्तात्मक अवशेषहरु थिए । कुनै राज्य प्राकृतिक पूजक नै थिए । जहाँ जहाँ भारततिरबाट आर्यहरु आएर राज्य स्थापना गरेका थिए, तिनीहरुले आर्य संस्कृति ब्राह्मणवादलाई यहाँ भित्राएका थिए । किराँतकाल पछि लिच्छवीहरुले नै काठमाडौं उपत्यकामा आर्य संस्कृतिको विकास गराएका थिए । लिच्छवीकालीन मठ मन्दिर आदिले नै यो स्पष्ट हुन्छ । मल्लकालमा राजा जयश्थिति मल्लले जातीय विभाजन गरेपछि उपत्यका पनि अधोगतितर्फ लागेको पाइन्छ ।

आजभन्दा करिव २५० वर्षभन्दा पहिला पृथ्वीनारायण शाहले नेपाल एकीकरण गरेपछि अन्य सबै जातजातिका रीतिरिवाज, धर्मसंस्कृति, भाषा, सभ्यता समग्र ओभ्फेलमा पर्दछन् । एक राज्य, एक धर्म, एक भाषा, एक भेषको नारामा नेपालमा एकीकृत राज्य सुरु हुन्छ । यही समयदेखि केन्द्रीकृत सामन्ती राज्सत्ता स्थापना भएको पाइन्छ ।

युरोप, अमेरिका र एसियाका कैयौँ देशहरुमा पुँजीवादको विकास भै पुँजीवादले साम्राज्यवादमा

विकास गरी विश्व साम्राज्यवाद कायम गर्न होडबाजी गरीरहेको अवस्थामा नेपाल सामन्तवादी राज्य विस्तारमा अघि बढि रहेको थियो । नेपालको सामन्तवादी राज्य विस्तारको क्रममा भारतमा उपनिवेश कायम गरेर शासन गरीरहेको ब्रिटिस साम्राज्यवादसँग टक्कर लिन पुग्यो । नेपाली वीरहरुले राष्ट्रियताका लागि ठुलो बलिदानी गरे। यस समयसम्म पनि भारतका वरिपरि रहेका नेपाल, भुटान, सिक्किम आदि साना–साना राज्यहरु स्वतन्त्र नै थिए। साम्राज्यवादी ब्रिटिससँग भक्ति थापा, अमरसिंह थापा, वीर बलभद्र कुँवर आदिले आत्मसमर्पण नगरी युद्धमा डटिरहेका थिए। तर दरवारले ब्रिटिस साम्राज्यवादसँग सन् १८१६ मा सुगौली सन्धि गर्‍यो। यसैसमय देखि नेपाल ब्रिटिस साम्राज्यवादको चङ्गुलमा फस्न पुग्यो।

दरवारिया षडयन्त्र, कल झगडा, गुट उपगुटमा भारदारहरु विभाजन हुने र एकले अर्कोलाई खतम गरी आफू सत्तामा जाने रोगका कारण दामोदर पाण्डे, माथवर सिंह थापा आदि मारिए । गगनसिंहको हत्याको छानबिन गर्न डाकिएको सभामा उपस्थित प्राय सबै भारदारको हत्या गरी जङ्गबहादुर राणाले नेपालमा जहानियाँ राणा शासन स्थापना गरे । देश अझ अन्धकार तर्फ धकेलियो।

यो समयमा विश्वमा ठुलो उथल–पुथल भयो। साम्राज्यवादीहरु बिच दुइ ठुला विश्वयुद्धहरु भए। यसै कालमा रुसमा समाजवाद स्थापना भयो। युरोपका कैंयौ देशहरुमा कम्युनिस्ट सत्ता स्थापना भए। प्रथम विश्वयुद्धपछि **लिग अफ नेसन**मा जम्मा ७२ स्वतन्त्र देशले भाग लिएका थिए । नेपालले पनि स्वतन्त्र देशको हैसियतले भाग लिएको थियो। भाग लिन जाने राणा नै भएकाले यसले जनतामा केही प्रभाव पारेन। यसरी करिव सय वर्ष जनप्रतिरोध बिनाको राणशाही सत्ता चल्यो । राणाको विरोधमा गठन भएको प्रजा परिषदले राणाविरोधी केही गतिविधि गरेको थियो। तर यससँग स्पष्ट राजनीतिक कार्यदिशा थिएन। यसमा लागेका धर्मभक्त, दशरथ चन्द, शुक्रराज शास्त्री, गंगालालहरुलाई १९९७ मा प्राणदण्ड दिएपछि यसका गति पनि शुन्य बराबर भए।

दोस्रो विश्वयुद्धपछि भारत स्वतन्त्र भयो। यसै समयमा चिनमा जनवादी क्रान्ति भयो। राणासँगको डरका कारणले वा त्यस समयमा पनि भारतमा गएर शिक्षा ग्रहण गर्न सक्ने आर्थिक हैसियत भएका कारणले केही युवाहरु भारत पुग्न सफल भए। यी मध्ये गंगालालका भाइ पुष्पलाल श्रेष्ठ र कृष्णप्रसाद कोइरालाका छोरा विश्वेश्वर कोइरालाको भूमिका नेपाली राजनीतिमा मुख्य मानिन्छ। भारतमा त्यस समयमा नेहरु सरकार थियो। यसले ब्रिटिस मोडेलकै सत्ता सञ्चालन गरीरहेको थियो । यो बुर्जुवावादी नोकरशाही सत्ताका आदर्श जयप्रकाश नारायण आदि थिए। अर्कोतर्फ भारतमा सन् १९२० मै कम्युनिस्ट पार्टी गठन भएको थियो। यसले तेलाङ्गना आन्दोलन समेत चलाएको थियो। कांग्रेसका सिद्धान्तकार मानिने बी.पी. कोइरालाले जेल जर्नल भन्ने आफ्नो पुस्तकको वि.सं. २०२० साउन २० गतेको दैनिकीमा लेखेअनुसार आफु S.L.C दिएर बम्बै घुम्न गएको यात्राको क्रममा कम्युनिस्ट नेता डाँगेसँग भेट भएको उनीसँग कुरा हुँदाहुँदै एकैरातमा आफूमा भएको अध्यात्मवादको कालो पर्दा हटाई भौतिकवादी उज्यालो देखाइदिएको, उनैद्वारा आफू अध्यात्मवादको बन्धनबाट मुक्त भै भौतिकवादी बनेको र उनैको निर्देशनमा कलेजमा कम्युनिस्ट सेलमा काम गरेको बताएका छन्। तर उनै बी.पी. कोइरालाले समाजवादी नेता जयप्रकाश नारायणलाई भेटेपछि उनीसँगको भेटवार्ताले आफू समाजवादी भएको बताएका छन्। वर्गीय चरित्र मिलेपछि विचार दर्शन पनि मिल्दो रहेछ भन्ने कुरा यसबाट पनि पुष्टि हुन्छ।

राणाशाहीका विरुद्ध नीति कार्यक्रमसहितको राजनीतिक पार्टीको रुपमा २००३ साल कार्तिक १५ गते भारतको कलकत्तामा अखिल नेपाल राष्ट्रिय कांग्रेसको

स्थापना भयो । यसमा समाजवादी मानिने कोइराला ग्रुप र प्रजातन्त्रवादी मानिने डिल्लिरमण रेग्मी गरी दुई गुट थिए। पुष्पलाल पनि यही राष्ट्रिय कांग्रेसको रेग्मी ग्रुपमा थिए । केही समयपछि बी.पी.गुटले भारतीय समाजवादी दलको निर्देशनमा संवैधानिक राजतन्त्र बहुदलीय प्रजातन्त्रका नाममा नेपाली कांग्रेस गठन गरे । जसमा सी क्लासका सुवर्णशमसेर लगायत राणाहरु,दलाल पुँजीपतिहरु, जमिन्दारहरु, गाउँका मुखिया जिम्वालहरु आदि आइपुगे । पुष्पलाल जो नेपाली राष्ट्रिय कांग्रेसका कार्यालय सचिव थिए दुवै गुटपट्टि नलागेर आफूलाई यसबाट अलग पारे।

यस समयसम्म एसियाका भारत, जापान,कोरिया,मङ्गोलिया,चिन,भियतनाम ,फिलिपिन्स,मलेसिया,सिलोन, कम्बोडिया आदिमा कम्युनिस्ट पार्टी गठन भइसकेका र भारतमा समेत तेलाङ्गना आन्दोलन चलिरहेको अध्ययन पुष्पलालले गरे । उनले संसारभरका आफूलाई सभ्य मान्ने बुर्जुवा उदारवादीहरुले मार्क्सवादलाई एक अहितकर सम्प्रदायका रुपमा किन हेर्दछन् भन्ने कुरा थाहा पाए । किनकि समस्त नोकरशाही उदारवादी दर्शनले हर प्रकारको शोषणको रक्षा गरेको हुने र मार्क्सवादी कम्युनिस्ट दर्शनले यस प्रथाको विरुद्ध कठोर सङ्घर्ष गरेको हुँदो रहेछ । मार्क्सवादले कुनैपनि अन्धविश्वास कुनैपनि प्रतिक्रियावाद तथा कुनै पनि पुँजीवादी उत्पीडनको घोर विरोध गरेको हुँदो रहेछ। यसैकारण उनको अथक प्रयासले २००६ सालमा नेपाल कम्युनिस्ट पार्टी गठन भएको थियो। पार्टी गठन गर्दा पुष्पलाल श्रेष्ठ, नरबहादुर कर्माचार्य, नारायण विलास जोशी र निरञ्जन गोविन्द वैद्य चारै जना नेवार समुदायका थिए । यसरी एकै दशकमा दुई भिन्न भिन्न नीति कार्यक्रम भएका पार्टी नेपालमा स्थापना भए।

पार्टी स्थापना भएको छोटै समयमा नेपाल कम्युनिस्ट पार्टी पनि अस्तित्वमा आयो । २००७ सालको क्रान्तिमा काग्रेससँग संयुक्त भएर भाग लिन चाहन्थ्यो तर कांग्रेसले मन्जुर गरेन । कांग्रेसका नेता सूर्यप्रसादले एक पत्रकारलाई बताएअनुसार कांग्रेसको नीति कम्युनिस्टलाई नेपालमा स्थापित हुनै नदिने हो, उनीहरुसँग सहकार्य गर्ने प्रश्नै हुँदैन भनेका थिए । नेपाली कांग्रेसले स्थापना कालदेखि हालसम्म कुनै कालखण्डमा पनि पूर्ण राजनीतिक परिवर्तनको नारा ल्याएको छैन । यसको राजनीति भनेको राजासित सत्ता साझेदारी हो। २००७ को क्रान्तिमा पनि राणासँग सम्झौता गर्ने नीति भएकाले क्रान्तिले पूर्ण रुप लिन सकेन। सुरुदेखि भारतीय विस्तारवादको चङ्गुलमा यो पार्टी फसेकाले यो अति प्रतिक्रियावादी पार्टी हो। भारतीय विस्तारवादको आडमा विश्वभर चलेका बुर्जुवा प्रजातन्त्र स्थापना गरी शोषण उत्पीडन यथावत् रुपमा गर्न चाहन्छ । भारतीय विस्तारवादले तय गरिदिएको संवैधानिक राजतन्त्र बहुदलीय प्रजातन्त्रको दुइ खुट्टे नीति नै यसको राजनीतिक कार्यक्रम हो । त्यसैले देशीय सामन्तवाद र भारतीय विस्तारवादको नेपाली एजेन्टको काम यसले गरीरहेको थियो। आफ्नै पार्टीका क्रान्तिकारी रामप्रसाद राई, के.बी. गुरुङ्ग, डा. के. आई. सिंहलाई सुरुमै भारतीय सेना प्रयोग गरी गिरफ्तार गरेको थियो । डा.के.आई.सिंह सँग जोडेर २००८ साल मै नेपाल कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध लगाएको थियो। भारतलाई खुसी पार्न इ.१९४५ कोसी सम्झौता गरेको थियो। त्यसपछि १९४९ मा गण्डक सम्झौता गरेको थियो। नेपालको संसदमा भारतीय प्रतिनिधि राख्ने काम गरेको थियो। नेपालको उत्तरी सिमानामा भारतीय सेना राखेको थियो । संयुक्त राष्ट्रसंघमा भारतको सदस्यता भएपछि नेपाललाई सदस्यता आवश्यक छैन भन्ने अभिव्यक्ति दिएको थियो। भारतीय विस्तारवादले आफ्नो उत्तरी सिमाना हिमाल बताइरहँदा यसले कतै विरोधसम्म गरेन । नेपाललाई भारतको एक इकाईका रुपमा स्विकार गर्न तयार थियो । राजाले प्रजातान्त्रिक अधिकारहरु अपहरण गर्दैगर्दा नेपाल कम्युनिस्ट पार्टीले संयुक्त

जातीय मोर्चा गठन गर्न गरेको प्रस्ताव ठाडै अस्विकार गरेको थियो।

२०१७ सालमा राजाले कू गर्दा जनबलको आधारमा सयुक्त मोर्चा गर्नुको सट्टा भारतको भरमा वि.सं.२०१८ सालमा शसस्त्र क्रान्ति गरेको थियो। जन आधार बिनाको क्रान्तिले राजालाई केही गर्न सकेन। विघटित संसदको पुनः स्थापनाका लागि पुष्पलालले गरेको संयुक्त आन्दोलनको कार्यनीतिलाई सोभै अस्विकार गर्दै पुनः वि.सं.२०२७ सालमा वि.सं.२०१८ सालकै रबैया अपनाएको थियो । वि.सं.२०२८ सालमा झापालीहरुले जनवादी गणतन्त्रको नारा सहित सशस्त्र विद्रोह सुरु गरेपछि राजासँग मेलमिलापको नीति अवलम्बन गर्दै राजासँग मिल्न आइपुगेको थियो। पञ्चायती कालमा पनि विद्यार्थी नेता मित्रमणिहरुको हत्यामा संलग्न थियो। २०४७ सालको जनआन्दोलनमा कम्युनिस्टसँग सयुक्त मोर्चा गर्न मानेको थिएन बरु चन्द्रशेखरलाई अतिथि देखाई राजालाई झुकाउन सकिन्छ भन्ने थियो।

२०४६ सालपछि उदारीकरणको नाममा नेपालका केही सीमित मात्रामा भएका राष्ट्रिय उद्योग कलकारखानालाई निजीकरणकका नाममा कौडीका मूल्यमा दलाल पुँजीपतिलाई दिएको थियो। शिक्षा स्वास्थ्य हरेक क्षेत्रमा निजीकरण गरेको थियो। सन् १९९६ मा महाकाली सन्धि गरेर अर्को राष्ट्रघात गरेको थियो।

नेपाल कम्युनिस्ट पार्टीले राजा र कांग्रेसका यी राष्ट्रघाती कार्यप्रति सधै आन्दोलन गर्दै जनतन्त्र र जनजीविकाका सवाललाई उठाइ रह्यो। सर्वप्रथम दिल्ली सम्झौता धोका हो भन्ने पार्टी कम्युनिस्ट हो। वर्गसङ्घर्ष चलाउँदै रौतहट,मर्चवार नेपालगंजमा किसान विद्रोह गर्दै आएको पार्टी भारतीय सेनाद्वारा क. भीमदत्त पन्तको हत्यापछि सशक्त विद्रोह गर्न सकेन। तैपनि नेपाली राष्ट्रियताका लागि संधै कम्युनिस्ट पार्टी कांग्रेस र राजालाई खवरदारी गर्दै आएको इतिहास छ । यिनै राजा र कांग्रेसले गरेका जनघात र जनविरोधी क्रियाकलापबाट जनतालाई मुक्त पार्नु नै नेपाल कम्युनिस्ट पार्टीको दायित्व हो र छ।

विभिन्न चिरामा लडखराइ रहेको कम्युनिस्ट आन्दोलनलाई २०२८ सालमा केन्द्रीय न्युक्लस नाममा गठन भएको एक घटक टुटफुट एकता आदि गर्दै यो मसाल, चौ.म.मसाल एकता केन्द्र हुँदै माओवादीमा पुगेको थियो। यसपार्टीले नेपालको वर्ग विश्लेषण गरी नेपाली जनताको वर्गदुस्मन किटान गरेको थियो। भारतीय विस्तारवादबाट पालित पोषित घरेलु प्रतिक्रियावाद र नेपाली जनताका बिचको अन्तरविरोध प्रधान अन्तरविरोध हो । भारतीय विस्तारवाद र घरेलु प्रतिक्रियावादले नेपाली जनतामा उत्पीडन गरेको छ। यी उत्पीडनहरु राजनीतिक रुपमा, जातीय रुपमा, क्षेत्रीय रुपमा, लिङ्गीय रुपमा र मुख्य गरेर आर्थिक रुपमा छन्। यी सबै उत्पीडनहरुलाई ४० सूत्रमा उल्लेख गरी सरकारलाई ज्ञापनपत्र दिंदै २०५२ साल फागुन १ गतेदेखि नेपालमा महान् जनयुद्ध सुरु भएको थियो । यस समयसम्म पनि नेपाली कांग्रेसले भारतसँग गरेका सन्धि सम्झौतामा कुनै पनि कम्युनिस्ट घटकको संलग्नता थिएन। सर्वप्रथम सत्ता लालसामा फसेर जुन टनकपुर सम्झौता गिरिजाले गरेका थिए। यसलाई टनकपुर, महाकाली पञ्चेश्वर एकीकृत विकासको नाममा शेरबहादुर देउवाको पाला सन् १९९६ मा मध्यरातमा संसदमा पास गराउने काम माधव नेपालले गरे । यस समयसम्म पनि ने.क.पा. एमालेमा नयाँ जनवादको नारा वामदेव लगायत केही नेताले दिइरहेका थिए। पार्टी फोरी माले बनेका वामदेव फेरि एमालेमा फर्केपछि भारतलाई हेर्ने दृष्टिकोण काग्रेस एमालेको एउटै बन्यो। त्यसैले माओवादी जनयुद्धलाई हेर्ने दृष्टिकोण पनि एउटै भयो। महान जनयुद्धको दस वर्षसम्म राजा, कांग्रेस र अन्य सबै कम्युनिस्टहरु एकातर्फ र माओवादी एकातर्फ गरी दुई भागमा विभाजित भए।

जनयुद्धको दसवर्षसम्म नेपाली कांग्रेस लगायत अन्य सबै राजनीतिक दलहरुले माओवादी पार्टी जनतालाई नेपाली सम्म पनि देखेनन्। **रोमियो अप्रेसन, किलो सेरा टु अप्रेसन सर्च एण्ड डिस्ट्रोए अप्रेसन** आदि सैन्य अप्रेसनहरु चलाए। कांग्रेसी भिजलान्तेका निर्देशनमा हजारौं हजार क्रान्तिकारीहरुको हत्या भयो। क्रान्तिकारी माओवादीको हत्यामा समवेदना समेत कुनै पार्टी भनिनेहरुले देखाएनन्। भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादको प्रत्यक्ष संलग्नता देखियो। भारत, अमेरिकाबाटप्रति आतङ्कवादको बारेमा तालिम दिन सैनिकहरु आए। नेपाली कांग्रेसले युद्धकालभर माओवादीलाई सखाप पार्न कुनै कसर बाँकी राखेन। नेताका टाउकाको मूल्य तोकी जनतालाई आर्थिक प्रलोभनमा पारी २०१० सालको भीमदत्त पन्त काण्ड गर्न पनि पछि परेन। माओवादी पार्टीले योजनाबद्ध तरिकाले रक्षात्मक चरण, शक्ति सन्तुलन चरण र प्रत्याक्रमण गरी तिन चरणबाट क्रान्ति पुरा गर्ने नीति बनाएको थियो। पहिलो चरणमा माओवादीको काम समाजमा रहेका अन्धविश्वास, जुवातास रक्सी, स्थानिय सुदखोर, जालीफटाहा आदिको विरोधमा केन्द्रित थियो। दोस्रो चरणमा शक्ति सन्तुलनमा जनसत्ता, सामूहिक कृषि आदि थिए। यसैकालमा सरकारसँग वार्ताहरु पनि भए।

माओवादीले जनताका सम्पूर्ण मागलाई उजागर गरेको थियो। नेपाली समाज पनि दुई भागमा विभाजित गर्न माओवादी सफल रह्यो। जनता सदा परिवर्तन चाहन्छन् तर आफैं आफ्नो नेतृत्व गर्न असमर्थ हुन्छन् र जब कुनै राजनीतिक पार्टीले आफ्ना एजेन्डा लिएर आउँदछन् त्यसैमा गोलबद्ध हुन्छन् भन्ने कुराको प्रमाण यस जनयुद्धमा देखियो। जातीय रुपमा पछि पारिएकाहरु, गरिब सुकुम्बासीहरु, हली, गोठाला, कमैया लगायत क्षेत्रीय रुपमा पछि पारिएका सबका–सब माओवादीमा गोलबद्ध भए। कालीकोटका ग्रामीण महिलाले सैनिकका हतियार खोसेर पार्टीलाई बुझाउनु, महिला बन्दीहरुले जेलब्रेक गर्नु, आदि क्रान्तिका सौन्दर्य थिए।

हजारौं हजारको बलिदानी हुँदासम्म पनि जनता अघि बढि रहेका थिए। सङ्कटकाल घोषणा गरी पुरा माओवादीलाई खतम गर्न अघि बढेका देशिय सामन्तवाद भारतीय दलाल प्रतिक्रियावादका विरुद्ध जनता गोलबन्द नै थिए। माओवादीसँग तिसौं हजार जनसेना थिए। ८० प्रतिशत देशको भूगोल थियो। जनसत्ता थियो। जनताले क्रान्तिलाई प्रत्याक्रमणमा पुऱ्याएका थिए। प्रतीक्रियावादी सत्तामा खैलाबैला चलेको थियो। राजा वीरेन्द्रको वंश नाश भएको थियो। माओवादीलाई सखाप पार्न अघि बढेको संसदीय शक्तिलाई नयाँ राजाले पाखा पारिदिएका थिए। अब क्रान्ति सिधै सामन्तवादसँग केन्द्रित भएको थियो। नेपालका संसदीय व्यवस्थाका आफूलाई मसिहा मान्ने पार्टीहरुले ५०/६० जनासम्म जनता प्रदर्शनमा ल्याउन सकेका थिएनन्। यस अवस्थामा गणतन्त्रका लागि संसदीय पार्टीलाई सहभागी बनाउनु ठिकै हुन्थ्यो। यहाँसम्म ठिकै थियो। जब संसदको पुनः स्थापना भयो संसदीय पार्टीहरु गणतन्त्रमा जान चाहेनन्। संसदको पुनः स्थापनापछिको पहिलो बैठकमा लिङ्गभेद गर्न हुँदैन राजाको यदि छोरी छोराभन्दा जेठी छ भने उसैलाई राजा बनाउनु पर्दछ भन्ने प्रस्ताव पास गरेको सर्वविदितै छ। आजको गणतन्त्र, धर्मनिरपेक्षता, समानुपातिक, समावेशीआदि केही महत्वपूर्ण उपलब्धिहरु जे छन् यी माओवादी जनयुद्धको बलमा स्थापित भएका हुन्।

२०६४ सालसम्म माओवादी शक्ति नै नेपालको मूल राजनीतिक शक्ति बन्न सफल रह्यो। तिस हजार जनसेना सरकारी तलवमा राख्नु, संसदीय पार्टीहरुलाई आफनो काबुमा ल्याई गणतन्त्र घोषणा गर्नु, संविधान सभाको चुनावमा (बहुमत) सबभन्दा ठुलो पार्टी बन्नु, आफ्ना छुट्टै सेना राखेर सरकारको नेतृत्व गर्नु यो विश्व इतिहासको पहिलो नमुना थियो। देशभर हजारौं

कार्यकर्ता वाइ.सि.एल खटिरहेका थिए । नेपालमा जनगणतन्त्रको स्थापना आफ्नै मोडेलमा बन्नसक्ने सम्भावनाहरु देखापरेका थिए।

जसरी विश्व कम्युनिस्ट आन्दोलनमा ब्रेजनेभ, गोर्बाचोभ, लिन पियाओ, चाउ चेस्कुहरु देखापरेका थिए। नेपाली कम्युनिस्ट आन्दोलनभित्र पनि यिनीहरुको विकास भएको रहेछ। पहिला नै देखापरेको आलोक प्रवृत्तिले पार्टी नेतृत्व कब्जा गरिसकेको रहेछ। पार्टीभित्रका तिनधार बुर्जुवावादी धार, मध्यपन्थी धार र क्रान्तिकारीमा क्रान्तिकारीको बहुमत हुँदाहुँदै क्रान्तिकारीले नेतृत्व लिन कोसिस सम्म गरेनन् । सँधैभरि मध्यपन्थी धार हावी भइरह्यो। अझ पछिल्लो चरणमा विद्रोह गर्ने भन्दै क्रान्तिका विरोधी पार्टी र व्यक्तिहरुलाई पार्टीमा भर्ना गरियो । विद्रोह गर्ने भन्दै लाखौं जनतालाई सडकमा पनि उतारियो तर विद्रोहको स्वरुप उत्सवको रुपमा भन्दै नेताहरु रेखा थापासँग नाच्न पुगे। उत्सवले विद्रोह हुने कुरै थिएन र यहीँबाट सर्वसाधारण जनताको विश्वास माओवादी पार्टीप्रति हरायो। पार्टीमा असैद्धान्तिक क्रियाकलापहरु अघि बढे। धोबीघाट कान्डले माओवादी थला पर्‍यो । महाकाली सन्धिबाट भारतको कित्तामा गएको एमालेलाई पनि मात गर्दै १९११ मा तत्कालीन प्रधानमन्त्री बाबुरामले भारतसँग बिप्पा सम्झौता गरे । जनमुक्ति सेनाका विरुद्ध नेपाली सेना लगाएर लज्जास्पद रुपमा विघटन गरे। पार्टीको मध्यपन्थी धार र बुर्जुवा धारको बलियो कित्ता बन्यो । क्रान्तिकारी धारले क्रान्तिको रक्षाका लागि भन्दै ठुलो शक्ति लिएर छुट्टै पार्टी गठन गर्न पुग्यो । यसै समयमा ०६२/०६३ को आन्दोलनपछि पनि तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले भारतसँग पश्चिम सेती, माथिल्लो कर्णाली, अरुण तेस्रो आदि थप राष्ट्रघाती सन्धिहरु गर्दै गएका थिए । सन् १९१२ मा ऊर्जामन्त्रीका रुपमा भारत गएका पोष्टबहादुर बोगटीले पहिलेलेखि हालसम्म नेपाल–भारतबिच भएका सबै सन्धि सम्झौता जुन कार्यान्वयन हुन बाँकी छन् सबै कार्यन्वयन गर्ने भनी सन् १८१६ को सुगौली सन्धिदेखि सन् १९१२ सम्म करिब सय वर्षका सबै असमान सन्धि सम्झौतालाई अनुमोदन गर्दै सही छाप लगाएर आए । अब माओवादीको मध्यपन्थी धार र बुर्जुवा धार सत्ता र सरकारका लागि भारतसँग लम्पसार भयो।

बहुमत मध्ये तथा बुर्जुवा धारको हेटौंडा महाधिवेशनले नौलो जनवादी क्रान्ति पुरा भएको अब समाजवादी क्रान्ति गर्ने प्रस्ताव पास गर्‍यो । यसै धारले नै कर्मचारीको नेतृत्वमा दोस्रो संविधान सभाको चुनाव गर्ने प्रस्ताव गर्‍यो । दोस्रो संविधान सभाको चुनाव प्रतिक्रियावादी छ भन्दै ने.क.पा.–माओवादीले बहिष्कार गर्‍यो । बहुमत आफुलाई मातृ पार्टी भन्ने तत्कालिन एमाओवादीले पनि सन्तोषजनक परिणाम ल्याउन सकेन। अब पुरै नव संशोधनमा पतन भएको ने.क.पा.(एमाओवादी) पनि एक रहिरहन सकेन । नयाँ शक्तिका नाममा बुर्जुवा शक्तिले छुट्टै पार्टी बनाए । ने.क.पा.–माओवादी पनि चुनावपछि एकै रहन सकेन । नेत्र विक्रम चन्द नेतृत्वमा छिट्टै क्रान्ति गर्ने भन्दै ठुलो महत्वाकांक्षाका साथ अर्को पार्टी ने.क.पा. गठन गर्न पुगे । यसरी क्रान्तिको संघारमा पुगेको माओवादी आन्दोलनलाई विभिन्न रुप लिएका नेतृत्वहरुले छिन्न–भिन्न पारे । माओवादी आन्दोलन एक देशको कथाका रुपमा पुर्‍याए। मुख्य नेतृत्वमा रहेका प्रचण्डलाई लाल गद्दार भन्ने रामवहादुर थापा लगायत क्रान्तिका लागि क्रान्तिकारी माओवादी आन्दोलन पुर्नगठन गर्ने भन्दै एमाओवादीमा फर्किए र पार्टीको नाम ने.क.पा.(माओवादी केन्द्र) बनाइ आफ्नो अस्तित्व स्थापित भएको आत्मरति गर्न पुगे। अब ने.क.पा. (माओवादी केन्द्र) कम्युनिस्ट नभएर आम जनताको पार्टी भएको उनीहरुले नै घोषणा गरीरहेका छन्।

यसै कालमा प्रचण्ड दोस्रोपटक प्रधानमन्त्री पनि बने। उनले भारतमा गएर २५ बुँदे सहमति पत्र गरी भारतप्रति आदर सद्भाव पनि प्रकट गरे । नेपालमा भारतीय एअर मार्सल राख्न पनि राजी भए, तैपनि

भारतले उनको थमौती गरेन। पूर्व सहमति थियो भन्दै हाल प्रधानमन्त्री नामको पद शेरबहादुर देउवालाई बुझाएका छन्।

हालको माओवादी केन्द्र आलोक प्रवृत्ति चाउ चेस्कु प्रवृत्तिमा परिणत भएको छ । हालै सम्पन्न स्थानीय निर्वाचनमा आफ्नो अस्तित्व रक्षाका लागि वर्ग दुस्मनको पार्टी नेपाली कांग्रेससँग यसले चुनावी तालमेल गरेर चुनावमा गयो। नयाँ शक्ति नामको बुर्जुवा पार्टीले समाजवादी लोकतान्त्रिक पार्टीसँग उसैको चुनाव चिन्ह लिएर निर्वाचनमा भाग लिए। माओवादी क्रान्तिकारीले देशभक्त जनतान्त्रिक मोर्चाका नाममा स्वतन्त्र रुपमा भाग लियो । उता ने.क.पा.(विप्लव) माओवादीले बहिष्कार भनेता पनि प्रभाव देखाउन सकेन । पञ्चायत कालदेखि वर्चस्व रहेको रोल्पामा समेत वर्चस्व खतम भयो । अन्य घटकको त कुरै छाडौं । ने.क.पा.(माओवादी केन्द्र) जसले जित्नका लागि नै लोकलाजसम्म नमानी माओवादी पार्टी र जनताको हत्यारासँग पनि चुनावी –तालमेल गर्दा पनि करिब ६०० पदमा सय पनि जित्न सकेन। महान् जनयुद्धका क्रममा हजारौंहजार सहिद भए । हजारौं बेपत्ता छन्। कैयौं घाइते छन्। सहिद, बेपत्ता परिवार, घाइते अपाङ्ग लगायतको ठुलो जनसंख्या माओवादी आन्दोलनप्रति प्रतिबद्ध नै छन्। जनताको ठुलो हिस्सा निराश भएर पनि माओवादीप्रति अझै आशावादी नै छन्। जनताको चाहना माओवादी एक हुन् भन्ने छ।

जनताको चाहना पवित्र छ तर माओवादी घटकहरुको चाहना समान छैनन्। महान जनयुद्धका क्रममा हजारौं हजार सहिद भए । हजारौ बेपत्ता छन्। कैयौं घाइते छन्। सहिद परिवार, बेपत्ता परिवार, घाइते अपाङ्ग लगायतका जनसंख्या माओवादी आन्दोलनप्रति अझै प्रतिबद्ध नै छन्। जनताको ठुलो हिस्सा निरास भएर पनि माओवादी प्रति अझै आसावादी नै छन्। जनताको चाहना माओवादी एक हुन् भन्ने छ। त्यसैले अब माओवादी–माओवादी पार्टीबिच एकता गरेर होइन, माओवादी नीति कार्यक्रम र माओवादी आन्दोलनलाई अघि बढाउन माओवादी आन्दोलनको पुर्नगठन गर्न आवश्यक छ। अतः वर्गदुस्मनसितको मित्रताद्वारा होइन, माओवादी आन्दोलनको ध्रुवीकरण आजको आवश्यकता बन्न गएको छ।

वैचारिक

# सर्वहारा वर्गको अग्रदस्ता



हुकुमबहादुर सिंह

नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) को २०७४ साउन २५ देखि २९ गतेसम्म बसेको केन्द्रीय समितिको बैठकले पार्टीको राष्ट्रिय सम्मेलनका लागि पारित विधानमा भनिएको छ–" नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) सर्वहारावर्गको राजनीतिक पार्टी हो, सर्वहारावर्गका अग्रदस्ता हो ।" त्यसैगरी चीनिया‘ कम्युनिस्ट पार्टीको दसौं महाधिवेशनको विधानमा भनिएको छ– "कम्युनिस्ट पार्टी सर्वहारावर्गको राजनीतिक पार्टी, सर्वहारावर्गका अग्रदस्ता हो ।" नेपाल कम्युनिस्ट पार्टी–माओवादीको सातौं महाधिवेशन (२०६९) मा प्रस्तुत विधानको प्रस्तावनामा भनिएको छ –"नेकपा–माओवादी नेपाली सर्वहारा वर्गको प्रतिनिधित्व गर्ने संगठित अग्रदस्ता हो ।"

कम्युनिस्ट पार्टीको विधानमा लेखिने यी वाक्यले पार्टीको चरित्रलाई ठिक तरिकाले अभिव्यक्त गर्दछन्। यो सर्वहारा वर्गसँग जोडिएको हुन्छ र यसैले पार्टी र वर्गलाई अलग गर्दछ। जुन कुराले हाम्रो पार्टीलाई सर्वहारा वर्गसँग जोडछ, त्यसैले यसको वर्ग चरित्रलाई स्थापित गर्दछ। सर्वहारावर्गले पार्टीको वर्ग आधारलाई निर्माण गर्दछ। सर्वहारा वर्गबाट पार्टीलाई अलग गर्ने कुराले नै यसको उन्नत चरित्रलाई स्थापित गर्दछ। यो सर्वहारा वर्गको अग्रदस्ता हो। जबसम्म वर्गहरु र राजनीतिक पार्टीहरु रहन्छन् त्यति बेलासम्म सर्वहारा वर्गको अग्रदस्ता र अन्य संगठनहरु, पार्टी सदस्यहरु तथा अलग पार्टी सदस्य नभएकाहरुका बिचको अन्तर हराउँदैन । यो भिन्नतालाई अस्विकार गर्नु भनेको पार्टी संगठनको उन्नत चरित्रलाई न्यूनीकरण गर्नु हो र पार्टी सदस्यहरुको उदाहरणीय अगुवा भूमिकालाई न्यूनीकरण गर्नु हो।

मार्क्सवादले राजनीतिक पार्टी भनेको वर्गसंघर्षको उपज हो र साथै यसको साधन हो भन्दछ। वर्गीय समाजमा यदि कुनै वर्गले विरोधी वर्गका विरुद्ध आफ्नो शक्तिलाई संगठित र परिचालित गर्न चाहन्छ र त्यो प्रक्रियाबाट सत्ता लिन, त्यो सत्तालाई सुदृढ गर्न, सिङ्गो समाजमाथि आफ्नो हैकमलाई स्थापित गर्न र त्यसको रक्षा गर्न चाहन्छ भने त्यसले आफ्नो स्वार्थको प्रतिनिधित्व गर्ने र चाहनालाई एकत्रित गर्ने संगठन र नेतृत्वका रुपमा एउटा राजनीतिक पार्टी बनाउनै पर्दछ। जस्तो लेनिनले भन्नु भएको थियो, "... राजनीतिक पार्टीहरुले वर्गहरुको नेतृत्व गर्छन् ... ।" राजनीतिक पार्टी भनेको वर्गको नाभीकेन्द्र हो र वर्ग राजनीतिक पार्टीको आधार हो । प्रत्येक राजनीतिक पार्टीको अनिवार्यतः स्पष्ट परिभाषित भएको वर्ग चरित्र हुन्छ। संसारमा कहीं पनि वर्ग भन्दा माथि राजनीतिक पार्टी बनेको छैन, न त कहीं निश्चित वर्गको स्वार्थको प्रतिनिधित्व नगर्ने "संपूर्ण जनताको पार्टी"को अस्तित्व नै रहेको छ।

कम्युनिस्ट पार्टी सर्वहारावादी पार्टी हो किनभने यो सर्वहारा वर्गका विशेषता तथा गुणहरुको घनीभूत अभिव्यक्ति हो। मानव जातिको इतिहासमा सर्वहारावर्ग

महानतम वर्ग हो, यो विचार, राजनीति तथा सामर्थ्यका हिसाबले सबैभन्दा प्रभावशाली क्रान्तिकारी वर्ग हो, यो सबैभन्दा उन्नत आर्थिक पद्धतिसँग जोडिएको नयाँ उत्पादक शक्तिहरुको प्रतिनिधि हो । पुरानो समाजमा त्यो नै सर्वहारा वर्ग थियो जुन डरलाग्दो उत्पीडन र निर्मम शोषणबाट पीडित थियो, यससँग केही पनि हुन्थेन, उत्पादनका साधनबाट वञ्चित थियो र जीवन निर्वाहका लागि यो संपूर्ण रुपमा आफ्नो श्रम क्षमताको बिक्रीमा भर पर्दथ्यो । यसले ग्रहण गरेको आर्थिक तथा राजनीतिक अवस्थाको परिणाम स्वरुप सर्वहारा वर्गमा शोषक वर्गप्रति अधिक घृणा थियो र व्यक्तिको सट्टा समूहप्रति विस्तृत दृष्टिकोण र अधिक चिन्ता थियो। क्रान्तिमा सर्वहारा सबभन्दा क्रान्तिकारी थियो, यसमा अनुशासन र संगठनको अत्यन्त कडा बोध हुन्थ्यो ।

नेपाली सर्वहारा वस्तुतः तिन प्रकारको उत्पीडनमा परेको छ – प्रत्यक्ष रुपमा लामो कालसम्मको राजतन्त्र र सामन्तवादको उत्पीडन। राजतन्त्र र सामन्तवादको उत्पीडनसित जोडिएर आएको विश्व साम्राज्यवादी खासगरी बेलायती साम्राज्यवादी उत्पीडन, जसको नेपालमाथिको आड र भरोसा मूलतः भारतीय दलाल तथा एकाधिकारवादी पुँजीले गर्ने उत्पीडन नै हो । नेपालमा गणतन्त्रपछि जमिनमाथिको सामन्ती उत्पीडन यथावत रहेता पनि राजनीतिक उत्पीडन अब नेपालका राजनीतिक दलहरुमार्फत् विश्व साम्राज्यवादी खासगरी भारतीय दलाल तथा एकाधिकारवादी पुँजीसित जोडिएको उत्पीडन अझ झन प्रभावी बन्दै गएको छ । यद्यपि नेपाली सर्वहारावर्गमाथिको उत्पीडन त्यस्तो निर्मम र भयावह प्रकारको उत्पीडन त होइनन् जो विश्वका थोरै ठाउँहरुमा हामीले पढेका र सुनेका छौं । यसै कारणले त नेपाली सर्वहारा वर्ग विश्वका अन्य देशभित्रका अरु सर्वहारावर्गहरु भन्दा निकै दृढ र सुसंगत देखिंदैन् । यो सही हो नेपाली सर्वहारा वर्गको ठुलो हिस्सा भूमिहीन तथा सुकुम्बासी र दलितवर्ग जो अभावयुक्त किसान वर्गबाट आएका कारण किसान र दलित समुदायसँग यसको सहज सम्बन्ध छ र यसले सर्वहारा र किसान तथा दलितलाई एकताबद्ध गर्न सजिलो बनाएको छ। तर के सही हो भने नेपाली सर्वहारा वर्ग (मजदुर, किसान, भूमिहीन तथा सुकुम्वासी र दलितवर्ग ) क्रान्तिकारी सङ्घर्षका क्रममा सबैभन्दा क्रान्तिकारी र साहसी सावित देखिएको छ। कुनै खतरा र बलिदानबाट नभागिकन यो क्रान्तिकारी सङ्ंघर्षको अग्रमोर्चामा रही रहेको र यसरी नेपाली क्रान्तिको अपराजेय नेतृत्वदायी शक्ति बन्न गएको छ।

नेपाल कम्युनिस्ट पार्टीले यही सबै भन्दा दृढ, सबैभन्दा प्रगतिशील र सबैभन्दा क्रान्तिकारी वर्गमा आफ्नो वर्गीय आधार लामो समयसम्म खडा गर्न त्यति सफल देखिएको भने छैन । यस्को मूलकारण पार्टीले सर्वहारा वर्गका विशेषता र गुणहरुलाई स्वयम ग्रहण गर्न सकेको देखिंदैन । तर नेपाल कम्युनिस्ट पार्टी सर्वहारा वर्गको राजनीतिक पार्टी यसकारणले पनि हो कि यो नेपाली क्रान्तिकारी आन्दोलनमा मार्क्सवाद–लेनिनवाद–माओवाद मूलतः माओवादको प्रयोगको उपज हो । यसको जन्मदेखि नै नेपाली सर्वहारा वर्गले आफ्ना उत्पीडक र शोषकहरुका विरुद्ध प्रतिरोध संङ्घर्ष कहिल्यै रोकेको छैन।

नेपालका विद्यमान कम्युनिस्ट पार्टी, जसले मार्क्सवाद–लेनिनवाद–माओवादलाई क्रान्तिको पथप्रदर्शक सिद्धान्त मान्दै आएका छन्, आफ्नो पार्टी सर्वहारा वर्गको पार्टी हो भन्ने गर्दछन्। यसको अर्थ यो होइन कि ती पार्टीहरुमा सर्वहारा वर्गको ठुलो हिस्सा रहन्छ। तर सही के हो भने पार्टीमा सर्वहारा वर्गको एउटा हिस्सा मात्र रहन्छ, यसको निकै दृढ र निकै लडाकु हिस्सा जसलाई हामी सर्वहारा वर्गको अग्रदस्ता भन्दछौ । माओले स्पष्टसँग व्याख्या गर्नुभएको छ,

**"पार्टी संगठन सर्वहारा वर्गको सबैभन्दा अग्रगामी तत्वहरुबाट निर्माण भएको हुनु पर्दछ, यो वर्ग दुस्मनका विरुद्धको लडाइमा सर्वहारा वर्ग र क्रान्तिकारी जनसमुदायलाई नेतृत्व गर्न सक्षम जुझारु अगुवा संगठन हुनु पर्दछ।"**

माओका उल्लेखित भनाइहरुबाट के निष्कर्ष निकाल्न सकिन्छ भने पार्टी सर्वहारा वर्गको अग्रदस्ता बन्न यो सर्वहारा वर्गका उन्नत तत्वहरुबाट बनेको हुन्छ। यो सही हो सर्वहारा वर्गका सबै सदस्यहरु यसमा सामेल हुन सक्दैनन्, न त सबै क्रान्तिकारीहरु नै — यो त सर्वहारा वर्ग भित्रको सबै भन्दा दृढ तथा उन्नत अग्रदस्ता हो र सर्वहारा वर्गको ऐतिहासिक कार्यभार पुरा गर्न असिमित त्याग गर्न सक्ने मात्र यसमा सामेल हुन सक्दछ। निः सन्देह, हाम्रो पार्टीमा सर्वहारा वर्गबाट आएका सदस्यहरुमात्र छैनन्, अन्य वर्गबाट आएका सदस्यहरु पनि छन् । तर, सर्वहारा वर्गबाट नआएका क्रान्तिकारीहरु अन्य वर्गको प्रतिनिधिका रुपमा पार्टीमा आएका होइनन्। सचेत ढङ्गले आफ्नो विश्व दृष्टिकोण बदले पछि, सर्वहारावादी विचारधाराबाट प्रेरित भए पछि, मार्क्सवाद–लेनिनवाद–माओवादको गहन अध्ययनबाट आफ्नो पुरानो वर्गस्थान त्यागे पछि र नेपालमा चलेका राष्ट्रियता र जनतन्त्रका लागि भएका महान् क्रान्तिकारी आन्दोलनमा सहभागी भएपछि मात्र तिनलाई पार्टी सदस्यता दिइनु पर्ने हो तर अहिले यो महत्वपूर्ण पक्षलाई कम्युनिस्ट पार्टीहरुले बिर्सेका छन् र सबैलाई पार्टी सदस्यता दिने गरीरहेका छन् । केही समय पार्टी समर्थक भएर निश्चित काम गर्नु बाहेक, तिनीहरुले सर्वहारा वर्गका उन्नत तत्वहरुको लागि आवश्यक पर्ने सर्तहरु पनि पुरा गर्नु पर्दछ । यसरी, यी कमरेडहरुको प्रवेशले पार्टीको सर्वहारा वर्गीय चरित्रलाई नबदलिकन आफ्नो पंक्तिको विस्तार गर्दछ र लडने क्षमतालाई मजबुत गर्दछ । पार्टी सर्वहारा वर्गको अग्रदस्ता यसकारणले पनि हो कि यसको सोचाइलाई निर्देशन गर्ने सैद्धान्तिक आधार मार्क्सवाद–लेनिनवाद–माओवाद हो । जस्तो अध्यक्ष माओले भन्नु भएको छ, "सुरुबाटै हाम्रो पार्टी मार्क्सवाद–लेनिनवादको सिद्धान्तमा आधारित रहेको छ।"

एउटा कम्युनिस्ट पार्टी सर्वहारा वर्गको पार्टी हुनका लागि कम्तीमा निम्न विशेषताहरु आवश्यक पर्दछन् । पहिलो, यसले सर्वहारा वर्गको आधारभूत स्वार्थ र वर्गीय चाहनाको घनिभूत तरिकाले प्रतिनिधित्व गर्नु पर्दछ र दोस्रो यसले सम्बन्धित देश र विश्वका बहुसंख्यक जनताका स्वार्थहरुको सेवा गर्नु पर्दछ।

विश्वको राजनीतिक इतिहासले के सिद्ध गरेको छ भने सामन्तवादी व्यवस्थाबाट एकैपटक दुईवटा वर्गको जन्म हुन्छ–पुँजीपति वर्ग र सर्वहारा वर्ग । पुँजीपति वर्ग, जोसित राज्य शक्तिको साथै पु'जी र उत्पादनका साधन रहन्छन् भने सर्वहारासित यी कुनै पनि हुँदैनन् । उसँग हुने भनेको केवल श्रम हो । मार्क्सले भन्नु भएको छ–"सर्वहारावर्गसित हार्ने कुनै कुरा रहँदैन तर जितेमा सम्पूर्ण संसार जित्दछ र गुलामी फाल्दछ ।" कम्युनिस्ट घोषणापत्रमा यसलाई यसरी लेखिएको छ–"सर्वहारा वर्गको आफ्नो जंजिर (हतकडी) बाहेक गुम्ने भन्ने कुरा केही पनि छैन । जित्नका लागि उनीहरुका सामु संसार छ।" यसका लागि सर्वहारा वर्गको आफ्नै राजनीतिक पार्टी आवश्यक पर्दछ। जसलाई मार्क्स, लेनिन र माओले कम्युनिस्ट पार्टी नामाकरण गर्नु भएको छ।

मार्क्सवाद – लेनिनवाद – माओवादको शिक्षा अनुसार पार्टी सांच्चिकै सर्वहारा वर्गको राजनीतिक पार्टी हो कि होइन र सर्वहारा वर्गको अग्रदस्ता हो कि होइन भन्ने कुरा निर्धारण गर्न सदस्यहरुको सामाजिक स्रोतलाई मात्र हेरेर पुग्दैन बरु यसको निर्देशक विचार, कार्यक्रम र यसको कार्यदिशा हेर्नु पर्दछ। जस्तो लेनिनले इङ्गित गर्नु भएको छ, "......

सांच्चिकै मजदुर वर्गको राजनीतिक पार्टी हो कि होइन भन्ने कुरा पूर्णतः मजदुर वर्गको सदस्यतामा भर पर्दैन बरु त्यसलाई नेतृत्व गर्ने मानिसमा, कार्वाहीको अन्तरवस्तुमा र राजनीतिक कार्यनीतिमा भर पर्छ। यो पछिल्लोले मात्रै हाम्रा सामु सर्वहारा वर्गको राजीतिक पार्टी छ कि छैन भन्ने कुराको निर्धारण गर्दछ।"

सच्चा सर्वहारावादी राजनीतिक पार्टीको सोचाइ मार्क्सवाद–लेनिनवादद्वारा निर्देशित हुनु पर्दछ, यसरी मात्रै पार्टीले समाजको विकासका नियमहरुलाई आत्मसात गर्न सक्दछ, आफ्ना लागि मार्क्सवादी – लेनिनवादी – माओवादी कार्यदिशा निर्धारण गर्न सक्दछ र वर्ग दुस्मन विरुद्धका सङ्घर्षमा सर्वहारा वर्ग र क्रान्तिकारी जनसमुदायलाई निर्देशित गर्ने र तिनलाई विजयसम्म नेतृत्व गर्ने अग्रदस्ता बन्न सक्दछ।

पार्टी सर्वहारा वर्गको अग्रदस्ता बन्नका लागि पहिलो यसको कडा सङ्गठन र दोस्रो यसको कडा अनुशासन हुनु पर्छ, जसलाई स्तालिनले फलामे अनुशासन भन्नु भएको छ। पार्टीमा निष्ठापूर्वक काम गर्नु, प्रत्येक सदस्यहरु कुनै एउटा संगठनसँग जोडिएर काम गर्नु, एउटा संगठित र अनुशासित सामूहिकताका निम्ति पार्टी निर्णयलाई कार्यान्वयन गर्नुआदि फलामे अनुशासनभित्र पर्दछन् । यसो भएमा मात्रै पार्टीले सही कार्यदिशा कार्यान्वयनको सुनिश्चितता गर्न, शक्तिशाली दुस्मनमाथि विजय हासिल गर्न र क्रान्तिलाई गौरवशाली विजयसम्म नेतृत्व गर्न सक्दछ।

"पार्टी सर्वहारा वर्गको संगठनको उच्चतम रुप हो र यसले सबै कुरामा नेतृत्व गर्नु पर्दछ, ।" यो पार्टी निर्माण बारे मार्क्सवादको मूलभूत सिद्धान्त हो। पार्टी र अन्य जन संगठनहरुको संबन्ध भनेको नेता र नेतृत्व गरिएकाहरुका बिचको सम्बन्ध हो। सर्वहारा वर्गको राजनीतिक पार्टीको स्वरुप र कार्यभारले नै यसको नेतृत्वदायी स्थान र भूमिकाको निर्धारण गर्दछ, सर्वहारा वर्गको आधारभूत हितका लागि यो काम पुरा हुनु पर्दछ – यो नै क्रान्तिकारी सङ्घर्षले बारंबार प्रदर्शन गरेको मार्क्सवादी–लेनिनवादी सत्य हो।

सफल सङ्घर्ष संचालनका निमित्त सर्वहारा वर्गले आनो क्रान्तिकारी राजनीतिक पार्टी स्थापना गरेर मात्र पुग्दैन । त्यसका लागि आवश्यक सबै संगठनहरु जस्तोः राज्यका निकायहरु, सैन्य मामिला विभाग, ट्रेड युनियनहरु, गरिव किसानका संगठनहरु, महिला संघहरु, युवा लिग, लाल रक्षकहरु, साना लाल रक्षकहरु र क्रान्तिकारी जनसमुदायका अन्य संगठनहरु आवश्यक हुन्छन्। यस्ता विभिन्न संगठन तथा विभागहरु नयाँ जनवादी क्रान्ति र समाजवादी क्रान्ति सम्पन्न गर्न, समाजवादको निर्माण गर्न र सर्वहारा वर्गको ऐतिहासिक कार्यभार साम्यवादको प्राप्तिका निमित्त निकै महत्वपूर्ण हुन्छन्, तिनलाई उपेक्षा गर्नु हुदैन। यी विभाग र संगठनहरुले सर्वहारा वर्ग र आम क्रान्तिकारी जनसमुदायलाई परिचालन गर्न र सबै मोर्चाहरुलाई बलियो बनाउन र सर्वहारा वर्गको स्थानलाई सुदृढ गर्न संभव तुल्याउंछन् । त्यसकारण, समाजवादी उद्देश्यको सेवा गर्नका निम्ति सबै क्रान्तिकारी संगठनहरुलाई आनो पुरा भूमिकामा उतार्न आवश्यक हुन्छ । तर, पार्टीको नेतृत्व र मार्क्सवादी–लेनिनवादी कार्यदिशाको निर्देशन बिना तिनीहरुले यी भूमिका पुरा गर्न सक्दैनन्।

पार्टीको नेतृत्व बलियो बनाउने कुराले सर्वहारा वर्गको अधिनायकत्वलाई सुदृढ गर्ने र समाजवादको उद्देश्यलाई विजयसम्म पुऱ्याउन नेतृत्व गर्ने ग्यारेन्टी गर्दछ। सर्वहारा वर्गका क्रान्तिकारी संगठनहरु पार्टीको केन्द्रीकृत नेतृत्व अन्तरगत आउनु पर्दछ, तिनीहरुले पार्टीभन्दा अलग्ग स्वतन्त्र ढङ्गले काम गर्ने बहानामा आफ्नो विशिष्ट स्थितिलाई प्रयोग गर्न पाउँदैनन्। यदि पार्टीले तिनीहरुलाई नेतृत्व प्रदान गरेन भने, अथवा, यदि जनसङ्गठनहरु पार्टीको अधीनमा बसेनन् भने

तिनीहरुमा गलत दिशातिर जाने, पुँजीपतिबाट ठगिने, नियन्त्रित हुने र प्रयोग हुने खतरा बढेर जान्छ। पुँजीवादी र संशोधनवादी धारको दुषित प्रभावमा तिनीहरु पुँजीपति वर्गको राजनीतिक पिछलग्गु र अझ सर्वहारा वर्गका विरुद्ध पुँजीपतिका हतियारमा समेत रुपान्तरित हुन सक्छन् । यी नै कारणहरुले गर्दा पार्टीको नेतृत्व अस्विकार गर्नेहरुले वास्तवमा आफुलाई पुँजीपतिको पक्षमा राख्छन्, सर्वहारा वर्गको विरोध गर्दै वस्तुतः तिनीहरुले सर्वहारा वर्गको अधिनायकत्वको विरोध गरिराखेका र त्यसलाई कमजोर बनाइराखेका हुन्छन् ।

अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको इतिहासमाा पुराना संशोधनवादीहरु, बर्नस्टिन र काट्स्कीले हर प्रकारका गलत प्रचारबाजी गरे र सर्वहारा वर्गको पार्टीलाई सुधारवादी पार्टीमा बदल्न हर संभव प्रयास गरे । तिनीहरुकै कारण दोस्रो अन्तर्राष्ट्रियको पतन भयो। आधुनिक संशोधनवादीहरु, ख्रुस्चोभ, ब्रेजनेभ र कम्पनीले "श्रमजीवी वर्गको पार्टी सोभियत जनताको अग्रदस्तामा रुपान्तरित भइ सकेको छ, यो संपूर्ण जनताको पार्टी भएको छ" र "यो संपूर्ण जनताको राजनीतिक संगठन हो" भन्ने दावी गर्दै विगतका संशोधनवादीहरुका फाटेका जामा लगाएर "संपूर्ण जनताको पार्टी" भन्ने बकबासलाई अगाडि ल्याए । त्यसैलाई नेपालमा पनि पछिल्लो अवस्थामा आएर एमाले र माकेले पछ्याउँदै आइरहेका छन् । तर क्रान्तिकारी पार्टीका लागि मार्क्सवाद–लेनिनवाद–माओवादलाई प्रयोग गर्दै निरन्तर पार्टी निर्माण गरी राख्ने, पार्टीको चरित्रलाई विकृत गर्न संशोधनवादीहरुले गरेका षडयन्त्रलाई भण्डाफोर र दुरुत्साहित गर्ने कामले पार्टीले सधै सर्वहारा चरित्र जोगाइ राख्ने कुराको सुनिश्चितता गर्ने छ । यसका लागि अति महत्वपूर्ण कार्य भनेको पार्टीले सर्वहारा वर्गीय जाँगरलाई मजबुत गराउनु हो । हामीले बुझ्नु पर्दछ कि मार्क्सवादी–लेनिनवादी राजनीतिक पार्टी निर्माण गर्ने कुरा र यसको सर्वहारा वर्गीय चरित्र रक्षा गर्ने कुरा हरेक पार्टी सदस्यको कार्यभार हो । पार्टी एउटा जीवित वस्तु जस्तै हो, र यसका सदस्यहरु जीवित वस्तुका कोषहरु जस्तै हुन् । प्रत्येक पार्टी सदस्यहरुमा जति धेरै उत्साह हुन्छ त्यति नै माओले भनेझैं पार्टी सर्वहारावर्गको अग्रदस्ता बनि रहन्छ । लेनिन र माओले यसलाई भन्नु भएको छ– "एउटा कम्युनिस्ट पार्टी सर्वहारा वर्गको पार्टी मात्रै होइन बरु यो सर्वहारा वर्गको अग्रदस्ता हो ।"

पार्टी सर्वहारावर्गको अग्रदस्ता बन्न पार्टीको संगठनात्मक संरचना, पार्टी नेतृत्व चयनमा व्यक्तिको कार्यशैली, जीवनशैली र क्रियाशीलताको महत्वपूर्ण भूमिका रहन्छ। माओले कम्युनिस्ट पार्टीका सदस्यहरु सर्वहारा वर्गका अग्रगामी तत्वहरु हुन् भन्नु भएको छ र राष्ट्रिय युद्धमा चिनियाँ कम्युनिस्ट पार्टीको भूमिका भन्ने सन् १९३८ अक्टोबरको लेखमा वहाँले "साहसपूर्वक पार्टी विस्तार गर तर नचाहिएको एक जनालाई पनि छिर्न नदेऊ" भन्ने नीति अगाडि सार्नु भयो। चिन मुक्त भएपछि उहाँले पुनः घोषणा गर्नु भयो, "पार्टी संगठनमा मजदुरहरुको प्रतिशतलाई बढाउँदै राजनीतिक रुपले सचेत मजदुरहरुलाई योजनाबद्ध रुपमा पार्टीमा भित्रयाउन ध्यान दिनु पर्दछ ।" महान् सर्वहारा सांस्कृतिक क्रान्तिका बेला माओले पार्टी निर्माण र शुद्धीकरणबारे फेरि श्रृंखलाबद्ध निर्देशनहरु दिनु भयो । तर उहाँको मृत्युपछि चिनमा पार्टीको सर्वहारावर्गको चरित्रलाई बदल्ने उद्येश्यका साथ धनी किसान तथा पुँजीपतिहरुलाई पार्टीमा भिज्याउन थालियो र पार्टी निर्माणको सवालमा संशोधनवादी कार्यदिशा लागु गर्न थालियो। अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको इतिहासले देखाएको छ कि सर्वहारा वर्गको उन्नत तत्वका लागि आवश्यक हुने कडा मापदण्डमा जोड दिएर मात्रै सर्वहारा वर्गको राजनीतिक पार्टीले आफ्नो वर्गीय तथा अग्रदस्ता चरित्रलाई जोगाउन र समाजवाद हुँदै साम्यवादसम्म पुग्ने ऐतिहासिक कार्यभारलाई काँध थाप्न सक्दछ।

सौन्दर्य चिन्तन

# सौन्दर्य आधार, समकालीन रचना र तिनका प्रवृत्ति

प्रा डा जगदीश चन्द्र भण्डारी



## १. सौन्दर्य आधार

जसको विश्लेषण र आलोचना, एवम् प्रतिरोध गर्नु थियो त्यसैमा गएर समाहित भएपछि सौन्दर्यको संघटना कसरी जन्मन सक्थ्यो, क्रान्तिसंगै मुक्तिको अभिकल्पना र स्वप्नको तस्विर फुटाएपछि गतिशील नियम र सिद्धान्तको वकालत कहाँ हुन सक्थ्यो ! जीवनको व्याख्या नगरी वा आत्मसजग नभई हिंडिएका पाइलाको गन्तव्य सार्थक कसरी हुन सक्थ्यो ! निश्चित स्वार्थवश परिवर्तनका प्रतीक र बिम्बहरुलाई भत्काई पुरानै प्रतीक र बिम्बमा अन्तर्भुक्त हुन पुगेका तत्वहरुलाई कसरी नयाँ र परिवर्तनका सङ्केतक मान्न सकिएला ! यी प्रश्न हुन् अहिले जन्मिएका ।

दलाल पुँजिवादी राज्यव्यवस्था र सत्ताको मूल अर्थलाई नै नियमसङ्गत विकासको रुपमा बुझेर / बुझाएर अपवित्र पथगामीहरुको सौन्दर्यप्रतिको षडयन्त्र / छल नै पीडादायी र दुःखदायी बनेको छ । यथार्थको खोजी भन्दा पनि यथार्थलाई विरुपीकरण गरी पस्किने काम भएका छन् । मुक्तिका निम्ति अग्रसर भएका र उदात्त अनुभव समेटेका मानिसहरु नै मुक्ति सौन्दर्य र महान् विकल्पका विरोधी भएर उभिएका छन् । जीवनकै निम्ति गरिएका महत्वपूर्ण सवाललाई बिर्सन खोज्नु आफैँमा अपराधी काम हो । हामीले देखि रहेका छौ, क्रान्ति र मुक्तिका निम्ति भन्दा पनि आफ्नो स्वार्थका निम्ति अगाडि बढ्दै गएको तत्व सामाजिक जीवनमा बलशाली बन्दै गएको छ । अराजक व्यक्तिवादको सम्मोहनले यति ग्रस्त पारेको छ कि अब त्यसबाट फुत्कन असम्भव जस्तो बनेको छ । यथार्थको परिवर्तनशीलतालाई आत्मसात गर्ने नाउँमा भएका संशोधन –नवसंशोधन तथा दक्षिणपन्थमुखी चिन्तन नै हाम्रो समयको डरलाग्दो विकल्प र सौन्दर्यप्रतिको गंभीर एवम् अक्षम्य प्रहार हो । क्रान्ति र मुक्तिप्रतिको प्रतिबद्धता, इमान्दारिता र सक्रियताले नै मार्क्सवादी सौन्दर्यवोधी स्रष्टा र सिर्जना जन्मिन सक्छ । क्रान्तिप्रति सचेत र प्रतिबद्ध नहुने मानिस कसरी समाजवादी यथार्थवादी र रचनाकार हुनसक्छ ?

मालेमावादी सौन्दर्य आधारलाई स्विकार नगरी सौन्दर्यको सिर्जनामा लाग्ने वा त्यसप्रति निषेधको मान्यता/विचार राख्नेहरुले सर्वहारा वर्गीय भावबोध र मानवतावादको अभिव्यक्ति गर्न सक्दैनन् । वर्गचिन्तनबाट विमुख भइगरिने यथार्थबोध आफैंमा निषेध हो । पुँजीवादी दलाली चेतबाट उद्‌बुद्ध नेतृत्व र त्यसप्रतिको भक्तिभावले असाधारण सौन्दर्यको उत्पत्ति हुन सक्दैन । वर्गसङ्घर्षको विशिष्टताजन्य मनोकर्षक, आश्चर्यजनक र आह्लादपरक, अखण्ड र केन्द्रीकृत निरन्तरताको गतिलाई आफैंमा देख्ने र पूर्णतः आप्लावित हुने कलात्मक अवस्था नै सौन्दर्यको खोजीको मुख्य गन्तव्य हो अहिले ।

यथार्थलाई भाँचभुच पारी लेखिएका रचनाको बाढी आएको छ । वर्गविरुद्ध, क्रान्तिविरुद्ध, सर्वहाराविरुद्ध, सर्वहारा अधिनायकत्वका विरुद्ध तथा सर्वहारा मानवतावाद विरुद्धका विकृत र अयथार्थपरक अनुभूति, संवेदना र विचारले मानिसका जीवन्ततालाई सुकाउने र तिनमा आगो लगाई खरानी बनाउने अभियानमा लागेका छन् । भ्रान्ति उद्देश्यबाट विघटित र पुरानै यथार्थलाई आत्मसात गर्न पुगेकाहरु पनि तिनकै सहयोगी भई आएका छन् । बृहत् र महत् अर्थलाई संकीर्ण संसदीय पुँजीपन्थतामा रुपान्तर गर्नेहरुबाट सौन्दर्यको रुचि परिष्कार/परिवर्तन संभव छैन । संवेदना, अनुभूति र दायित्वको विशिष्टता र तिनले वहन गर्ने महान् अर्थता आफैंमा विशिष्ट छ । सबैलाई महान् देख्ने र तिनकै विरोधी व्यवहारलाई उच्च ठान्ने प्रवृतिले परिवर्तनपरक सौन्दर्यको उद्देश्य पुरा हुन सक्दैन् । अब हामीले वास्तविक जीवनको निर्ममतापूर्वक कलात्मक समीक्षा गर्ने पर्छ ।

वास्तविकतासँगै त्यसले वहन गरेको महान् संभावनालाई नै स्रष्टाले खोज्ने हो । जीवनको खोजी र त्यसको पुननिर्माणमै सौन्दर्य प्रवाहित हुन्छ । जीवनप्रतिको इमान्दारी बिनाको लेखन वा अन्य प्रयत्न सबै बेइमानीपूर्ण हुन्छन् र देख्यौं नि, हामीले पनि । पुरानो यथार्थ भत्काउन लागेका र जीवनमरणको सवालको रुपमा ग्रहण गर्नेहरु कसरी स्खलित र पतित हुँदा रहेछन् । सौन्दर्य –प्रतीतिलाई धुल्याएर विभ्रम पैदा गर्नेहरु हाम्रै समयका हामीसंगै हिंडेका मानिसहरु हुन्, तिनीहरु प्रतिक्रियावादी अखडाका पहलवान थिएनन् पहिले । अहिले पहलवान बनेका छन् । ऊर्धगतिबाट अधोगतितर्फको यात्रा दुःखान्त भन्दा प्रहसन मूलक हुन्छ, हामीले प्रहसन हेरीरहेका छौं र इतिहासमा वास्तविक नियमहरु प्रति क्षमा मागि रहेका छौं । हामीमा त्यस्तो रिस र क्रोध उत्पन्न हुन सकेन, जसले गतिछाडा अपराधीहरुलाई क्रुरतापूर्वक छिया छिया बनाउन सकोस्, क्रान्ति गुण र क्रान्ति सामर्थ्यको प्रवाहले तिनीहरुलाई बगाउन सकोस् । सर्वहाराप्रतिको पक्षपात र राष्ट्रियताप्रतिको घातलाई अक्षम्य ठानोस् ।

यहिनेर अर्थात् प्रतिक्रियावादी अखडा संसदीय सौन्दर्य भण्डारका विरुद्धको सौन्दर्य सङ्घर्ष गर्नु छ । परिवर्तनको अर्थ खोज्ने भन्दा परिवर्तनका विरोधी स्वर उकास्नमै लाग्ने तत्व हामी भित्रै छ र संङ्घर्षको प्रक्रियालाई अवरुद्ध पारि जीवनका महत्तम पक्ष र प्रवृतिका विपरीत जानेहरु वर्ग – सौन्दर्यका विरोधी हुन् । प्रतिक्रियावादी सौन्दर्यप्रति अभिभूत बनेका समुदायको रुचि भनेको वर्गसंवेदना र वर्गरुचिलाई भुत्ते बनाउनु हो । आफुलाई महान् परिवर्तनगामी ठान्ने तर यथास्थितिवादी –प्रतिक्रियावादी दृष्टिकोण र अभिवृत्तिलाई नै अंगालो मार्नेहरु सबभन्दा खतरनाक छन् र तिनका विरुद्ध भीषण कलात्मक, वैचारीक तथा सैद्धान्तिक सङ्घर्ष चलाउनु आवश्यक छ । अयथार्थवादी, अतियथार्थवादी तथा रहस्यवादी लेखनले हाम्रो समाज र जीवनको सङ्घर्ष, आन्दोलन र क्रान्तिलाई निषेध गर्न थालेको छ । वर्गविहीनता र बुर्जुवाकरणका अवधारणामा ग्रस्त हुँदै पतनशील तथा अस्वस्थ रचना गर्नमै केन्द्रित हुँदै गएको तप्कासँग गाँसिदै गएकाहरुबाट विद्रोह, क्रान्ति र मुक्ति सौन्दर्यको आसा गर्नु निरर्थक छ ।

क्रान्ति प्रेम र सौन्दर्यबाट विचलित र भ्रमित हुन पुगेको तत्वबाट नै सिर्जनालाई जोगाउनु र विद्रोहको सौन्दर्य भूमि निर्माण गर्नु नै साहित्य सिर्जनाको दायित्व हुन सक्छ ।

## २. समकालीन रचना र तिनका प्रवृत्ति

अहिलेको समय सामन्तवाद, दलाल पुँजीवाद, साम्राज्यवाद तथा विस्तारवाद विरुद्ध क्रान्तिकारी विद्रोहको समय हो । दलाल पुँजीवाद तथा विस्तारवादका पिट्ठु र चाकरहरुको दमन, जालझेल र षड्यन्त्रका विरुद्धमा क्रान्तिकारी शक्तिका साथै क्रान्तिकारी उत्पीडित जनता उठ्ने क्रममा क्रान्तिविरोधी र राष्ट्रविरोधी तत्व सलबलाएका छन्

र तिनले आफ्नो प्रतिक्रियावादी शासन सत्तालाई दरिलो बनाउन संसदीय पद्धतिका चुनावी प्रक्रियालाई आत्मसात् गर्दै आएका छन्।

यस क्रममा समयोचित वर्गसङ्घर्षको उदात्त पक्षलाई जनवादी–समाजवादी साहित्यकारहरुले आफ्ना रचनाको प्रमुख विषयवस्तु बनाएका छन् र समकालीन यथार्थलाई रचनामा भित्र्याएका छन्। विशेषतः मार्क्सवाद, लेनिनवाद र माओवादको विरोधी तत्व–प्रतिक्रियावादमा पतन भएको–एकथरि मार्क्सवादी पंक्ति आफुलाई क्रान्तिकारी र परिवर्तनकारी मान्दै आएको छ र तिनका लेखकहरु आफूलाई समाजवादी मान्न थालेका छन्। मालेमावादी दर्शन र विचारका विपरीत संसदीय–बुर्जुवा शासन सत्तामा आफ्नो मुक्ति देख्ने उक्त तत्वको घनिष्ठ सम्बन्ध प्रतिक्रियावाद, समन्वयवाद र आदर्शवादसँग रहेको छ।

क्रान्तिकारी वा प्रगतिवादी साहित्यमा हुनुपर्ने सर्वहारा वर्गप्रतिको आस्था, सर्वहारा अधिनायकत्वप्रतिको दृढता, वर्गसङ्घर्ष र बल प्रयोगको क्रान्तिकारी सिद्धान्त र प्रवृत्तिप्रति विश्वास, मुक्तिको उत्कट चाहना, जीवनमा प्रेम र आस्था, क्रान्तिकारी उत्साही भावना, विचारमा स्पष्टता, सर्वहारा तथा उत्पीडित वर्गप्रति प्रेम, भविष्यप्रतिको विश्वास प्रभृत्ति वैशिष्ट्य नै क्रान्तिकारी लेखक र तिनका सिर्जनामा रहन्छन्। सर्वहारा वर्गको वर्गसङ्घर्ष र सर्वहारा मानवतावादको निम्ति समर्पित क्रान्तिकारी तत्वसँग एकाकार भई लागेको सर्जक यथार्थवादका विपरीत ध्रुवमा उभिन सक्दैन । क्रान्तिको यस जनवादी अवधिमा क्रान्तिकारी लेखक/सर्जकहरुमा कुनै द्विविधा छैन । उसको बाटो उवडखावडयुक्त छ र अगाडि–पछाडि तथा पछाडि–अगाडि बढ्दै जानुपर्ने भएकाले कहिलेकाहिँ भ्रम सिर्जना हुन सक्छ तापनि आफ्नो दिशा र गन्तव्यका सम्बन्धमा स्पष्ट हुनु र अनेकौं अप्ठ्याराहरुलाई पन्छाउँदै सिर्जन कर्ममा बढ्नु पर्दछ।

राजतन्त्रको विस्थापन र बुर्जुवा गणतन्त्रको स्थापना भएपश्चात् दलाल पुँजीवादी तथा सामन्ती तत्वसँगै संशोधन–नवसंशोधनवादी–दक्षिणपन्थी तत्वको मेल भएबाट क्रान्तिकारी विचारधारामा आवद्ध केही लेखक–कविहरु पनि त्यसै प्रतिक्रियावादी भावधारामा समर्पित भई त्यसकै गीत गाउन थालेका छन् । वास्तवमा दलाल पुँजीवादी सत्ताका विरुद्ध ती लेखकहरु क्रान्तिकारी जनताका पक्षमा नओर्लिई निराशा, रहस्य, असन्तोष, दुखेसो, गुनासो पोखेर आफ्नो पलायनवादी तथा निराशावादी दृष्टिकोण प्रकट गर्दै आएका छन्। आज हामी के देख्छौं भने क्रान्तिका विरुद्ध कुण्ठा र स्खलित नायकप्रति स्तुतिभाव तिनका विशेषता भएका छन् । संसदीय सत्ता र व्यवस्थामा जनताको परिवर्तनको आकांक्षा मुखरित हुन नसक्ने कुरालाई ढाकछोप गर्ने नियत तिनमा रहेको छ।

सर्वहारावर्गको क्रान्ति कर्म र सङ्घर्षलाई तिरोहित गर्नमै विचारविहीन लेखकहरु लाग्दछन् भने तिनका अराजक एवम् अवसादमूलक अभिव्यक्तिले उत्साही क्रान्तिकारी जनतालाई सहयोग पुऱ्याउने भन्दा पराजित मानिसकता निर्माण गर्न मद्दत गर्दछन्। वर्ग सङ्घर्ष, क्रान्ति र परिवर्तनलाई मूर्तीकरण नगरी आफूलाई दलाल पुँजीवादी व्यवस्थामा स्थापित गर्ने र बुर्जुवाकरणमै आफ्नो भविष्य देख्ने तथा सर्जकीय अर्थहीन चमत्कारलाई आफ्नो मौलिकता बनाउने अभियानमा कथित उमुक्त पुस्ताका साथै नारीवादी र नश्लीय चेतनासँग सम्बन्ध लेखक समुदाय देखा परेको छ । त्यस्ता लेखकहरुका रचना क्रान्तिकारी जस्ता देखिए पनि तिनको अन्तर्यमा क्रान्तिको विरोध रहन्छ । दलाल पुँजीवादी प्रतिक्रियावादी सामन्ती शोषण र अत्याचारबाट मुक्तिको अभिकामना नगरी त्यसैमा एकाकार बनी गरिने परिवर्तनको स्वरले वर्गीय उन्मुक्ति हुन सक्तैन। यसर्थ दलाल पुँजीवादी–सामन्ती सत्ताबाट सर्वहारा तथा उत्पीडित जनतालाई मुक्तिको बाटोमा लगाउनु र त्यसप्रति प्रतिबद्ध भई सिर्जनामा लाग्नु क्रान्तिकारी लेखकहरुको दायित्व

हो। जनतन्त्र तथा राष्ट्रिय स्वाधीनताको मुक्तिघोषलाई नस्वीकार्ने तत्व आफैंमा कलाविरोधी र जनविरोधी पनि हो।

नेपाली जनताको सङ्घर्षलाई दुर्बल बनाउने तत्व कदापि क्रान्तिकारी हुन सक्तैन। दलाल वर्गलाई नै संप्रभु तथा सबल बनाउने संविधान र त्यसप्रतिको प्रतिबद्धताले क्रान्तिकारी बनाउँदैन बरु संशोधन–नवसंशोधन तथा दक्षिणपन्थी बनाउँछ। नेपालमा स्थापित यो नयाँ सत्ता दलाल पुँजीवादी–सामन्ती राज्य सत्ता हो र यसप्रति दलाल तथा सामन्त वर्ग प्रसन्न रहेको छ। यसकारण देशी–विदेशी प्रतिक्रियावादीद्वारा समर्पित शासन सत्ताका विपक्षमा उभिनु र तिनको शोषण–अत्याचारबाट उत्पीडित वर्गलाई मुक्ति दिनु नै आजको साहित्यको उद्देश्य हुनु पर्दछ। यसक्रममा दलाल पुँजीवादी–सामन्ती तत्व र सर्वहारा तथा उत्पीडित वर्गका बिचको अन्तर्विरोधको पहिचान गरी क्रान्तिकारी विचार र सौन्दर्यको अभिव्यक्ति दिई उत्पीडित वर्गको चेतना विस्तारका साथै विद्रोहको मार्ग प्रशस्त गर्नु नै अहिलेको सर्जक र सिर्जनाको ध्येय हुन सक्छ।

## ३. निष्कर्ष

बुर्जुवापन्थता र दक्षिणपन्थता एवम् संशोधन–नवसंशोधन पन्थताका विरुद्ध–साहित्यकार र तिनका सिर्जना गाँसिनु अति आवश्यक छ। त्यसो गर्न सकेमा मात्र सर्जकको युगीन दायित्व निर्वाह भएको मान्न सकिएला। अहिलेका सर्जकका मुख्य वैशिस्त्य र प्रवृत्तिलाई बुँदागत रुपमा यसरी राख्न सकिन्छ :

क) अहिलेको सामाजिक जीवनको सम्बन्धमा क्रान्तिकारी विषयवस्तुको चयन आफ्ना रचनामा गर्नु।

ख) नयाँ जनवादी क्रान्तिका साथै जनवादी अधिनाकत्वको पक्षमा उभिई जनतन्त्र र स्वाधीनतालाई आफ्ना रचनामा प्रश्रय दिनु तथा सङ्घर्षका निम्ति उत्प्रेरित गर्नु।

ग) स्थापित बुर्जुवा गणतन्त्रका विरुद्ध जनगणतन्त्रको पक्षधर हुनु।

घ) लोकतन्त्रको अर्थ संसदीय पद्धति हो भन्ने कुराको विरोध गर्नु।

ङ) रेट्रो लोकतन्त्र (Retro–Democracy) का विरुद्ध उभिनु।

च) सर्वहारा तथा उत्पीडित वर्गका पक्षमा दृढतापूर्वक लाग्नु।

छ) जनताको सांस्कृतिक तथा सांघर्षिक चेतनालाई उठाउनु र विद्रोहतर्फ लाग्न हौसल्याउनु।

ज) प्रतिक्रियावाद उन्मुख तथा प्रतिक्रियावादी तत्वको भण्डाफोर गर्नु।

झ) वर्ग सङ्घर्ष र बल प्रयोगको विचारलाई प्रभावशाली रुपमा राख्नु।

ञ) अन्धविश्वास तथा रुढिवादी मान्यताका विरुद्धमा उभिनु।

ट) आमूल परिवर्तनको भावनालाई बलियो बनाउनु।

ठ) बुर्जुवापन्थी तथा दक्षिणपन्थीका विरुद्ध जनचेतना निर्माण गर्नु।

ड) सर्वहारा मानवतावाद तथा सर्वहारा अधिनायकत्वको पक्षमा खरो रुपमा देखिनु।

ढ) दलाल पुँजीवादी तथा सामन्ती तत्वका विरुद्ध निर्मम आलोचना र प्रहार गर्नु।

ण) साम्राज्यवाद तथा विस्तारवादका विरुद्ध खरो रुपमा उत्रनु।

त) जनयुद्ध, सशस्त्र सङ्घर्ष र जनआन्दोलनलाई समर्थन गर्नु र उदात्त आदर्शप्रति प्रतिबद्ध रहनु तथा त्यसको चित्रण गर्नु।

यिनै कतिपय पक्षमा लाग्नु र कला सौन्दर्य तथा मूल्यप्रति अडिग भई सिर्जनाकर्ममा होमिनु एवम् विद्रोहको धरातल निर्माण गर्नु नै क्रान्तिकारी रचनाकारका वैशिष्ट्य तथा प्रवृत्तिगत पहिचान हुन्।

# निर्वाचनको क्रान्तिकारी उपयोग किन ?

सी पी गजुरेल 'गौरव'



नयाँ जनवादी क्रान्ति सम्पन्न गर्नका लागि आवश्यक क्रान्तिकारी संयुक्त मोर्चा, देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले विद्यमान प्रतिक्रियावादी व्यवस्था अन्तर्गत हुने भनिएको स्थानीय तहको निर्वाचनलाई क्रान्तिकारी उपयोग गर्ने भन्ने निर्णय सार्वजनिक भए पछि यसबारे राजनीतिक वृत्तमा र आम नेपालीका बिचमा समेत निकै चासो बढेको छ। विशेषतः संविधान सभा–२ लाई सक्रिय बहिष्कार गरेको नेकपा(क्रान्तिकारी माओवादी)को क्रान्तिकारी मोर्चाले त्यसै संविधान सभाले बनाएको पश्चगामी संविधान अन्तर्गतको स्थानीय तहको निर्वाचनलाई उपयोग गर्ने निर्णयलाई सही किसिमले बुझ्न अप्ठेरो हुनु स्वाभाविक पनि हो। यसबारे स्पष्ट पार्नु पर्ने आवश्यकता माथि ध्यान दिँदै यो संक्षिप्त लेखलाई यसै विषयमा केन्द्रित गरिएको छ।

## दुई भिन्न नीति र उद्देश्य

दुई चरणमा हुने भनिएको स्थानीय तहको निर्वाचनमा सहभागी विभिन्न राजनीतिक दल र सङ्गठन मूलतः दुई फरक नीति र उद्देश्य लिएर सहभागी भएका छन् र तिनीहरु दुई भिन्न कित्तामा विभाजित छन् । एक पक्षले यो प्रतिक्रियावादी व्यवस्था हो र वर्तमान संविधान पश्चगामी हो भन्ने कुरा स्पष्ट गर्दै यसलाई खारेज गर्ने उदेश्यलाई केन्द्रमा राखेर यसको क्रान्तिकारी उपयोग गर्ने नीति लिएको छ भने अर्को पक्षले यो प्रतिक्रियावादी व्यवस्थालाई "सर्वोत्तम व्यवस्था" र यो संविधानलाई "उत्कृष्ट" भएको कु प्रचार गर्दै यही पश्चगामी संविधानलाई लागु गर्ने र यही प्रतिक्रियावादी व्यवस्थालाई स्थायित्व दिने र यसैलाई भऱ्याङ बनाएर सत्तामा पुग्ने उदेश्यका साथ यो चुनावमा होमिएका छन्। यति ठुलो अन्तरलाई बुझ्न नसक्दा पश्चगामी शक्तिहरुले जनतामा ठुलो भ्रम पैदा गर्ने र धोखा दिने काम गरीरहेका छन् । तिनीहरुको हितमा काम गरीरहेको खास गरेर ठुला भनिने संचार माध्यमले यसमा धेरै मल जल गरीरहेका छन् । सर्वप्रथम त यी दुई प्रकारका, दुई विपरीत प्रकृतिका शक्तिहरुबारे स्पष्ट पार्नु आवश्यक छ।

बहालवाला प्रधान न्यायाधीशलाई मन्त्रिमण्डलको अध्यक्ष बनाएर सेना परिचालन गरी प्रायोजित संविधान सभा नं २ को निर्वाचनलाई नेकपा(क्रान्तिकारी माओवादी)(तत्कालीन नेकपा–माओवादी) लगायत केही पार्टीले सक्रियरुपमा बहिष्कार गरेका थिए । उक्त पार्टीले पूर्वानुमान गरे जस्तै प्रतिक्रियावादी (राप्रपा, नेका र एमाले) र प्रतिक्रियावादी उन्मुख (माके) आदि दलहरुले उक्त संविधान सभाबाट पश्चगामी संविधान बनाएर त्यसलाई जारी गरेका छन्। धोखा र विश्वासघातबाट विफल बनाइएको नेपाली क्रान्तिलाई पूर्णता दिई नेपाली समाजलाई आमूल परिवर्तन गर्ने एजेन्डालाई कार्यान्वयन गर्ने तयारी र जनताका अभाव, दुःख र कष्टमा जनतासँगै रहेर तिनको समाधानको प्रयास गर्नका लागि यो निर्वाचनलाई क्रान्तिकारी

उपयोग गर्ने नीति लिएर यसै पार्टीद्वारा समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल अघि बढि रहे को छ । देशभक्त जनगणतान्त्रिक मोर्चा (देजमो), नेपालले स्थानीय निर्वाचनका सन्दर्भमा मोर्चाद्वारा हालै प्रकाशित **'घोषणा र प्रतिबद्धता पत्र'** मा आफ्नो नीति स्पष्ट पार्दै भनेको छ, "देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले यो संविधानलाई पश्चगामी संविधान ठहर गरेको छ र त्यसका सट्टामा संघीय जनगणतान्त्रिक संविधान निर्माण गर्ने नीति लिएको छ।"

उक्त घोषणापत्रले स्पष्ट गरेको छ, देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले संसदीय व्यवस्था अन्तर्गत् मंचन गरिने निर्वाचनहरुलाई अन्य संसदवादी दलहरुले जस्तो, मिठा नारा र गुलिया वचनमार्फत् आम जनताका आँखामा छारो हालेर सत्ताको भऱ्याङ् चढ्ने माध्यम बनाउन चाहँदैन, बरु संसदवादी दलहरुले देश र जनताका हितका बिरुद्ध गर्ने सबै प्रकारका क्रियाकलापहरुको विरोध र भण्डाफोर गर्दै निर्वाचनलाई एउटा मंचको रुपमा लिएर त्यसको क्रान्तिकारी उपयोग गर्ने नीति लिएको छ।"

यसबाट के कुरा स्पष्ट हुन्छ भने निर्वाचनलाई क्रान्तिकारी उपयोग गर्ने देशभक्त जनगणतान्त्रिक मोर्चा र प्रतिक्रियावादी सत्ता र व्यवस्थालाई सुदृढ गरी जनतामाथि निरङ्कुश शासन गर्ने उद्देश्यका साथ भाग लिने खासगरी नेपाली कांग्रेस, एमाले र माओवादी केन्द्र(माके) जस्ता दलहरुको नीति र उद्देश्य फरक मात्र छैनन् कि ती एक अर्काका विपरीत पनि छन् । देशभक्त जनगणतान्त्रिक मोर्चा यो प्रतिक्रियावादी व्यवस्था र पश्चगामी संविधानलाई खारेज गरी देशमा संघीय जनगणतन्त्रको स्थापना गर्न चाहन्छ । देजमोको प्रस्ट मत छ कि नेपालमा दस वर्षसम्म विश्वलाई थर्काउँदै अघि बढेको क्रान्ति पुरा हुन सकेन । क्रान्तिमाथि विश्वासघात र गद्दारी भयो। यसको ठिक विपरीत ने.का एमाले र माके एकै स्वरमा चिच्याइहेका छन् कि "नेपालमा राजनीतिक क्रान्ति सम्पन्न भइ सकेको छ" । विगत देखि अहिले सम्म राजा, नेका, एमाले र माकेले गरेका राष्ट्रघाती सन्धि सम्झौता, नेका, एमाले र माकेको नेतृत्वका विभिन्न सरकारहरुले गरेका जनघातमाथि ध्यान दिँदा नेपालमा क्रान्तिका आवश्यकता पहिलेकोभन्दा पनि बढी भएको अनुभूति हुन्छ। गणतन्त्र आएको भनिएको छ । यो गणतन्त्र सामान्य पुँजीवादी गणतन्त्र पनि नभएर दलाल र नोकरशाही पुँजीपति वर्गको नेतृत्वका विकृत गणतन्त्र मात्र सावित भएको छ । बेरोजगारी यति बढेको छ कि देशको एक तिहाई जनसंख्या कृषि प्रधान देश नेपालको उर्बरा जमिनलाई बाँझै राखेर विदेसिन बाध्य छ। देश भुटानीकरण त करिव करिव भइसक्यो भन्दा पनि हुन्छ, अब यो स्वाभिमानी बहादुर नेपालीहरुको मातृभूमिलाई सिक्किमीकरणका दिशामा अघि बढाउने काम भइरहेको छ। त्यसकारण हामी भन्दछौं, क्रान्ति नेपाललाई पहिलेको भन्दा पनि बढी आवश्यक छ । यो कार्यभारलाई पुरा गर्नका लागि, विभिन्न मोर्चाहरु खोलेर क्रान्तिको तयारीको कामलाई अघि बढाउनु आवश्यक ठानेर नै देशभक्त जनगणतान्त्रिक मोर्चाले स्थानीय निर्वाचनलाई क्रान्तिकारी उपयोग गर्ने नीति लिएको हो।

## क्रान्तिको तयारीको अर्को मोर्चा

संसारको कुनै पनि देशमा त्यसै देशका जनता सम्मिलित नभइकन क्रान्ति सम्पन्न हुन सक्दैन । नेपालका लागि पनि त्यही कुरा सत्य हो । यतिखेर नेपालमा वस्तुगत रुपमा क्रान्तिका लागि परिस्थिति परिपक्व छ, तर क्रान्तिकारी पार्टीको आत्मगत शक्ति कमजोर छ । यसको अर्थ हो नेपाली जनता यतिखेरै क्रान्ति गरिहाल्ने मुडमा छैनन्। एउटा ठुलो क्रान्तिकारी सफलताको सन्निकट पुगेर त्यसलाई प्रतिक्रान्तिले विस्थापित गरेका कारण जनतामा ठुलो निरासा पैदा भएको छ, जुन स्वाभाविक पनि हो । यसबेला क्रान्तिकारी आन्दोलन उभारमा होइन, उतारमा छ ।

त्यसकारण, यतिखेर क्रान्तिकारी पार्टीले निर्वाचनलाई सक्रिय बहिष्कार गर्ने नारा दिए पनि जनता त्यस प्रति उदासीन हुने संभावना बढी छ। १९ वर्ष सम्म स्थानीय तहको निर्वाचन नभएको अवस्थाले पनि जनतामा के भ्रम पैदा गराएको छ भने यो निर्वाचनले जनताका कैयौं समस्या समाधान गर्ने छ। त्यसकारण पनि बहिष्कार आन्दोलनले जनतालाई आकर्षित गर्ने संभावना कम छ । जनताबाट अलग भएर क्रान्तिको तयारी गर्न नसकिने भएकाले पनि यो निर्वाचनलाई उपयोग गर्नु क्रान्तिकारीहरुका लागि आवश्यक भएको हो।

अहिलेको अवस्थामा बाहिरी मोर्चा मात्र क्रान्तिको तयारीका निमित्त पर्याप्त नहुने भएकाले बाहिरी र भित्री दुबै मोर्चाबाट यसको तयारी गर्नु आवश्यक छ। त्यसैले चुनावको उपयोग क्रान्तिको तयारीका लागि सङ्घर्षको अर्को रुप पनि हो।

देशभक्त जनगणतान्त्रिक मोर्चाले यो प्रतिक्रियावादी व्यवस्था अन्तरगतको निर्वाचनलाई उपयोग गर्नु भनेको यो संविधानलाई वैधता दिनु कदापि होइन । जनताका दैनिक समस्या समाधानका लागि बढी भन्दा बढी पहलकदमी गर्नु र क्रान्तिकारीहरुका बिचमा एकता कायम गर्दै मोर्चा बनाई क्रान्तिको तयारी गर्नु हो । यी हरफ लेखिँदा सम्म स्थानीय तहको निर्वाचनको दोस्रो चरण पनि समाप्त भएको छ। पूर्वानुमान गरे जस्तै एमाले र नेपाली कांग्रेसले प्रायः सबै सिट जितेका छन्। तिनै यथास्थितिवादी र पश्चगामी पार्टीहरुले स्थानीय निकाय कब्जा गरेका छन्। सामान्य जनतालाई २०४६/०४७ सालकै झझल्को आइरहेको छ। यसबाट के कुरा स्पष्ट हुन्छ भने पश्चगमन अब संस्थागत भएको छ। देशलाई अग्रगमन तिर अघि बढाउन चाहनेहरुका लागि यो ठुलो धक्का हो। यसलाई चिरेर नेपाली समाजलाई अग्रगमनतिर अघि बढाउन क्रान्तिकारी आन्दोलन सङ्गठित गर्नु आवश्यक भएको कुरा राम्रो सँग बुझ्न सकिन्छ। यसरी देशभक्त जनगणतान्त्रिक मोर्चाको निर्वाचनलाई क्रान्तिकारी उपयोग गर्ने नीतिको औचित्य पुष्टि हुन्छ।

अनुवाद

# साम्यवाद सर्वहारा अधिनायकत्वका लागि सङ्घर्ष र बुर्जुवा संसदको उपयोग

## (क)

१. संसदवाद राज्य व्यवस्थाका रुपमा बुर्जुवा शासनको 'प्रजातान्त्रिक' स्वरुप बन्यो, जसलाई उसको विकासको खास चरणमा लोकप्रिय प्रतिनिधित्वको स्वरुप आवश्यक भयो। यद्यपि पछिल्लो चाहिं (लोकप्रिय प्रतिनिधित्व– अनुवादक) वास्तवमा शासक वर्गको हातमा दमन र उत्पीडन गर्ने हतियार बन्यो, यो वर्गहरु भन्दामाथि रहेर लोकप्रिय मतको सङ्गठनका रुपमा खुल्ला रुपले देखापऱ्यो।

२. संसदवाद भनेको राज्यको एक निश्चित स्वरुप हो। त्यसकारण, यो साम्यवादी समाज, जसमा न त वर्गहरु, न त वर्ग सङ्घर्ष न त कुनै किसिमको राज्यसत्ता नै हुन्छ, त्यसको एक रुप हुन सम्भव नै छैन।

३. संसदले बुर्जुवाहरुको अधिनायकवादबाट सर्वहाराको अधिनायकवादमा हुने संक्रमण कालमा सर्वहारा राज्य प्रशासनका रुपमा काम गर्न सक्दैन। तिखो वर्गसङ्घर्षको विभिन्न समयमा, अन्ततः गृहयुद्धमा विकास गर्दै सर्वहारा वर्गले एउटा लडाकु सङ्गठनमा रुपमा उसको आफ्नै राज्य सङ्गठन अवश्यभावी रुपले निर्माण गर्नैपर्छ, जसले पहिलेका शासक वर्गहरुका प्रतिनिधिहरुलाई बाहेक गर्दछ। यस चरणमा सम्पूर्ण जनसंख्याको चाहनाहरुलाई प्रदर्शित गर्ने 'लोकप्रिय मत' को अस्तित्वका बारेमा गरिने कुनै पनि बाहना सर्वहाराका लागि हानिकारक हुन्छ। संसदीय शक्तिपृथक्कीकरण आवश्यक छैन, वास्तवमा यो सर्वहाराको स्वार्थ विपरीत हुन्छ। सर्वहारा अधिनायकत्वको राज्यस्वरुप भनेको सोभियत गणतन्त्र हो।

४. बुर्जुवा संसद भनेका बुर्जुवा राज्ययन्त्रका एकदमै महत्वपूर्ण साधन हुन् र आम बुर्जुवा राज्य जस्तै, सर्वहारा वर्गका पक्षमा बनाउन सकिंदैन। गणतन्त्रात्मक होस् या संवैधानिक राजतन्त्रात्मक, सर्वहारा वर्गको काम भनेको त्यसलाई र त्यसका संसदीय संस्थाहरुलाई ध्वंस गर्दै बुर्जुवा राज्ययन्त्रलाई भत्काउनु हो।

५. ठिक त्यस्तै धारणा बुर्जुवाहरुका स्थानीय सरकारी संस्थाहरुप्रति अपनाउनु पर्दछ, जसलाई राज्य अंगहरुबाट फरक गराउनु सैद्धान्तिक रुपमा नै गलत हुन्छ। स्थानीय सरकारी निकायहरु पनि बुर्जुवा राज्ययन्त्रका साधनहरु हुन् र तिनलाई क्रान्तिकारी सर्वहारा वर्गले ध्वस्त गर्नै पर्दछ र मजदुर वर्गका प्रतिनिधिहरुका स्थानीय सोभियतद्वारा प्रतिस्थापित गरिनु पर्छ।

६. परिणामतः, साम्यवादले संसदवादलाई भविष्यको समाजको राज्यको रुपमा वा सर्वहारा वर्गको वर्गीय अधिनायकत्वका रुपमा मान्दैन। यसले (साम्यवादले) दीर्घकालीन आधारमा संसदलाई सर्वहारा उद्देश्यका पक्षमा बनाइरहने सम्भावनालाई अस्विकार गर्दछ। यसले (साम्यवादले) स्वयम् संसदवादलाई ध्वस्त गर्ने कार्य तय गर्दछ। यसबाट यो कुरा आउँछ कि बुर्जुवा संस्थाहरुलाई केवल तिनलाई ध्वस्त गर्ने उद्देश्यले मात्र प्रयोग गर्न सकिने छ। यो नै एउटा

मात्र उपाय हो कि तिनको (बुर्जुवा संस्थाहरु) उपयोग सम्बन्धी प्रश्नलाई प्रस्तुत गर्न सकिने छ।

## (ख)

७. हरेक राजनीतिक सङ्घर्ष वर्गसङ्घर्ष हो किनभने अन्तिम विश्लेषणमा यो सत्ताका लागि सङ्घर्ष हो। कुनै पनि हड्ताल जब देशभरि फैलिन्छ तब बुर्जुवा राज्यलाई थर्काउन थाल्दछ। यसरी एउटा राजनीतिक चरित्र ग्रहण गर्दछ। बुर्जुवाहरुलाई फ्याँक्न र त्यसको राज्यलाई झापड हान्न उद्दत हुनु भनेको राजनीतिक सङ्घर्षमा सहभागी हुनु हो। प्रशासन चलाउनका लागि सर्वहारा वर्गको राज्य साधन –त्यो साधनको स्वरुप जस्तोसुकै किन नहोस्–को रचना, र बुर्जुवा प्रतिरोधको दमनमा राजनीतिक सत्ताको विजय निहित हुन्छ।

८. यसको तात्पर्य राजनीतिक सङ्घर्षको प्रश्नलाई कुनैपनि तरिकाले संसदवादप्रति अपनाइने धारणाको प्रश्नमा झार्न सकिने छैन भन्ने हो। किनभने सर्वहारा वर्गसङ्घर्षले सानो र आंशिक मुठभेडबाट सम्पूर्ण पुँजीवादी व्यवस्थालाई फ्याँक्ने निर्णयमा विकास गर्दछ, यो एक आम प्रश्न हो।

९. बुर्जुवाहरु र त्यसको राज्यसत्ता विरुद्ध सर्वहारावर्गीय सङ्घर्षको एकदमै महत्वपूर्ण स्वरुप भनेको पहिलो र सबैभन्दा पहिलो जन कार्वाही हो, जुन एकीकृत, अनुशासित, केन्द्रीकृत कम्युनिस्ट पार्टीको आम नेतृत्वअर्न्तगत सर्वहारा वर्गको क्रान्तिकारी जनवर्गीय सङ्गठनहरु (युनियन, पार्टी, सोभीयत) द्वारा संगठित र निर्देर्शित भएको हुन्छ। गृहयुद्धको तात्पर्य युद्ध नै हो र त्यो युद्ध चलाउन सर्वहारा वर्गलाई सङ्घर्षका ती सबै क्षेत्रहरुमा सबै खालका कार्वाही चलाउन नेतृत्व गर्न सक्षम उसको आफ्नै अनुभवी राजनीतिक अधिकारीहरुको सैनिक इकाई र उसको आफ्नै सशक्त राजनीतिक सैनिक अधिकारीहरु आवश्यक पर्दछ।

१०. जनसङ्घर्ष भनेको क्रियाकलापहरुको सम्पूर्ण जालो हो, जसले पुँजीवादी राज्य विरुद्ध हुने उभारलाई बढ्दो रुपले सघन गराउँछ र तार्किकरुपले उच्चतामा पुऱ्याउँछ। जब जनसङ्घर्षले गृहयुद्धमा विकास गर्दछ, सर्वहारावर्गको नेतृत्वदायी पार्टीले, आम नियमका रुपमा, हरेक वैधानिक स्थितिलाई हासिल गर्नैपर्छ, जनसङ्घर्षको सम्पूर्ण अभियान सम्बन्धी योजनाको अधिनस्थ राख्दै ती सबैलाई उसको क्रान्तिकारी कार्यको सहायक केन्द्रहरुका रुपमा प्रयोग गर्ने गर्छ।

११. बुर्जुवा संसदको मञ्च भनेको त्यस्तै एउटा सहायक केन्द्र हो। तथ्य यो हो कि संसद भनेको बुर्जुवा राज्यसंस्था हो भनी संसदीय सङ्घर्षमा सहभागी हुने कुराका विरुद्ध तर्क गर्नू कुनै तर्क नै होइन। कम्युनिस्ट पार्टीले यस्तो संस्थामा संसदीय व्यवस्थाभित्रै त्यस्को समग्र अंशका रुपमा काम गर्नका लागि प्रवेश गर्दैन, तर संसदभित्रै कार्वाही चलाउनु हो जसले बुर्जुवा राज्यतन्त्र र संसद स्वयम्लाई धराशायी पार्न सहयोग गर्दछ। (उदाहरणका रुपमा जर्मनीमा लिब्नेख्त ६ र जारको दुमामा बोल्सेभिकहरु,७ "प्रजातान्त्रिक सम्मेलन"८ केरेन्स्कीको पूर्व संसद ९ 'संविधान सभा' १० र नगर दुमाहरु र, अन्ततः बुल्गेरियाई कम्युनिस्टहरुका गतिविधिहरु रहेका छन्।

१२. संसदीय गतिविधि, जसमा मुख्य रुपले क्रान्तिकारी विचारहरुको व्यापक प्रचार गर्ने, वर्ग दुस्मनहरुको संसदीय मञ्चबाट मुकुन्डो उघारिदिने र जनसमुदायहरु, जसले विशेषरुपले

पिछडिएका क्षेत्रहरुमा अझै संसदलाई आदर गर्दछन् र प्रजातान्त्रिक भ्रम पाल्छन, तिनीहरुको विचारधारात्मक लगावलाई अगाडि बढाउने कुराहरु रहन्छन्–यो गतिविधि निरपेक्षरुपले नै संसद बाहिर हुने जनसङ्घर्षका लक्ष्य र कार्यहरुका अधिनस्थ हुनै पर्छ।

चुनावी अभियानमा सहभागिता र क्रान्तिकारी विचारहरुका लागि मञ्चका रुपमा संसदको उपयोग भनेको अहिलेसम्म राजनीतिक जीवन र क्रान्तिकारी आन्दोलनबाट अलग–अलग रहेका कामदार वर्गका ग्रामिण मजदुर जनसमुदायका तप्काहरुका राजनीतिक जितबाजीका लागि विशेष महत्वको छ।

१३. कम्युनिस्टहरुले स्थानीय सरकारी निकायहरुमा बहुमत प्राप्त गर्नु पर्छ, उनीहरुले निम्नलिखित उपायहरुलाई अवलम्बन गर्नु पर्छ :

(क) बुर्जुवाहरुको केन्द्रीय प्राधिकरणसँग लड्नकालागि क्रान्तिकारी विपक्ष निर्माण गर,

(ख) दरिद्रतम वर्गका जनसंख्यालाई हरसम्भव तरिकाले सहयोग (आर्थिक उपायहरु, संङ्गठन, वा सशस्त्र मजदुरहरुका लडाकूहरुका प्रयत्नरत, सङ्गठन आदि) गर,

(ग) आधारभूत सामाजिक परिवर्तनको बाटोमा बुर्जुवा राज्यसत्ताले सिर्जना गर्ने अवरोधहरुको हर मौकामा भन्डाफोर गर,

(घ) राज्यसत्तासँग द्धन्द्व उत्पन्न गराउने खालको भए तापनि क्रान्तिकारी प्रचारलाई फैलाउन दृढ निश्चयी अभियान चलाउ,

(ङ) निश्चित परिस्थितिअर्न्तगत् स्थानीय सरकारी अंगहरुलाई कामदार वर्गका प्रतिनिधिहरुको सोभियतद्वारा विस्थापित गर।

स्थानीय सरकारी संस्थाहरुमा गरिने कम्युनिस्ट गतिविधि पुँजीवादी समाजलाई तोड्ने सङ्घर्षको अंशका रुपमा देखिनु नै पर्छ।

१४. चुनावी अभियान स्वयंम् अधिकतम संसदीय स्थानहरु प्राप्त गर्नका लागि होइन, बरु सर्वहारा क्रान्तिको नाराका वरिपरी जनसमुदायहरुको परिचालन गर्ने रुपमा संचालन गर्नै पर्छ। चुनावी सङ्घर्षमा पार्टी नेतृत्व मात्र होइन, पार्टी सदस्य र कार्यकर्ताहरु संलग्न हुनै पर्छ, त्यसै समयमा उत्पन्न हुने सबै जनकार्वाहीहरु (हडताल, प्रदर्शन, सशस्त्र सेना बिचका गतिविधिहरु आदि) अभियानका दौरानमा अंगीकार गर्नु अत्यावश्यक हुन्छ र तिनीहरुसँग निकट सम्बन्ध कायम गरिनु पर्छ। सर्वहारा जनसङ्गठनहरुलाई पनि चुनावको सेरोफेरोमा सक्रिय काममा तानिनु पर्दछ।

१५. यी प्रस्थापनाहरुका आधारमा र विशेष निर्देशनमा राखिएका सर्तहरुका साथ, संचालित हुन्छन् भने संसदीय कार्यले विभिन्न सामाजिक–जनवादी पार्टीहरु, जसले संसदमा त्यो 'प्रजातान्त्रिक' संस्थालाई समर्थन गर्न वा 'त्यसमा विजय हासिल गर्ने' उद्देश्यले प्रवेश गर्दछन, तिनिहरुद्वारा अपनाइने फोहरी राजनीतिक खेलहरुप्रति सिधा प्रतिवादको प्रतिनिधित्व गर्दछ।

## (ग)

१६. त्यसकारण संसदवाद विरोधी सिद्धान्त भनेको चुनावमा सहभागिताको निरपेक्ष र वर्गीय अस्विकारका वा क्रान्तिकारी संसदीय कार्यका रुपमा अपरिपक्व र केटाकेटी स्थिति हो, जो आलोचना सहनका लागि तयार हुँदैन। कहिलेकाहिँ यस्तो धारणाले सांसदहरुको

फोहरी खेलप्रति स्वस्थ असन्तुष्टि व्यक्त गर्दछ तर त्यति हुँदाहुँदै त्यो क्रान्तिकारी संसदवादको सम्भावनालाई पहिचान गर्नमा असक्षमता हो । यो स्थिति पार्टीको भूमिकाप्रतिको पुरै गलत दृष्टिकोणसँग बारम्बार जोडिएको छ – कम्युनिस्ट पार्टीलाई कामदार वर्गको लडाकू केन्द्रीकृत अग्रदस्ताका रुपमा होइन, बरु ढिलाढालारुपले जोडिएका समूहहरुका विकेन्द्रित परिपाटीका रुपमा हेरिन्छ।

१७. त्यतिखेर, जस्तोसुकै परिस्थिति भएपनि संसदीय मान्यता प्रदान गर्नुले सबै निर्वाचनहरु र संसदीय अधिवेशनहरुमा सहभागी हुने आवश्यकताको निरपेक्ष स्विकारोक्तिलाई इंगित गर्दैन । कुनै खास चुनाव वा अधिवेशनमा हुने कुरो विशेष अवस्थाको सम्पूर्ण प्रक्रियाहरुमा भर पर्दछ । कुनै निश्चित परिस्थितिको संयोजनले संसदबाट फिर्ता हुन आवश्यक बनाउन सक्दछ। बोल्सेभिकहरुले पूर्व–संसदलाई कमजोर पार्न, अवमूल्यन गर्न र त्यसको तिखो प्रतिरोधमा सेन्ट पिटर्सवर्ग सोभियत, जसले अक्टोवर क्रान्तिको नेतृत्व लिनेवाला थियो, लाई प्रस्तुत गर्नका लागि त्यसको परित्याग गरेका थिए। उनीहरुले राजनीतिक घटनाक्रमको केन्द्रविन्दुलाई सोभियतहरुको तेस्रो महाधिवेशन तर्फ रुपान्तरण गर्नका लागि संविधान सभाको विघटन हुँदाको दिन त्यसको परित्याग गरे। अन्य परिस्थितिमा निवार्चनको बहिष्कार गर्नु र सम्पूर्ण बुर्जुवा राज्ययन्त्र र शासक गुटलाई हटाउनका लागि सिधा कार्वाही गर्नु आवश्यक हुन सक्छ । विकल्पमा, संसदको बहिष्कार पश्चात चुनावमा भाग लिन आवश्यक हुन सक्छ आदि ।

१८. तसर्थ कम्युनिस्ट पार्टीले संसदीय र स्थानीय सरकारी अंगहरुको चुनावमा भाग लिने आवश्यकतालाई एक आम नियमका रुपमा अंगिकार गर्दा तत्क्षणको विशेष अवस्थालाई मूल्यांकन गर्दै प्रत्येक प्रश्नलाई अलग ढंगले निर्णय गर्नु पर्छ। चुनाव वा संसदको बहिष्कार अथवा संसदबाट फिर्ता आउने भन्ने कुराहरु प्रमुख रुपले सत्ताका लागि सशस्त्र सङ्घर्षको तत्काल परिचालनका लागि स्थिति पाकेको छ भन्ने स्विकारयोग्य हुन्छ।

१९. यस प्रश्नको तुलनात्मक अप्रमुखतालाई सधैं ध्यानमा राख्नु पर्दछ । जब राज्यसत्ताका लागि हुने सङ्घर्षको केन्द्रविन्दु संसद बाहिर रहन्छ तब त्यसको मूर्तीकरणका लागि सर्वहारा अधिनायकत्व र जनसङ्घर्षको प्रश्न संसदलाई कसरी प्रयोग गर्ने प्रश्न भन्दा स्पष्ट रुपले, धेरै हिसाबले बढी मुख्य बन्दछन्।

२०. त्यसकारण कम्युनिस्ट अनतर्राष्ट्रियले एकदमै दृढ ढंगले जोडदिन्छ कि यसले यत्ति एउटा प्रश्नको आधारमा कुनै फुट पार्न वा फुट पार्ने प्रयत्न गर्नु एक गम्भीर गल्ती हो भन्ने ठान्दछ । महाधिवेशनले ती सबै, जसले क्रान्तिकारी सर्वहारा वर्गको केन्द्रीकृत पार्टीको नेतृत्वअर्न्तगत् सर्वहारा अधिनायकत्वका लागि सशस्त्र सङ्घर्षको सिद्धान्तलाई स्वीकार्छन र जसले कामदार वर्गको सबै जनसङ्गठनहरुमा प्रभाव पार्ने काम गर्दछन बुर्जुवा संसदलाई कसरी प्रयोग गर्ने भन्ने प्रश्नमा हुने सम्भाव्य भिन्नताहरुका बावजुद सम्पूर्ण कम्युनिस्ट तत्वहरुको एकताका लागि उद्यत रहन आह्वान गर्दछ।

**(अनुवादः कम्युनिस्ट पार्टी र संसद (दोस्रो महाधिवेशन, कम्युनिस्ट अन्तर्राष्ट्रिय अगस्त १९२० मा पारित।**

**अनुवादकः परि थापा)**

राजनीतिक

# संसदीय निर्वाचनको क्रान्तिकारी उपयोग



प्रा डा ओम गुरुङ

पुँजीवादी राज्य व्यवस्थाले संसदलाई जनताको प्रतिनिधिमूलक राजनीतिक संस्था र निर्वाचनलाई स्वतन्त्र रुपमा आफ्नो इच्छानुसार प्रतिनिधि चुनेर सरकारमा पठाउने सबैभन्दा उत्तम लोकतान्त्रिक विधिको रुपमा लिने गर्दछ। उनीहरुले संसदीय निर्वाचनलाई लोकतन्त्रको आधार मान्छन्। उनीहरुको अनुसार लोकतन्त्रको सबैभन्दा सुन्दर पक्ष भनेकै निर्वाचनमा जनताले मत हाल्न पाउनु हो, किनकि निर्वाचनद्वारा जनताले आफ्नो अभिमत जाहेर गर्न पाउँछन्। पुँजीवादी लोकतन्त्रका हिमायतीहरुले निर्वाचनले संसदलाई जनता प्रति उत्तरदायी बनाउछ भन्ने तर्क गर्छन्। निर्वाचनले संसदलाई जनताको जीवनमा असर पार्ने कानुन, नीति तथा नियम बनाउन र निर्णय गर्न मद्दत पुऱ्याउँछ। संसदको निर्वाचनमा मतदान गर्नु भनेको व्यक्तिको राजनीतिक अधिकार मात्र होइन, मतदान गर्नु भनेको व्यक्तिको मानव अधिकार पनि हो। त्यसैले संसदको निर्वाचनमा जनताले मतदान गर्नु पर्दछ। लोकतन्त्रवादीहरुले बेलायत, अमेरिका र भारतको संसदीय व्यवस्थाको उदाहरण दिएर संसदीय व्यवस्थालाई संसारकै उत्कृष्ट राजनीतिक व्यवस्थाका रुपमा प्रस्तुत गर्ने गर्दछन्।

तर क्रान्तिकारी कम्युनिस्टहरुले संसदलाई पुँजीपति वर्गको स्वार्थ रक्षा गर्ने राज्य संयन्त्रको रुपमा लिने गर्दछन्। उनीहरुका अनुसार संसदबाट गरिब किसान, मजदुर र सर्वहारा वर्गको मुक्ति संभव हुँदैन। उनीहरुको मुक्ति सर्वहारा वर्गको नेतृत्वमा सम्पन्न क्रान्तिबाट मात्र संभव हुन्छ। क्रान्तिकारी कम्युनिस्टहरुको नजरमा संसदले सामान्य सुधार र विकासको नाममा जनतालाई ढाँट्ने, ठग्ने र क्रान्तिलाई अल्मल्याउने काम मात्र गर्दछ। संसदको निर्वाचनमा पुँजीपति र तिनका दलालहरुले धन पैसा खर्च गरेर तथा जनतालाई अनेक प्रकारका लोप लाल्चा र डर धाक देखाएर आफ्नो स्वार्थको रक्षा गर्ने व्यक्तिहरु बाहेक गरिब किसान, मजदुर तथा सर्वहारा वर्गका प्रतिनिधिहरुलाई चुनाव जितेर संसदमा आउन दिँदैनन्। कथम कदाचित गरिब किसान, मजदुर तथा सर्वहारा वर्गका प्रतिनिधिहरुले चुनाव जितेर संसदमा आएपनि उनीहरुलाई गरिब किसान, मजदुर र सर्वहारा वर्गको हक हितको लागि काम गर्न दिँदैनन्। त्यसैले क्रान्तिकारी कम्युनिस्टहरु संसदको निर्वाचनमा क्रान्तिकारी कम्युनिस्ट पार्टीले भाग लिनु हुँदैन भन्ने मान्यता राख्दछन्। यही सैद्धान्तिक मान्यताको आधारमा सन् १९०५ मा सम्पन्न रुसको संसद डुमा (Duma) को निर्वाचनमा रुसको कम्युनिस्ट पार्टी बोल्सेभिकले भाग लिएन। बरु उक्त पार्टीले रुसको संसदीय निर्वाचनको सशक्त बहिष्कार गऱ्यो। त्यतिबेला रुसमा बोल्सेभिक पार्टीले गरेको संसदीय निर्वाचनको बहिष्कारले सफलता पनि प्राप्त गऱ्यो।

सन् १९०४ को रुस–जापान युद्धको कारण रुसको स्थिति कमजोर हुदै गएको र रुसमा रुसी कम्युनिस्ट पार्टी बोल्शेभिकको नेतृत्वमा संचालित १९०५ को अक्टोबर क्रान्ति देशव्यापी रुपमा फैलिँदै गएकोले त्यसबाट अतालिएर रुसको जार शाहीले प्रशासनिक सुधारको नाममा १७ अक्टोबर १९०५ मा वालिग मताधिकार सहित रुसी संसद निर्वाचन घोषणा गऱ्यो। तर डुमालाई कानुन बनाउने कुनै विधायिकी

अधिकार दिइएन । वास्तवमा डुमाको घोषणा प्रशासनिक सुधारको नाममा रुसका निम्न वर्गीय पुँजीपति र किसानहरुलाई कम्युनिस्ट आन्दोलनबाट अलग्याउने र जार शाहीको अन्याय अत्याचार छेक्ने पर्दा मात्र थियो । त्यसैले रुसको कम्युनिस्ट पार्टीले १७ अक्टोबरमा जार शाहीले घोषणा गरेको डुमाको निर्वाचनलाई बहिष्कार गरे । त्यसपछि अक्टोबर क्रान्ति झन आगोको ज्वाला झैँ देशव्यापी रुपमा फैलियो र त्यही क्रान्तिको ज्वालामा लपेटिएर जार शाहीद्वारा घोषणा गरिएको डुमा भष्म भयो। त्यसपछि रुसका जारले कानुन बनाउन पाउने अधिकारसहित औपचारिक रुपमा रुसको प्रथम डुमाको निर्वाचनको पुनः घोषणा गऱ्यो । रुसको कम्युनिस्ट पार्टी बोल्सेभिकले प्रथम डुमाको निर्वाचनमा पनि भाग लिएन र त्यसको सशक्त बहिष्कार गऱ्यो। तर यस पटकको डुमाको बहिष्कार प्रभावकारी रुपमा पहिला झै सफल हुन सकेन। कारण सन् १९०५ पछि रुसको विभिन्न भाग (विशेषगरी सेन्ट पिटर्सबर्ग, मस्को, बुका, वार्सा, रिगा) मा ज्वारभाटाको रुपमा उठेको अक्टोबर क्रान्तिले रुसका जार शाहीको चर्को दमन खेप्नु पऱ्यो भने किसानहरुको संगठनात्मक कमजोरी, सरकारी सेना र रेल्वे मजदुरहरुबिच क्रान्तिप्रतिको अस्पष्टता आदिका कारण अक्टोबर क्रान्तिले ठुलो धक्का खानुपऱ्यो। फलस्वरुप न रुसको कम्युनिस्ट पार्टीको डुमा बहिष्कार प्रभावकारी हुन सक्यो, नत अक्टोबर क्रान्तिले सफलता नै पाउन सक्यो । तर डुमाले आफ्नो स्वार्थ अनुकूल काम गर्न नसकेको आरोप लगाई आफैले घोषणा गरेको पहिलो डुमालाई जार शाहीले डिसेम्बर १९०६ मा विघटन गरी १९०७ मा दोस्रो डुमाको निर्वाचन घोषणा गऱ्यो।

पहिलो डुमाको बहिष्कारपछि संसदीय निर्वाचनको उपयोग वा बहिष्कार के गर्ने भन्नेबारे रुसी कम्युनिस्ट पार्टी भित्र गम्भीर छलफल भयो । यसबारे लेनिनले रुसमा सम्पन्न सन् १९०६ को डुमाको निर्वाचनमा रुसको कम्युनिस्ट पार्टीले गरेको बहिष्कार असफलताको कारण दिँदै संसदको बहिष्कार सर्वहारा वर्गको क्रान्ति कमजोर भएको परिस्थितिमा गर्नु ठुलो भूल थियो भनेका छन्। सर्वहारा वर्गको क्रान्ति कमजोर भएको परिस्थितिमा पुँजीवादी संसदको बहिष्कार भन्दा उपयोग गर्दा क्रान्तिलाई सहयोग नै पुग्छ भन्ने उनको तर्क थियो। लेनिनले क्रान्तिकारी कम्युनिस्टहरुले संसदीय निर्वाचनमा भाग लिनुको उद्देश्य संसदमा पुगी पुँजीपति वर्गका प्रतिनिधिहरुले जस्तै साबिक बमोजिमको विधायिकी काम गर्नका लागि नभई त्यहाँ पुगेर संसदलाई सर्वहारा वर्गको क्रान्तिको पक्षमा वकालत गर्ने मञ्चको रुपमा प्रयोग गर्नको लागि हुनुपर्दछ भनेका छन्। यस अर्थमा क्रान्तिकारी कम्युनिस्ट पार्टीको लागि पुँजीवादी संसदमा भाग लिनु वा नलिनु महत्वपूर्ण कार्यनीतिक प्रश्न हो । यही आधारमा रुसी कम्युनिस्ट पार्टी बोल्सेभिकले सन् १९०७ मा सम्पन्न दोस्रो डुमाको निर्वाचनमा भाग लियो र निर्वाचनबाट रुसी कम्युनिस्ट पार्टीले राम्रो परिणाम पनि प्राप्त गऱ्यो। तर दोस्रो डुमा पनि आफ्नो स्वार्थ अनुकूलको भएन भनेर त्यसलाई पनि जार शाहीले एकाएक विघटन गरी डुमामा प्रतिनिधित्व गर्ने बोल्सेभिक र समाजवादी क्रान्तिकारी पार्टीका ६ दर्जन जति प्रतिनिधिहरुलाई गिरफ्तार गरी निर्वासित जीवन बिताउनका लागि साइबेरियातिर पठाइदियो।

सन् १९२० मा कम्युनिस्ट अन्तर्राष्ट्रियको दोश्रो महाधिवेशन सम्पन्न भयो। उक्त महाधिवेशनमा पनि संसदीय निर्वाचन नै कम्युनिस्टहरुबिच छलफलको मूल विषय बन्यो। त्यहाँ पनि क्रान्तिकारी कम्युनिस्ट पार्टीहरुले पुँजीवादी संसदीय निर्वाचनमा भाग लिन हुन्छ कि हुदैन भन्नेबारे नै गम्भीर बहस भयो। फ्रान्स, इङ्ल्याण्ड, जर्मनी, इटाली, रुस, स्विजरल्यान्ड आदि देशहरुबाट महाधिवेशनमा सहभागी कम्युनिस्ट नेताहरुले पुँजीवादी संसदको उपयोग वा बहिष्कारबारे फरक–फरक मतहरु राखे। उनीहरुमध्ये केही नेताहरुले पुँजीवादी संसद समाजवादतिर अगुवाई गर्ने संस्था होइन । यसले समाजलाई साम्यवादतिर लैजान पनि सक्दैन। पुँजीवादी संसदमा भाग लिनुको अर्थ

सर्वहारा वर्गको क्रान्तिलाई पछाडि धकेल्नु हो भन्दै उनीहरुले पुँजीवादी संसदको निर्वाचनलाई सशक्त रुपमा बहिष्कार गर्नुपर्दछ भन्ने प्रस्ताव अगाडि सारे। साथै उनीहरुले पुँजीवादी संसदको भन्डाफोर गर्नुपर्दछ र अन्ततः पुँजीवादी संसदलाई ध्वस्त पार्नु पर्दछ भन्ने जिकिर पनि गरे । तर लेनिनले रुसको उदाहरण दिदै संसदको उपयोग वा बहिष्कार क्रान्तिकारी कम्युनिस्टहरुको कार्यनीतिक प्रश्न हो र विशेष परिस्थितिमा पुँजीवादी संसदलाई पनि उपयोग गर्न सकिन्छ भन्ने तर्क पेस गरे। उनका अनुसार पुँजीवादी संसदले सर्वहारा वर्गको कहिल्यै प्रतिनिधित्व गर्न सक्दैन भन्ने स्पष्ट छ तापनि विशेष परिस्थितिमा त्यसलाई सर्वहारा वर्गको क्रान्तिको लागि उपयोग गर्न सकिन्छ। संसदको भन्डाफोर गर्न र त्यसलाई ध्वस्त पार्नको लागि पनि संसदमा भाग लिन जरुरी छ । पुँजीवादी संसद ऐतिहासिक रुपमै पुँजीवादी विकासको उपज भएकोले सर्वहारा वर्ग बलियो नभएसम्म त्यसलाई सजिलै ध्वस्त पार्न सकिँदैन । त्यसलाई ध्वस्त पार्नको लागि संसद भित्रै पसेर त्यहा भित्रका विकृति र विसंगतिबारे गरिब किसान, मजदुर र सर्वहारा वर्गलाई सचेत बनाउनु पर्दछ। सर्वहारा वर्ग र पछाडि पारिएका अन्य आम उत्पिडित जनसमुदायहरुले अझैसम्म पनि संसद प्रति विश्वास गर्ने हुँदा उनीहरु संसदको विरोधमा मार्क्सवादी–लेनिनवादी सिद्धान्तले मात्र विश्वस्त हुदैनन्। उनीहरुलाई पुँजीवादी संसदले राज्य संयन्त्रको रुपमा दलाल पुँजीपतिहरुको पक्षमा खेल्ने भूमिकाका विरुद्ध आन्दोलित बनाउन वास्तविक अनुभव पनि चाहिन्छ । त्यसैले उनीहरु स्वयमलाई पुँजीवादी संसदमै पठाएर संसद भित्रका विकृति, विसंगति र संसदको फोहोरी खेलबारे सुसूचित बनाउन आवश्यक छ। यस आधारमा लेनिनले संसदमा भाग लिनु अनुचित होइन भन्ने तर्क राखे। जर्मनी, फ्रान्स र इटालीका कम्युनिस्ट पार्टीहरुले पुँजीवादी संसदको क्रान्तिकारी उपयोग पहिल्यैदेखि गरिआएका थिए र सन् १९२० मा सम्पन्न कम्युनिस्ट अन्तर्राष्ट्रियको दोस्रो महाधिवेशनमा पनि लेनिनकै विचारमा सहमत जनाए।

नेपालमा पनि नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) ले संसदीय निर्वाचनलाई कार्यनीतिक प्रश्नको रुपमा लिएको छ. र सो पार्टीले अहिले नेपालमा सम्पन हुने संसदीय निर्वाचनमा भाग लिने निर्णय गरेको छ। यसअघि नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) ले विभिन्न राजनीतिक दलहरु संगको समन्वय र सहकार्यमा ३३ दलीय गठबन्धन निर्माण गरी २०७० सालमा सम्पन्न संविधान सभाको दोस्रो निर्वाचन बहिष्कार गरेको थियो। तर संविधानसभाको निर्वाचन बहिष्कार गरेको राजनीतिक दलहरुमध्ये धेरैजसो दलहरु सक्रिय बहिस्कारमा लाग्नु भन्दा आफै निर्वाचनमा विभिन्न राजनीतिक दलका उमेदबारहरुलाई आफ्ना मत दिई जिताउनतिर लागेकाले नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) एक्लैले गरेको संबिधानसभाको दोस्रो निर्वाचन बहिष्कार त्यति प्रभावकारी हुन सकेन। त्यतिबेलाको बहिष्कारबाट पाठ सिकेर नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) ले **'देशभक्त जनगणतान्त्रिक मोर्चा'** नामको संयुक्त मोर्चा गठन गरी सोही मोर्चामार्फत् २०७४ साल बैशाख २१ र असार १४ गते सम्पन्न स्थानीय तहको निर्वाचनमा भाग लिएको थियो। पार्टीको तर्फबाट स्थानीय तहको निर्वाचनमा मोर्चाले भाग लिनुको मूल उद्देश्य निर्वाचनमा पार्टीले आफ्नो उमेदवारहरुलाई जिताउनुभन्दा पनि लेनिनले भनेझैँ निर्वाचनको क्रान्तिकारी उपयोग गर्नु, संसदीय निर्वाचन मार्फत संसदीय व्यवस्था र प्रतिक्रियावादी शक्तिहरुको भन्डाफोर गर्नु, राष्ट्र र राष्ट्रियतामाथि भएको वैदेशिक हस्तक्षेपको विरोध गर्नु, नेपालका दलाल र भ्रष्ट सरकारले गरेका राष्ट्रघाती सन्धिहरु तथा जनजीविका सवालहरुबारे नेपाली जनतालाई सुसूचित गराउनु थियो। त्यसका अतिरिक्त निर्वाचन मार्फत पार्टीको संगठन निर्माण र विस्तार गर्नु पनि पार्टीले निर्वाचनमा भाग लिनुको अर्को महत्वपूर्ण उद्देश्य थियो । तर स्थानीय निर्वाचनको परिणाम पार्टीको अपेक्षा अनुरुप आउन सकेन । यसबाट पार्टी पंक्तिभित्रका केही नेता कार्यकर्ताबिच निराशा

उत्पन्न भएको छ । तर स्थानीय तहको निर्वाचनको परिणामबाट अहिले नै निराश हुनुपर्ने जरुरी छैन ।

स्थानीय तहको दुई चरणको निर्वाचन सम्पन्न भएपछि नेकपा (क्रान्तिकारी माओवादी) को केन्द्रीय सल्लाहकार समिति र पार्टीको केन्द्रीय समितिको छुट्टा–छुट्टै बैठकमा स्थानीय तहको निर्वाचनको समीक्षा पनि गरिएको थियो । बैठकमा उपस्थित केन्द्रीय सल्लाहकार समतिका सदस्यहरु र पार्टी केन्द्रीय समितिका सदस्यहरुले स्थानीय तहको निर्वाचनमा पार्टीले गरेको अपेक्षानुरूप सफलता प्राप्त गर्न नसक्नुका धेरै कारणहरु औँल्याए । ती कारणहरुमध्ये मुख्यगरी ठुला भनिने सत्तासीन राजनीतिक दलहरु नेपाली कांग्रेस र नेकपा (माओवादी केन्द्र) तथा प्रतिपक्षमा रहेको नेकपा (एमाले) ले साना राजनीतिक दलहरुको अस्तित्व मेटाउने गरी उनीहरु प्रति अपनाएको निषेधको राजनीति, उनीहरुबिच भएको अपवित्र चुनाबी गठबन्धन, राज्यसत्ता र राज्यको सोत/शक्तिको दुरुपयोग, वैदेशिक हस्तक्षेप, साना दलहरुप्रति निर्वाचन आयोगको विभेदकारी नीति (दल दर्ता नगरिदिनु र उनीहरुलाई चुनाव चिन्ह पनि नदिनु), चुनाबमा खटिएका कर्मचारी र सुरक्षाकर्मीहरुले साना राजनीतिक दलहरुप्रति गरेको पक्षपाती पूर्ण व्यवहार, चुनावका बेला ठुला भनिएका राजनीतिक दलहरुले आचारसंहिता विपरीत गरेको धनबल र बाहुबलको अत्यधिक प्रयोग र तिनका जालझेल तथा छलकपट आदि प्रमुख कारणहरु हुन् भने नेपाली जनतामा संसदीय निर्वाचनप्रति पलाएको अस्वाभाविक आशा र मोह, राजनीतिक विचार विपरीत मेरो मान्छे र मेरो गाउँ/भेगले जित्नैपर्छ भन्ने सामाजिक मनोविज्ञान, व्यक्तिगत हठ र प्रतिष्ठा, राजनीतिक दलका नेताहरुले पारेको भ्रम र दिएको झुठा विकासे आश्वासनप्रति नेपाली ग्रामीण जनताको विश्वास आदि स्थानीय तहको निर्वाचनमा नेकपा (क्रान्तिकारी माओवादी) को अपेक्षा अनुरुप चुनावी परिणाम आउन नसक्नुका सहायक कारणहरु हुन् । यस बाहेक पार्टीको आफ्नै आन्तरिक कमजोरीका कारण पनि स्थानीय तहको निर्वाचन परिणाम प्रभावित भएको छ । चुनावको लागि पार्टीले पूर्व तयारी गर्न सकेन । यसरी बिना तयारी चुनाबमा जानु, पार्टीले चुनाव चिन्ह पाउन नसक्नु, पार्टीको घोषणापत्र समयमै स्थानीय तहको चुनाव क्षेत्रहरुमा पुग्न नसक्नु, चुनाबी तालमेलको लागि पार्टीले जिल्ला र स्थानीय तहका नेता तथा कार्यकर्ताहरुलाई समयमै स्पष्ट नीति तथा निर्देशन दिन नसक्नु, पार्टीका केही नेताहरुले पार्टीको नीति तथा निर्देशन विपरीत आफुखुसी चुनाबी तालमेल गर्नु, चुनाबी क्षेत्रहरुमा पार्टीको नेतृत्व पंक्ति परिचालित हुन नसक्नु र उनीहरुले चुनावको अनुगमन र सुपरिवेक्षण पनि गर्न नसक्नु तथा पार्टी कार्यालयमा सोत साधनको अभाब हुनु स्थानीय चुनाब पार्टीको अपेक्षानुरुप हुन नसक्नुका थप कारणहरु हुन् । तथापी स्थानीय निर्वाचनबाट निराश र हतोत्साही हुनुपर्ने अवस्था भने होइन । विभिन्न कठिनाइ र कमी कमजोरीका बाबजुद पनि स्थानीय तहको निर्वाचनबाट पार्टी र पार्टी कार्यकर्ताहरुलाई संसदीय निर्वाचनबारे प्रशस्त अनुभब प्राप्त भएको छ । निर्वाचनका बेला जनताका दैनिक सरोकारका मुद्दाहरु पार्टीले जोडदार रुपमा उठाउन नसके तापनि जनताका बिच पार्टीको उपस्थिति पुगेकोले पार्टीको पहिचान स्थापित भएको छ। एक दुइवटा निर्वाचन क्षेत्रमा पार्टीको तर्फबाट केही प्रतिनिधिहरु निर्वाचित पनि भएका छन् । अतः संसदीय व्यवस्था अन्तर्गत सम्पन्न भएको स्थानीय तहको निर्वाचनबाट प्राप्त अनुभव र नेपालमा कम्युनिस्ट आन्दोलनको उभार आइ नसकेको अवस्था समेतलाई गंभीर रुपमा मनन गरी संसदीय निर्वाचनलाई पार्टी र क्रान्तिको लागि परिस्थिति अनुसार उपयोग र बहिस्कार गर्न आवश्यक छ । त्यसको लागि मोर्चा र पार्टीको सबै तह र तप्काबाट पूर्ण रुपमा पूर्व तयारी गरी अब सम्पन्न हुने संसदीय निर्वाचनमा अगाडि बढ्नु पर्दछ ।

अर्थतन्त्र

# नेपालमा बेरोजगारी समस्या र नयाँ जनवादी क्रान्ति



सीताराम तामाङ

## १) विषय प्रवेश

पुँजीवादी उत्पादन सम्बन्ध अन्तरगत बेरोजगारी (Unemployment) टार्न नसकिने एउटा सामाजिक–आर्थिक समस्या हो, जहाँ काम गर्न सक्ने श्रमशक्तिको एउटा विशेष हिस्साले रोजगारी पाउन सक्तैन । किनभने यो व्यवस्था अन्तर्गत उत्पादनका साधनहरुको वितरण अयोग्य तथा अपव्ययी तरिकाबाट गरिन्छ र सम्पूर्ण उत्पादन–यन्त्रहरु बजारको माग एवं मूल्य–यन्त्रद्वारा सन्चालित हुन्छ । यसले गर्दा धन र आय वितरणमा भारी विषमता हुने गर्छ । सीमित पुँजीपतिवर्ग धनी हुँदै जाने र श्रमिक वर्ग निर्धन र शोषित हुँदै जाने हुन्छ । फलतः विकसित पुँजीवादी मुलुकहरुमा सामुहिक उत्पादन र व्यक्तिगत खर्च गर्ने प्रणालीले गर्दा प्रभावपूर्ण मागको अभाव बेरोजगारीको मुख्य कारण हुन्छ । जति पुँजीवादको बृद्धि हुँदै जान्छ, बेरोजगारको ताँती पनि बढ्दै (Researve army) जान्छ । तर नेपाल पुँजीवादी नभएर पुँजीवाद उन्मुख अर्ध–सामन्ती तथा अर्ध/नव–उपनिवेशिक अवस्थाको मुलुक भएकोले यहाँ बेरोजगारीको स्वरुप संरचनात्मक रहेको छ । बेरोजगारीको मुख्य कारण मुलुकको श्रमशक्तिको समुचित उपयोगको अभाव हो । यहाँ सामान्य वेरोजगार भन्दा पनि अर्ध–बेरोजगार/छद्‌म बेरोजगारको संख्या ठुलो रहेकोछ । राष्ट्रिय योजना आयोगको सन् १९८७को एउटा रिपोर्टमा “नेपाललाई विश्वकै गरिबतम् मुलुकमा पर्ने र यहाँको गरिबी कृषिक्षेत्रमा व्यापक रहेको छद्‌म बेरोजगारी हो” भनिएको थियो । योजना आयोगको अर्को रिपोर्ट सन् २०१३ अनुसार नेपालमा श्रम उमेरका (१५–५९ बर्ष) जनसंख्या ५६.९६ प्रतिशत छ र करिब ३०.० प्रतिशत सक्रिय जनशक्ति बेरोजगार वा अर्ध–बेरोजगार रहेकोछ । उक्त रिपोर्टमा प्रतिवर्ष झण्डै ४ लाख ५० हजार ब्यक्ति श्रम बजारमा प्रवेश गर्ने पनि उल्लेख छ (रा.यो.आ, आधारपत्र, २०१३) ।

ILO (2011) ले अर्ध–वेरोजगारीलाई समयको वा ज्यालाको हिसावले अपूर्ण, वा कामको प्रकृति र श्रमिकको योग्यता बिच खिचडी पार्ने कार्यको रुपमा परिभाषित गरेको नेपाल श्रमशक्ति सर्भेले (NLFS-2009) अर्ध/छद्‌म श्रम–उपयोग दरभित्र(labour under- utilization rate) बेरोजगार,कमजोर आय भएको र वेमेल ( mismach) समावेश र त्यस्को संख्या ३०.० प्रतिशत देखाएकोछ । सन् २०१०/११मा भएको अर्को सर्भे (NLSS-2010/11) अनुसार नेपालमा बसाइ सराइ गर्नेको संख्या ३६.९ प्रतिशत थियो । त्यसमध्येृ गाउँबाट बसाई सर्ने ८१.२ प्रतिशत, सहरबाट बसाई सर्ने ७.० प्रतिशत र अन्य देशबाट बसाइ सर्ने ११.८ प्रतिशत थियो । कुल जनसंख्याको २०.३ प्रतिशत अनुपस्थित (घर छोडेका) (विदेशमा गएका समेत) थिए (त्यसमा घर छोडेका तर नेपालभित्रै रहेका ५७.० प्रतिशत र नेपाल बाहिर रहेका ४३.० प्रतिशत) । सन् २०१०।११मा कूल परिवारको ५५.८ प्रतिशतले विप्रेषण (Remittances) पाएका थिए र

त्यो आम्दानी ३०.९ प्रतिशत थियो। घर परिवारले प्राप्त गर्ने विप्रेषणको हिस्सा नेपालभित्रबाट १९.६ प्रतिशत, भारतबाट ११.३ प्रतिशत र अन्य मुलुकहरुबाट ६९.१ प्रतिशत रहेको थियो।

उक्त अध्ययनहरुबाट निम्न कुराहरु देखिन्छन्।

- नेपाल विश्वका गरिवतम् मुलुकहरुमध्येमा पर्दछ।
- यहाँ बेरोजगारको संख्या ठुलो छ र त्यसको अत्यधिक भार गाउँले (अर्ध–बेरोजगारीको) बोक्नु परेको छ।
- सहरमा औद्योगिक विकासको अभाव छ। देशको ठुलो जनशक्ति कामको खोजीमा घर छोडेका छन्।
- प्रतिवर्ष भण्डै ४ लाख ५० हजार व्यक्ति श्रम बजारमा प्रवेश गर्दछन्।
- विप्रेषणबाट मुलुकको अर्थतन्त्रलाई ठुलो भरथेग भएको छ।

प्रतिवर्ष झन्डै ४ लाख ५० हजार व्यक्ति श्रम बजारमा प्रवेश गर्ने नेपाल जस्तो गरिबतम मुलुकले भोग्नु परेको

बेरोजगारीको समस्याको अध्ययन अहिलेको चासोको विषय हो। यो समस्या विकराल बन्दै गइरहेको छ जसको राज्य निकास दिन असमर्थ छ।

## २) बेरोजगारी समस्यालाई कसरी बुझ्ने ?

अल्प/अर्ध विकसित मुलुकहरुको एउटा प्रमुख समस्या भनेको ठुलो मात्रामा वेरोजगारी र छद्‍म बेरोजगारी हो।अर्थशास्त्रीहरु के कुरामा सहमत छन् भने "यस प्रकारका देशहरुमा धेरै श्रमशक्ति यस कारण बेरोजगार तथा अर्ध/ छद्‍म बेरोजगार बनेका होइनन् कि उनीहरु काम गर्नुको सट्टा त्यसै बस्न मन पराउँछन् बरु यसकारणले हो कि उनीहरुलाई काम दिनका लागि आवश्यक अवसर र साधनहरुको अभाव हुन्छ" (Baler and yamey, The Economics under-developed countries P.74)। नेपालको सन् २०१३को योजना आयोगको एउटा रिपोर्टमा भनिएको छ "देशभित्र पर्याप्त रोजगारीको अवसरको अभावले विदेशी रोजगारीका लागि उच्च दरमा श्रमशक्तिले पलायन गरेकोछ, करिब १५०० युवा प्रतिदिन देश छोड्छन्" (तेह्रौं योजना : २०१३–०१६)। यसबाट यो कुरो बुझ्न सकिन्छ कि देशमा विद्यमान र प्रतिवर्ष थप हुने श्रमशक्तिलाई पर्याप्त रोजगारी दिन नसक्ने अवस्था कायम हुनु भनेको नै बेरोजगारी समस्या हो। बेरोजगारी समस्या पुँजीवादी अर्थव्यवस्थाको एक मुख्य समस्या नै हो। तर वर्तमान नेपाल पुँजीवादी उत्पादन प्रणाली भएको मुलुक नभएर अर्ध–सामन्ती तथा अर्ध–औपनिवेशिक उत्पादन सम्बन्ध भएको मुलुक हो। यहाँ ग्रामीण सामन्ती उत्पादन सम्बन्ध विघटनको दिशामा छ तर साम्राज्यवादी एकाधिकार पुँजीका दलाल तथा नोकरशाही पुँजीपतिवर्गले औद्योगिक पुँजीवाद तर्फको विकासमा बाधा हालेका छन्। यसकारणले गर्दा कृषिक्षेत्रले धान्न नसकेको श्रमशक्ति सहरमा औद्योगिक लगायत अन्य खपत गर्न सक्ने क्षेत्रहरु बन्न सकेनन्। फलतः त्यो श्रमशक्ति बेरोजगार हुन पुग्यो। प्रत्येक बर्ष थपिने श्रमशक्तिले बेरोजगारी समस्या अझै विकराल बन्दै जाने छ। औद्योगिक उत्पादन प्रणालीमा पूर्ण प्रतियोगिता/अपूर्ण प्रतियोगिता अन्तरगत कतिपय अवस्थामा मजदुरहरु बेरोजगार हुन्छन्। वर्षदिनसम्म एउटा मजदुरले काम पाउन सकेन भने त्यो "पूर्ण बेरोजगार" अवस्था हो। नेपालमा औद्योगिक पुँजीवादको विकास भई नसकेको अवस्थाको कारण पूर्ण बेरोजगारको संख्या कम छ। NLFS (२००८) बेरोजगार २.१ प्रतिशत, अर्ध–बेरोजगार ६.७ प्रतिशत र रोजगार ९१.२ प्रतिशत देखाएको छ। बेरोजगार अर्ध/छद्‍म बेरोजगार र बेमेल (mismach) NLFS (२००८)ले श्रमको अर्ध–उपयोग

दर (under-utilization rate) भित्र राखेको छ।

क) बेरोजगार

ख) अर्ध–बेरोजगार (प्रतिहप्ता ४० घण्टाभन्दा कम श्रम लगाउने)

ग) कमजोर आय (छद्म बेरोजगार)

घ) बेमेल (mismach) (खिचडी)

उक्त आधारहरुलाई निम्न तालिका (नं.–१) मा प्रस्तुत गरिएको छ।

**ता. नं. १ः जातीय समूहको आधारमा श्रमको अर्ध–उपयोग दर (प्रतिशतमा)**

| जातीय समूह | बेरोजगार (१) | अर्ध-बेरोजगार (२) | कमजोर आय (३) | बेमेल (४) | जम्मा अर्ध-उपयोग (१+२+३+४) | पूर्ण उपयोग |
|---|---|---|---|---|---|---|
| पहाडी बाहुन/क्षेत्री | २.७ | ६.५ | ४.२ | १९.९ | ३३.३ | ६६.७ |
| तराई जात समूह | १.९ | ५.६ | ११.१ | ११.८ | ३०.५ | ६९.५ |
| पहाडी दलित | १.३ | ८.२ | ७.१ | ५.९ | २२.५ | ७७.५ |
| तराई दलित | २.० | १०.६ | ३१.३ | ३.१ | ४७.० | ५३.० |
| पहाडी जनजाति | २.० | ५.३ | ५.८ | १२.५ | २५.६ | ७४.४ |
| तराई जनजाति | १.७ | ९.६ | १२.२ | ९.१ | ३२.६ | ६७.४ |
| मुस्लिम | १.२ | ७.१ | १३.८ | ५.५ | २७.५ | ७२.५ |
| अन्य | २.१ | ५.६ | ९.७ | १३.७ | ३१.१ | ६८.९ |
| जम्मा | २.१ | ६.७ | ८.१ | १३.२ | ३०.० | ७०.० |

*Source : Nepal Labour Force Survey- 2008. Wmpiled by CDSA, T. II; kathmandu, Nepal.*

उक्त तालिकाले सन् २०१३को आंकडा अनुसार नेपालमा श्रम–उमेरको जनसंख्या (१५–५९ वर्ष) करिब ५७ प्रतिशत र त्यसको आधाभन्दा बेसी (३० प्रतिशत) सक्रिय जनशक्ति बेरोजगार/अर्ध–बेरोजगार/छद्म बेरोजगार/बेमेल अवस्थामा रहेको देखाउँदछ। ग्रामीण कृषिबाट ८१.२ प्रतिशत र सहरबाट ७.० प्रतिशतले अर्ध–बेरोजगार (श्रमको अर्ध–उपयोग) रहेको देखिन्छ। यी ग्रामीण श्रमशक्तिको ठुलो हिस्सा भारत र अन्य मुलुकमा अर्ध–दक्ष/अदक्ष कामदारको रुपमा पलायन भएको देखिन्छ। यसले एकातिर श्रमशक्ति पलायन हुने र अर्कोतिर कृषिभूमि बाँझो रहने हुँदा उत्पादनमा पनि गम्भीर असर पुर्‍याएकोछ। जे होस नेपालमा बेरोजगार/अर्ध–बेरोजगार/कमजोर आय (छद्म बेरोजगार) र बेमेलको समस्या विकराल रहेको कुरामा दुई मत छैन।

- विद्यालय शिक्षा र अपेक्षित रोजगारी बिचको बेमेल र "कृषि एउटा सम्मानजनक पेसा होइन" भन्ने मान्यताले पनि श्रम प्रबासन बढाउन मद्दत गरिएको छ। विद्यालय शिक्षा प्रथमतः रोजगारमैत्री छैन र दित्तीयतः ठुलो संख्यामा

एस.एल.सी.मा उत्तीर्ण (२०१४ मा अनुतीर्ण ४५ प्रतिशत) गरिन्छ । तृतीय ग्रामीण कृषि–उत्पादनले युवाहरुको अपेक्षित आय पुरा गर्न सक्तैन । एउटा अध्ययनले के देखाएको छ भने युवाहरु पनि ८० हजारदेखि १ लाख रुपैयाँसम्म कमाउने अपेक्षा राख्छन् । खेतीबाट कमाउन सक्ने वास्तविक आम्दानीभन्दा तिन गुणा बढी ।

नेपाल जीवनस्तर सर्भे २०१०/११ले कृषिलाई रोजगारीको प्रमुख क्षेत्र मानेको छ । यसले देशको सम्पूर्ण जनसंख्याको ६६ प्रतिशतलाई रोजगारी दिएको देखाउँछ (६६ प्रतिशत स्वरोजगारी र ३ प्रतिशत ज्यालादारी रोजगारी) । अर्कोतिर गैरकृषि क्षेत्रमा २५ प्रतिशत जनशक्तिले मात्र रोजगारी पाएका छन्। शिक्षा प्रणाली र रोजगारी क्षेत्रका बिचको यो बेमेलको एउटा दह्रो परिणाम हो।

**ता. नं. २ : रोजगारीका क्षेत्रहरु (प्रतिशतमा)**

| क्षेत्रहरु | पुरुष | महिला | दुवै |
|---|---|---|---|
| कृषिमा स्वरोजगारी | ५३.८ | ६७.७ | ६१.३ |
| कृषिमा ज्यालादारी रोजगारी | २.७ | २.८ | २.८ |
| गैर–कृषिमा स्वरोजगारी | १७.१ | ९.० | १२.७ |
| गैर–कृषिमा ज्यालादारी रोजगारी | २०.९ | ५.७ | १२.६ |
| विस्तारित आर्थिक क्रियाकलाप | ५.६ | १४.८ | १०.७ |

स्रोत : नेपाल जीवनस्तर सर्वे, २०१०/११

## ३) राज्य के गर्दैछ ?

- NLSS-2011 को अनुसार १९९५/९६ र २०१०/११को वीचमा ११ प्रतिशतले रोजगारको संख्या बढेको देखिन्छ । १९९५/९६मा ६७.२ प्रतिशत, २००३/०४मा ७४.३ र २०१०/११मा ७८.३ प्रतिशत पुगेको थियो (CBS-2011/NLSS-2011) । उक्त अवधिमा बेरोजगारी ३.४ प्रतिशतबाट १.८ प्रतिशतमा र सक्रिय नरहेका जनसंख्या पनि २९.४ प्रतिशतबाट १९.९ प्रतिशतमा झरेको देखिन्छ । राज्यको उक्त आंकडाको वावजुद आ.व. २०१०/११मा गरिबको रेखामुनी २५.१६ प्रतिशत अर्थात ७० लाख जनसंख्या रहेको देखिन्छ । गरिबीको रेखामुनी अधिकांश दलित, आदिवासी, मधेसी, महिला, पिछडिएको क्षेत्रमा बसोबास गर्ने, अपाङ्ग र सहरमा जोखिम मोलेर बसेका जनता पर्दछन्।
- त्यसरी नै कूल जनसंख्याको ४०.३४ प्रतिशत युवा छन्। ती मध्ये १६–२४ वर्षकालाई शिक्षामा जोड दिनु पर्ने र २५–४० वर्षकालाई देशभित्रै रोजगारी, स्वरोजगारी र उद्यम विकासमा लगाउनु पर्ने देखिन्छ। तर यही शक्ति नै दक्ष, अर्ध–दक्ष र अदक्षको रुपमा देश बाहिर पलायन भएका छन्।
- राज्यले गरेको गरिबी निवारण, युवा स्वरोजगार, श्रम र रोजगारी, दीगो विकास, पूर्वाधार विकास, आदि कार्यक्रमबाट बेरोजगारीको विकराल बन्दै गएको समस्या समाधान हुने देखिँदैन। किनभने राज्यले देशभित्रै रोजगारीको अवसर पाप्त गर्ने औद्योगिक पुँजीवादी उत्पादन प्रणालीको विकासमा जोड दिनुको सट्टा विदेशबाट विप्रेषण आउनमा कमी नहोस भन्नेमा जोड दिएको देखिन्छ।

## ४) पुँजीवाद र रोजगारीको बाधक तत्वहरु

- पुँजीवादी उत्पादन प्रणालीको आफ्नै अन्तर्निहित खराबीका कारणले गर्दा पूर्ण रोजगारी सम्भव हुँदैन । औद्योगिक क्रान्तिले परम्परागत कृषि

उत्पादन प्रणालीमा आश्रित (अतिरिक्त) श्रमशक्तिलाई गैर–कृषि क्षेत्रमा स्थानान्तरण गर्न ठुलो मद्दत गर्दछ । र साथै ग्रामिण कृषिमा पनि पुँजीवादको विकास हुँने हुँदा थप श्रमशक्ति ग्रामीण क्षेत्रमा नै खपत हुन जान्छ। तर अहिलेको विकासको प्रवृत्ति औद्योगिक पुँजीवादतर्फ निर्देशित छैन, बरु दलाल र नोकरशाही पुँजीपति वर्गले यसलाई विकृत (दलाल पुँजीवादतर्फ तानिएको !) रुप दिएको छ।

- नेपाल अर्ध–सामन्ती तथा अर्ध/नव–औपनिवेशिक अवस्थामा रहेको अत्यन्त अल्प विकसित मुलुक हो । दलाल तथा नोकरशाही पुँजीपति र भर्खरै पराजित सामन्त वर्गको हातमा यहाँको राज्यसत्ता रहेको छ र यिनका प्रतिनिधि राजनीतिक पार्टी–नेतृत्वहरुले विदेशी शक्तिको निर्देशन र भाटगिरी गरी सत्ता टिकाएका छन् ।
- भारतसँग भएको सन् १९५० को सन्धि लगायत थुप्रै असमान सन्धि–सम्झौताहरुले बाँधिएका छन् । प्राकृतिक स्रोत–साधनहरु भारतलाई बुझाएका छन् ।
- नेपाल– भारत बिच खुल्ला सिमाना छ। नेपालको व्यापारमा भारतीय पुँजीको एकाधिकार रहेकोछ।
- मित्र राष्ट्रहरुले सित्तैमा बनाई दिएका उद्योग–धन्दाहरु पनि साम्राज्यवादको उदारीकरण र निजीकरणको नीतिलाई सघाउन कौडीको दाममा दलाल पुँजीपतिहरुलाई बिक्री गरेका छन् ।
- आजसम्म विकासका पूर्वाधारहरु समेत खडा गरिसकेका छैनन् ।बुर्जुवा संसदीय व्यवस्था आफैँमा भ्रष्टाचारी ब्यवस्था हो । दल खोल्ने, चुनावमा जनतालाई भ्रष्ट बनाउने, सरकारमा जाने र भ्रष्ट्चार गर्ने। नेपालमा भ्रष्टाचार संस्थागत भएको छ ।
- स्वतन्त्र मुलुक र स्वाधीन राष्ट्रिय पुँजीवादी अर्थतन्त्रको निर्माण र विकासका लागि माथि उल्लेखित तत्वहरु र तिनका क्रियाकलाप बाधक छन् । जबसम्म मुलुक स्वतन्त्र र स्वाधीन राष्ट्रिय पुँजीवादी विकासको गतिमा हिड्दैन बेरोजगारीको समस्या कसरी हल हुन सक्तछ !!

## ५) समस्याभित्रै समाधान लुकेको हुन्छ

त्यसका लागि पहिलो काम समस्याको सही कारणपत्ता लगाउनु र दोस्रो, उचित प्रेस्कृप्सन दिनु हो । हामीले नेपालमा विकराल बन्दै गएको बेरोजगारी समस्याका कारणबारे माथि छलफल गरेका छौं र के निष्कर्षमा पुगेका छौं भने दलाल र नोकरशाही पुँजीपतिवर्ग र भर्खरै पराजित सामन्तवर्गको हातमा रहेको पिछडिएको सामाजिक उत्पादन सम्बन्ध अर्थात् अर्ध–सामन्ती तथा अर्ध/नव–औपनिवेशिक अर्थराजनीतिक संरचना नै विकासको मुख्य बाधक एवं विकराल देखिएको बेरोजगारी समस्याको जरो हो । तसर्थ यही अर्थ राजनीतिक संरचनाभित्र विकास हुने, विकासको प्रतिफल जनताले पाउने र बेरोजगारी अन्त्य हुने भनेको नेपालमा कल्पना (autopia) मात्र हो। हाम्रो जस्तो अल्पविकसित त के विकसित पुँजीवादी मुलुकमा पनि बेरोजगारी समस्या अहिले सबैभन्दा ठुलो समस्या भएकोछ । ठुला अर्थशास्त्री प्रो. पिगुको अनुसार, “समाजवादी अर्थव्यवस्थामा वेरोजगारी समस्याको समाधान पुँजीवादी अर्थव्यवस्थामा धन्दा अधिक उत्तम, योग्य र सुगम हुन्छ, यसका कुनै शंका छैन” (समाजवाद विरुद्ध पुँजीवाद, पृ. ६९)। व्यवहारमा पनि हामीले देख्तछौं कि लेनिन र स्टालिन कालीन सोवियत संघ र माओकालीन समाजवादी चीनमा बेरोजगारी समस्याको हल भएको वा नगन्य रुपमा रहेको पाउँछौं । रुसमा १९५६ र चीनमा १९८० मा पुँजीवाद पुनर्स्थापना भएपछि त्यहाँ पुँजीवादमा देखिने समस्याहरुका साथै बेरोजगारी समस्या पनि गम्भीर बनेका छन् । तसर्थ नेपालमा दलाल–

नोकरशाही पुंजीपति वर्ग र भर्खरै पराजित सामन्ती वर्गको हातमा रहेको विद्यमान सामाजिक–आर्थिक संरचनालाई (Socio-Economic formation) ध्वस्त पारेर त्यसको ठाउँमा नयाँ जनवादी (र समाजवादी) संरचना निर्माण गरेपछिमात्र बेरोजगारी समस्याको दीर्घकालीन हल खोज्न सकिन्छ।

कार्ल मार्क्सको अनुसार आर्थिक संघर्ष केवल पुँजीवादको परिणामहरुको विरुद्ध मात्र लक्षित हुन्छ, सर्वहारावर्गको उत्पीडित अवस्था र दरिद्रताको मूल कारणहरुको विरुद्ध लक्षित हुँदैन। स्वयम् पुँजीवादी व्यवस्था नै त्यसको मूल कारण हो। पुंजीपतिवर्गको सत्ता हत्याएर मात्र सर्वहारावर्गले आफ्नो दरिद्रताको स्रोतको रुपमा रहेको वर्गीय शोषणलाई निर्मूल पार्दछ। रुसमा मजदुरहरुले आर्थिक संघर्ष मात्र गर्नु पर्छ भन्ने "अर्थवादीहरु" का विरुद्ध संघर्ष चलाएर लेनिनले सर्वहारावर्गको स्वतन्त्र राजनीतिक पार्टी निर्माणमा सफलता प्राप्त गरे। त्यही पार्टीको नेतृत्वमा रुसमा (पछि सोवियत संघमा) समाजवादी क्रान्ति सम्पन्न भयो। चीनमा पनि सर्वहारावर्गको पार्टी ची. क. पा.को नेतृत्वमा नयाँ जनवादी क्रान्ति सफल भएको थियो। यसरी रुस र चीनमा स्थापित समाजवादी व्यवस्थाले बेरोजगारी समस्या हल गरेको थियो। तसर्थ बेरोजगारी समस्याको दीर्घकालीन समाधानका लागि विद्यमान आर्ध–सामन्ती तथा अर्ध/नव–औपनिवेशिक संरचनालाई बदलेर नयाँ जनवादी व्यवस्था हुँदै समाजवादी संरचना स्थापित गर्नु पर्दछ।

तर दीर्घकालीन हल खोज्ने हाम्रो लक्षकासाथै विद्यमान व्यवस्थाभित्र पनि सुधारात्मक कदमहरु मार्फत बेरोजगारी समस्या घटाउनः (क) सामन्ती भूस्वामित्वको पूर्ण उन्मूलन गरी किसान भूस्वामित्वको स्थापना गर्न अर्थात भूमिक्रान्ति मार्फत राज्यको स्वामित्वमा, ठुला जमिनदारहरुको स्वामित्वमा र गुठीको स्वामित्वमा रहेको जमिनलाई किसानहरुमा वितरण गर्न, (ख) किसानहरुको जीवनस्तर उकास्न सहकारी (पशु–पन्छी पालन, अन्न उत्पादन, जडीबुटी, बन पैदावार, आदि) मार्फत आमूल परिवर्तनको कार्यक्रम दिन, (ग) कृषि उत्पादनमा आधारित घरेलु तथा साना उद्योग–धन्दाको विकास गर्न, (घ) ग्रामीण विद्युतीकरण, सिंचाई, बजार व्यवस्थापन, आदि गर्न, (ङ) रोजगार मूलक शिक्षामा जोड दिन, र (च) दलाल तथा नोकरशाही पुँजीपतिहरुद्वारा सञ्चालित व्यापारिक तथा वित्तीय पुँजीलाई औद्योगिक विकासमा लगाएर गैर–कृषिक्षेत्रमा रोजगारी सिर्जना गर्न आवश्यक छ र सकिन्छ।

## ६) बिट मारनी

हाम्रो जस्तो सामन्तवाद निमूर्ल भइनसकेको र पुँजीवाद पनि पुरा विकास भइनसकेको अवस्थाको समाजमा विकासको नियमानुसार पुँजीवादी स्वरुपकै क्रान्ति हुन्छ। तसर्थ दीर्घकालीन रुपमा बेरोजगारी समस्या हल गर्न नयाँ जनवादी व्यवस्थाको स्थापनाका लागि नेपाली जनताले (र विशेषगरी युवाले) राजनीतिक संघर्षमा, जो सशस्त्र जनविद्रोहको माध्यमबाट प्राप्त गरिने छ, उत्रनु पर्छ।

उक्त व्यवस्था अवलम्बन गर्न राज्यले राष्ट्रिय पुँजीपतिवर्ग र किसान वर्गको हित गर्ने नीति लागु गर्नुपर्दछ। त्यसका लागि प्रथम, सामन्ती शोषण उत्पीडनबाट जनतालाई पूर्ण रुपले मुक्त पार्नु पर्दछन्र र दोस्रो, हाम्रो देशमाथि असमान सन्धि लादेर विशेषाधिकार उपभोग गरीरहेको र एक पछि अर्को गर्दै नेपालका नदीनाला र अन्य प्राकृतिक स्रोत कब्जा गरीरहेको भारतीय विस्तारवादको नियन्त्रण र थिचोमिचोबाट मुलुकलाई मुक्त पार्नु पर्दछ। साथै अमेरिकी साम्राज्यवादको नेतृत्वमा भइरहेको विश्व–साम्राज्यवादका शोषण र उत्पीडनबाट पनि मुलुकलाई मुक्त पार्नु पर्दछ। जहाँसम्म बेरोजगारी समस्याको अल्पकालीन हल खोज्ने कुरो छ। हामीले माथि भनिएका सुधारात्मक कुराहरुलाई लिएर सरकारलाई दवाव दिने आन्दोलन चलाउन आवश्यक छ।

अन्तर्राष्ट्रिय

# साम्राज्यवादी संकट र वैज्ञानिक समाजवादको भविष्य



• इन्द्रमोहन सिग्देल

यो साम्राज्यवाद तथा सर्वहारा क्रान्तिको युग हो । यसलाई लेनिनको युग पनि भनिन्छ । लेनिनले साम्राज्यवाद भनेको मरणासन्न पुँजीवाद अर्थात समाजवादी क्रान्तिको पूर्वसन्ध्याको पुँजीवाद हो भन्नु भएको थियो । यतिबेला साम्राज्यवाद गंभीर आर्थिक संकटबाट गुज्रिरहेको छ। यो संकट पुँजीवादी अर्थतन्त्रको अन्तरनिहित अन्तरविरोधको अनिवार्य परिणाम हो । निजी स्वामित्व र सामूहिक उत्पादन पुँजीवादी उत्पादन सम्बन्धका आधारभूत विशेषताहरु हुन् । त्यसमाथि, पुँजीवादी देशमा उपभोग्य वस्तुको उत्पादन समाजको आवश्यकता र राष्ट्रिय योजनाका आधारमा गरिंदैन । पुँजीपतिले नाफालाई केन्द्रमा राखेर मालको उत्पादन गर्दछ । यसलाई उत्पादनको अराजकता भनिन्छ। यो पुँजीवादी उत्पादन पद्धतिको अर्को विशेषता हो । निजी स्वामित्व र सामूहिक उत्पादनका बिचको अन्तरविरोध नै पुँजीवादी आर्थिक संकटको आधारभूत कारण हो । यही अन्तरविरोधका कारण पुँजीवाद सधैं आर्थिक संकटमा परिरहन्छ । यतिमात्र हो कि कहिले त्यो संकट अलि सामान्य हुन्छ त कहिले अलि बढी गंभीर । तर समग्रमा यो संकट पुँजीवादको अन्त नहुँदासम्म वर्तुलाकार ढङ्गले उत्कर्ष तिर अगाडि बढिरहन्छ।

इतिहासमा हामीले थुप्रै आर्थिक संकटहरु सुनेका र देखेका पनि छौं । तीमध्ये ५वटा संकटहरु निकै गंभीर र खतरनाक आर्थिक संकट मानिन्छन् । पहिलो, १७७२मा बेलायतबाट सुरुभएर युरोपसम्म विस्तार भएको क्रेडिट संकट, दोस्रो, १९२९देखि १९३९सम्मको विश्वव्यापी महामन्दी, तेस्रो, १९७३मा अरब राष्ट्रहरुले अमेरिकाविरुद्ध पेट्रोलियम पदार्थमा लगाएको नाकाबन्दीका कारण पैदा भएको अमेरिकी आर्थिक संकट, चौथो, १९९७मा थाइल्याण्डबाट सुरुभएर एसियाई मुलुकहरुमा विस्तार भएको वित्तीय संकट र पाँचौं, २००८मा अमेरिकाबाट सुरुभएर विश्वभरी विस्तार भएको पछिल्लो वित्तीय संकट। यी मध्येका प्रत्येक संकटहरु त्यसको अघिल्लो संकटभन्दा गंभीर र डरलाग्दा रहेका छन् र ती देशलाई संकटभन्दा पूर्वको स्थितिमा फर्किन दसौं वर्ष लागेको देखिन्छ। प्रत्येक आर्थिक संकटपछिका वर्षहरु निकै ठुला–ठुला राजनीतिक उथल–पुथलका वर्ष पनि हुने गरेका छन्।

यो पछिल्लो आर्थिक संकटको प्रभाव अहिलेसम्म सकिएको छैन । केही अर्थशास्त्रीहरुले आगामी दिनहरुमा अहिलेको भन्दा झन डरलाग्दो संकट आउने भविष्यवाणी गरेका छन्। यही सन्दर्भमा सेप्टेम्बर २२, २०१६मा प्रकाशित बेलायती अनलाइन पत्रिका एक्सप्रेसमा एकजना अमेरिकी लगानीकर्ता टाड रिभेललाई उदृत गर्दै लाना क्लिमेन्ट्सले लेखेका छन्, "२००८देखि आजसम्म आउँदा अमेरिकाको निगम ऋण २ ट्रिलियन डलरबाट बढेर ६ ट्रिलियन डलर (६० खरब डलर) पुगेको छ। ... ... ऋणको यो फोका अब धानिन सक्दैन । ... ... विश्वभरी ठुलो वित्तीय दुर्घटना सन्निकट छ ।" यो विश्लेषण सत्यको नजिक देखिन्छ। प्रत्येक आर्थिक संकटपछि

राष्ट्रहरुको ऋण थपिने गरेको छ, सीमित मान्छेहरु धनी बनेका छन् र गरिवहरु झन–झन गरिव बन्दै गएका छन्। निरन्तर चल्दै आएको यो प्रक्रिया अहिले अझ द्रुत गतिमा अगाडि बढि रहेको छ।

प्रत्येक आर्थिक संकटपछि साम्राज्यवादीहरुले पुँजीवादी अर्थनीतिमा सामान्य फेरबदल गर्ने र आर्थिक संकटलाई केही पर धकेल्ने प्रयास गर्दैआएका छन्। यस सन्दर्भमा अक्टोबर समाजवादी क्रान्ति पछिको प्रक्रियालाई अलि गहिरो गरी हेर्न जरुरी छ। एकातिर, १९२९–३९को महामन्दीले पैदागरेको विश्वव्यापी आर्थिक संकट र अर्कोतिर रुसी समाजवादी अर्थतन्त्रको विश्वभर परेको सकारात्मक प्रभावका बिचमा साम्राज्यवादीहरुले राज्यनियन्त्रित पुँजीवादी अर्थनीति अर्थात केनेसियन मोडेलको मिश्रित अर्थनीति अवलम्बन गरे। त्यो मुख्यतः युरोपियन देशहरुमा समाजवादको बढ्दो प्रभावलाई रोक्न ल्याइएको आर्थिक मोडेल थियो। सामाजिक सुरक्षा, निःशुल्क स्वास्थ्य तथा शिक्षा, बेरोजगार भत्ता लगायतका कतिपय जनपक्षीय काम गरे पनि त्यो पुँजीवाद नै थियो र त्यसले पुँजीवादी संकटलाई टार्न संभव थिएन। १९७३मा अरब राष्ट्रहरुले तेलको नाकाबन्दी लगाए पछि विश्वले अर्को आर्थिक संकट बेहोर्नु पर्‍यो। त्यहाँसम्म पुग्दा मिश्रित अर्थतन्त्रको केनेसियन मोडेल पनि पूर्णतः असफल सिद्ध भइ सकेको थियो। ८० को दशकतिर आइपुग्दा र मूख्यतः शितयुद्धको अन्तपछि फ्रिडम्यानको मोडेल अर्थात नवउदारवाद पुँजीवादी अर्थनीतिको वैचारिक आधार बन्न गयो।

नव–उदारवादले निजीकरणलाई सबै समस्याहरुको अचुक समाधान हो भन्ने मान्दछ। निजीकरणको मूल उद्देश्य भनेको कसैलाई पनि सामूहिक सौदाबाजी गर्ने अधिकार दिनुहुँदैन भन्ने हो। निजीकरणले सार्वजनिक क्षेत्रका उद्योगहरुलाई निजी बैंक र लगानीकर्ता कम्पनीहरुको हातमा सुम्पिने कामगरेको छ। नव–उदारवादीहरुको नीति बजारलाई स्वतन्त्र छाडिदिनु हो। यसका तिनवटा अन्तर–सम्बन्धित विशेषताहरु रहेका छन्। ती हुन् : व्यापारको स्वतन्त्रता, पुँजीको स्वतन्त्रता र लगानीको स्वतन्त्रता। नव–उदारवादीहरुको भाषामा यो बजार मानवीय सम्बृद्धि र खुसी प्राप्त गर्नका निम्ति सरकारी नियम, मजदुर संगठन, सामाजिक सुरक्षा, पर्यावरण सम्बन्धी कानुन लगायत कुनै पनि नैतिक बन्धनहरु नभएको स्वतन्त्र बजार हो। यसमा सरकारको निर्णायक भूमिका रहदैन। सबै कुरा बजारको जिम्मामा छाडिन्छ। यसलाई अन्तर्राष्ट्रिय मुद्राकोष र विश्व बैँकको सहयोगमा अमेरिकी राष्ट्रपति रोनाल्ड रेगन र बेलायती प्रधानमन्त्री मार्गरेट थ्याचरले ९०को दशकबाट कार्यान्वयनमा लगेका थिए। त्यसपछि, राजनीतिक नेताहरुको भूमिका मुख्यतः बैंक तथा आर्थिक संस्थानहरुलाई विश्वभरी लगानी गर्नका लागि वातावरण बनाइदिने दलालहरुको भन्दा भिन्न रहेन। राजनीतिक नेताहरु मुट्ठीभर पुँजीपतिका नोकर सरह बने।

आज यहाँसम्म आइपुग्दा नव–उदारवादी अर्थतन्त्र पनि पुर्णतः असफल भइ सकेको छ। नव–उदारवादले २००८को वित्तीय संकट टार्न त सकेन नै बरु त्यो विगतका आर्थिक संकटहरुभन्दा अझ विकराल बनेर देखापर्‍यो। यसबारे विभिन्न अर्थशास्त्रीहरुले आलोचनात्मक टिप्पणी गरेका छन्। नोबेल पुरस्कार विजेता अर्थशास्त्री तथा अमेरिकी भूतपूर्व राष्ट्रपति विल क्लिन्टनका आर्थिक सल्लाहकार जोसेफ सिग्लिजले नव–उदारवादको मृत्यु भइ सकेको घोषणा गरेका छन्। अगस्त १९, २०१६को अनलाइन प्रकासन विजनेस इन्साइडरमा सिग्लिजलाई उधृतगर्दै विल मार्टिनले लेखेका छन्, "विकासशील र विकसित दुबैथरी देशहरुमा नव–उदारवाद मरिसकेको छ।" त्यतिमात्र होइन साम्राज्यवादीहरुको आर्थिक नीति निर्माण गर्ने संस्था अन्तर्राष्ट्रिय मुद्रा कोषका निमित्त निर्देशक जोनाथन अस्ट्री र विभागीय प्रमुख प्रकाश लौगानी नव–उदारवादी आर्थिक नीतिप्रति नै

आलोचक रहेका छन्। "Neoliberalism: Oversold" शीर्षक दिईएको रचनामा उनीहरुले लेखेका छन्, “समृद्धि दिनुको साटो कतिपय नव–उदारवादी नीतिले असमानतालाई बढाएको छ ।” फ्रान्सका अर्थशास्त्री र इकोनोमिस्ट’को शव्दमा आधुनिक मार्क्स थोमस पिकेटीले ४५२ पृष्ठ रहेको “२१औँ शताव्दीमा पुँजी” नामको एउटा महत्वपूर्ण पुस्तक लेखेका छन्। धनी र गरिवका बिचको खाडल कहिल्यै घटाउन नसक्ने बरु सधैं बढाइरहने हुनाले पुँजीवाद असफल भएको छ भन्ने उनको निष्कर्ष छ।

नव–उदारवादले पुँजीलाई सिमित केही व्यक्तिहरुको हातमा केन्द्रित गरेको छ। पुँजीपतिहरुले अथाह मुनाफा कमाएका छन् तर त्यसको वितरणमा सरकारको कुनै भूमिका छैन । यसको परिणाम औंलामा गन्न सकिने मानिसहरुको हातमा अकुत सम्पत्ति थुप्रिएको छ भने बाँकी गरिवीको दुश्चक्रमा धकेलिइरहेका छन्। त्यसमा पनि २००८को संकटपछि यो प्रक्रिया दिन दुइगुना र रात चौगुनाका दरले बृद्धि भएको छ। आजभन्दा २ वर्ष अगाडिसम्म विश्वका सबभन्दा धनी १८५ जनाको हातमा विश्वका सबभन्दा गरिव आधा जनसंख्याको कुल सम्पत्ति थुप्रिएको छ भन्ने गरिन्थ्यो । ६ महिना अगाडि धनीहरुको उक्त संख्या ६२मा झर्‍यो भनियो र अहिले अनलाइनमा सबभन्दा माथिका ८ जना धनाढ्यको र यस पृथ्वीमा बसोबास गर्ने तल्लो आधा जनसंख्याको सम्पत्ति बराबर छ भन्ने लेखहरु पढ्न पाइन्छ। यस्ता तथ्यांकहरु Oxfam र Forbes जस्ता अन्तर्राष्ट्रिय संस्थाले चलाएका अनलाइनबाट आइरहन्छन्।

नव–उदारवाद सफल कि असफल भन्ने बहस यतिबेला केही अर्थशास्त्री र प्रगतिशील पत्रपत्रिकामा मात्र सीमित छैन। यो विषय विश्वका दुई अतिमहाशक्ति देशहरु अमेरिका र चीनका बिचमा एउटा गंभीर बहसको मुद्दा बनेको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प भूमण्डलीकरण तथा नव–उदारवादका विरुद्धमा र संरक्षणवादको पक्षमा छन् भने चीनका राष्ट्रपति सि जिन पिङ्ग संरक्षणवादको विरुद्ध र नव–उदारवाद र भूमण्डलीकरणको पक्षमा। यही जनवरी १७, २०१७मा विश्व आर्थिक मञ्च (WEF)ले स्विजरल्याण्डको डेभोसमा आयोजन गरेको बैठकलाई सम्बोधन गर्दै उनले भनेका छन्, “यो साँचो हो कि आर्थिक भूमण्डलीकरणले नयाँ समस्याहरु जन्माएको छ, तर यतिले मात्र आर्थिक भूमण्डलीकरणलाई पूर्णतः खारेज गर्नु पर्दछ भन्ने कुराको पुष्टि हुन सक्दैन । बरु हामीले आर्थिक भूमण्डलीकरणलाई परिस्थिति अनुकुल बनाउनु पर्दछ, यसका नकारात्मक असरलाई कम गर्नु पर्दछ र यसका उपलव्धिलाई सबै देश तथा राष्ट्रहरुसम्म पुर्‍याउनु पर्दछ ।” यसले देखाउंछ कि चीनले भूमण्डलीकरणलाई समर्थन मात्र गरेको छैन बरु त्यसलाई विकास र विस्तार गर्न प्रतिबद्ध पनि छ। यो चीनको एक क्षेत्र एक सडक (One belt one road) भन्ने साम्राज्यवादी नीतिसँग जोडिएको विषय हो।

यहाँ नेर एउटा कस्तो आश्चर्य, रिपब्लकिन पार्टीका नेता रेगन र कन्जर्भेटिभ पार्टीकी नेतृ थ्याचरको कार्यकालमा अगाडि बढाइएको नव–उदारवादी नीतिको विरुद्धमा अहिले उही पार्टीका नेता डोनाल्ड ट्रम्प र उही पार्टीकी नेतृ टिरिजा मेले संरक्षणवादको पक्षमा वकालत गर्न थालेका छन् । अनि अर्को आश्चर्य, हिजोका भूमण्डलीकरणका पक्षधर पार्टीका नेताहरु आज संरक्षणवादको पक्षमा उभिएका छन् भने हिजोका समाजवाद र संरक्षणवादका पक्षधर पार्टीका नेताहरु आज खुलेर भूमण्डलीकरणको पक्षमा वकालत गर्दै छन्। विश्व राजनीतिक परिवेशमा आएको परिवर्तनको यो स्थितिलाई सामान्य काकतालीको अर्थमा मात्र हेर्नु हुँदैन । यसले विश्व सर्वहारा क्रान्ति तथा राष्ट्रिय मुक्ति आन्दोलनका सन्दर्भमा समेत प्रभाव पार्दछ । “अमेरिकालाई फेरि महान बनाऔं” भन्ने नाराभित्रको ट्रम्पको अन्धराष्ट्रवाद फासीवादको दिशामा अगाडि बढ्दैछ। ट्रम्पका अहिलेसम्मका गतिविधिहरुले समेत यसलाई राम्ररी पुष्टी गरेका छन्।

गएको करीब दुई दशकका बिचमा विज्ञानले अकल्पनीय विकास गरेको छ । हिजोसम्म असंभव मानिने कामलाई आज तेस्रो औद्योगिक क्रान्तिले संभव बनाइदिएको छ । कार चलाउने, विभिन्न भाषामा अनुवादगर्ने, बैकमा आर्थिक कारोवार गर्ने, अध्यापन गर्ने जस्ता हिजो दक्ष मानिसले गर्ने कामहरु आज मेसिनले गर्दैछन् । विविध कारणवश मानिसले गर्न नसक्ने अप्ठ्यारा कामहरु गर्न आज यन्त्रमानवको निर्माण भएको छ । हालसालै विश्व आर्थिक मञ्चका संस्थापक अध्यक्ष क्लाउज स्वाबले "चौथो औद्योगिक क्रान्ति" नामको एउटा पुस्तक लेखेका छन् । उनको भनाइमा चौथो ओद्यौगिक क्रान्तिले भौतिक (physical), अङ्कीय (digital) र जैविक (biological) संसारलाई संयोजन गर्ने, अर्थतन्त्र, उद्योग र सबै शाखालाई प्रभाव पार्ने र मानवहुनुको अर्थ के हुन्छ भन्ने विचारलाई समेत चुनौती दिने गरी नयाँ प्रविधिहरुको क्षेत्रलाई समेट्छ । यसको दायरा कति फराकिलो हुँदैछ भन्ने कुरा यस भनाइबाट अनुमान लगाउन सकिन्छ।

चौथो औद्योगिक क्रान्तिबारे विभिन्न विद्वानहरुले गंभीर प्रतिक्रिया दिएका छन् । यसबारे डिसेम्बर २, २०१६का दिन बेलायतको अनलाइन पत्रिका विजनेस इन्साइडरमा "स्वचालन र कृत्रिम प्रज्ञाले मध्यमवर्गका प्राय सबै कामहरुलाई सिध्याउँदै छः स्टेफेन हकिङ्ग" शीर्षकमा रब प्राइसको नामबाट एउटा महत्वपूर्ण लेख प्रकाशित भएको छ । उक्त लेखमा हकिङ्गलाई उदृतगर्दै प्राइसले लेखेका छन्, "स्वचालनले विश्वभरी फराकिलो बन्दै गइरहेको आर्थिक असमानताको गतिलाई अरु बढाइदिने छ । ईन्टरनेट र त्यस्तै प्लेटफर्मले थोरै मान्छेलाई काममा लगाएर मानिसको एउटा सानो समूहलाई प्रचूर नाफा कमाउन संभव बनाईदिने छ । यो अपरिहार्य छ, यो प्रगति हो तर यो सामाजिक हिसाबले ध्वंशात्मक पनि छ ।" उनले उक्त रचनामा स्वचालनका कारण अमेरिकाका करीब ४७ प्रतिशत, बेलायतमा ३५ प्रतिशत, चीनमा ७७ प्रतिशत कामदारहरुको जागिर खतरामा पदैछ भन्ने सिटी बैंकको तथ्यांकलाई उदृत गरेकाछन् । यो मानवताका लागि निकै डरलाग्दो स्थिति हो।

तेस्रो र चौथो औद्योगिक क्रान्ति तथा कृत्रिम प्रज्ञाले निम्त्याएका खतराहरु बारे पुंजीपतिहरु अनभिज्ञ छन् भन्ने पटक्कै होइन । तर यसबारे उनीहरुले दिने समाधानका उपायहरु भने निकै दयालाग्दा र हास्यास्पद छन् । यही फेब्रुवरी २५, २०१७ का दिन अनलाइन पत्रिका फर्च्युनमा बोस्टोन युनिभर्सिटीका अर्थशास्त्री जेम्स बेसनले एउटा महत्वपूर्ण लेख प्रकाशित गरेका छन्। त्यसमा लेखेको छ, "हालैको एउटा अन्तरवार्तामा माईक्रोसटका संस्थापक विल गेट्सले रोबोटलाई कर लगाउने प्रस्ताव गरेका छन् । आउने २० बर्षसम्ममा ठुलो संख्याका श्रमिकहरुलाई रोबोटले विस्थापन गर्ने उनको अनुमान छ । रोबोटहरुलाई कर लगाएर स्वचालनको गतिलाई कम गर्न सकिन्छ र त्यो पैसाले विस्थापित मजदुरहरुलाई थप तालिम दिनु पर्दछ र आर्थिक सहयोग गर्नुपर्दछ, उनको तर्क थियो ।" आश्चर्य, के अव साँच्चिकै पुंजीपतिहरुले आर्थिक लगानी गर्ने, रोबोटहरुले कामगर्ने र तिनले तिरेको करको पैसाबाट विस्थापित मजदुरहरुले आरामदायी गगनचुम्बी महलहरु भाडामा लिएर मिठा–मिठा परिकारहरु खान पाउने दिन आएकै हुन् त ? कस्तो वकबास ! विश्वका सबभन्दा धनी विलगेट्सको यो भनाइले बुर्जुवाहरुको सोंच्ने घेरा कति साँगुरो र दयालाग्दो हुने रहेछ भन्ने मात्र गर्दछ।

जे होस्, यहाँसम्म आइपुग्दा विज्ञान र प्रविधिले अभूतपूर्व विकास गरेको छ । यो वस्तुतः उत्पादक शक्तिको विकास हो । तर यो विकास मजदुरहरु बेरोजगार हुने र फलतः उनीहरुको क्रयशक्ति नै सिद्धिने भएपछि उत्पादन कस्का लागि र किन भन्ने गंभीर प्रश्न लिएर अगाडि आएको छ । प्रविधिको विकासलाई विश्व श्रमजीवीको हितमा प्रयोग

गर्ने उचित उपाय नखोजी खुला छाडियो भने यसले विश्वलाई नै ध्वस्त पार्छ भनेर हकिङ्गले आवज उठाइराखेका छन् । यो भनाई सही छ । यो पुँजीवादी उत्पादन सम्बन्धले निम्त्याएको स्वाभाविक संकट हो । यो संकटका कारण विश्व यतिबेला विस्फोटक अवस्थातिर अगाडि बढि रहेको छ।

यतिबेला विश्वमा तिनवटा आधारभूत अन्तरविरोधहरु छन् । ती हुन्ः पहिलो, साम्राज्यवाद र उत्पीडित राष्ट्र तथा जनताका बिचको अन्तरविरोध दोस्रो, साम्राज्यवादी शक्तिहरुका बिचको आपसी अन्तरविरोध र तेस्रो श्रम तथा पुँजीका बिचको अन्तरविरोध । यी मध्ये पहिलो अन्तरविरोध अहिले सम्म प्रधान अन्तरविरोध नै रहेको छ । प्रविधि तथा कृत्रिम प्रज्ञाको विकासका कारण श्रम र पुँजीको अन्तरविरोध चर्किएको छ । ट्रम्पको पहिलो बैदेशिक भ्रमण, उत्तरकोरिया र अमेरिका बिचको द्वन्द्व, कतारको विषयलाई लिएर मध्यपूर्वमा विकास भएको पछिल्लो तनाव आदिका कारण यतिबेला साम्राज्यवादीहरुको बिचमा ध्रुवीकरण तीव्र भएको छ र ती ध्रुवहरुका बिचको आपसी अन्तरविरोध पनि चर्किएर गएको स्थिति छ । यो समग्र स्थितिका अगाडि दुइवटा संभावना रहेका छन् । एउटा, उत्पादक शक्तिको विकास अनुरुप उत्पादन सम्बन्धमा परिवर्तन अर्थात सर्वहारावर्गको नेतृत्वमा समाजवादी क्रान्ति र अर्को, विध्वंशात्मक तेस्रो विश्वयुद्ध । यसको तेस्रो विकल्प देखिँदैन ।

अन्तमा, फेरि एकपाली फर्केर कम्युनिस्ट घोषणापत्र हेरौं । त्यसमा लेखिएको छ, “आधुनिक उद्योगको विकासले बुर्जुवाले उत्पादन गर्ने र उत्पादनलाई कब्जागर्ने आधारलाई नै भत्काइ दिन्छ । त्यसकारण बुर्जुवाहरुले जे कुराको निर्माण गर्छन् अन्ततः ती सबै उनैका चिहान खन्नेहरु हुन् । उनीहरुको अन्त र सर्वहारावर्गको विजय त्यत्ति कै अनिवार्य छ ।” यसरी, आजभन्दा १६९ वर्ष अगाडि १८४८मा कम्युनिस्ट घोषणापत्रले जे उद्घोष गरेको थियो आज त्यो सत्य सावित भएको छ। पुँजीवादी उत्पादन सम्बन्धले गरेको प्रविधि र कृत्रिम प्रज्ञाको विकास आज पुँजीवादलाई मृत्युको मूखमा पुर्‍याउने कारण बनेको छ । साथै, पुँजीवादको घाँटीमा जुन मृत्युको घण्टी बजेको छ त्यो सामाजिक क्रान्तिको भविष्य उज्ज्वल छ भन्ने कुराको स्पष्ट संकेत हो ।

तर क्रान्ति आकाशबाट आफैं तल खस्दैन । यसले सचेत प्रयत्नको माग गर्दछ । यतिबेला मार्क्सवाद–लेनिनवाद–माओवादको मार्गनिर्देशनमा सर्वहाराक्रान्तिको तयारी गर्न सचेत ढङ्गले जुट्नु नै संसारभरीका सच्चा क्रान्तिकारी कम्युनिस्ट पार्टीहरुको प्रमुख दायित्व हो । यही दायित्व पुरा गरेर नै हामीले विश्व समाजवादी क्रान्तिलाई नजिक्याउन सक्दछौं ।

वैचारिक

# गठबन्धनको राजनीति र संसदीय सत्तामा माओवादी



शिला योगी

दस बर्से जनयुद्ध र दोस्रो जनआन्दोलपछि नेपालमा दुई शताब्दी लामो राजतन्त्रको विधिवत् अन्त्य भई गणतन्त्रको स्थापना भयो । त्यसै क्रममा दुई दुई वटा संविधानसभाका निर्वाचनहरू भए । परिवर्तित राजनैतिक परिवेशमा केही वर्ष देशमा सहमतिको सरकार पनि सञ्चालित भयो । जनयुद्धको नेतृत्वकर्ता र परिवर्तनको संवाहक माओवादी पार्टी सरकारको नेतृत्वमा पनि पुग्यो । परिवर्तनका आरम्भिक दिनहरूमा नेपाली जनतामा निकै आशा पनि पलायो । निश्चित रुपमा परिवर्तनको क्रमसँगै जनताका आशा आकाङ्क्षाहरू बढ्दै गए र त्यसो हुनु अस्वाभाविक पनि थिएन । बरु खाँचो थियो, माओवादी लगायत परिवर्तनका पक्षधर राजनीतिक शक्तिहरूले जनताका ती आकाङ्क्षाहरूलाई केन्द्रमा राखेर सामाजिक परिवर्तन तथा रुपान्तरणको खाका कोर्नु र त्यसप्रति इमानदार भएर अनुकूल प्रकारको राजनीतिक तथा प्रशासनिक संयन्त्र (कर्मचारीतन्त्र) को निर्माण गर्दै जनपक्षीय संविधानको निर्माणमा सक्रिय हुनु। तर विडम्बना, त्यसो हुन सकेन। देशको राजनीतिक यात्रा त्यस दिशामा अघि बढेन। मओवादी लगायतका राजनीतिक शक्तिहरू त्यस दिशामा अघि बढ्न सकेनन् । निश्चित रुपमा यसका पछाडि देशी विदेशी विभिन्न पश्चगामी शक्तिकेन्द्रहरूको चलखेल र सक्रियता पनि कारक त रह्यो नै तर मुख्य रुपमा परिवर्तनकारी शक्ति विचारको क्षेत्रदेखि रणनीतिक र कार्यनीतिक सवालहरूमा क्रान्तिकारी मूल धारमा अडिन नसक्ने र दिशान्तर (डिरेल) हुने अवस्था विकसित भयो । त्यसपछिका परिणामहरू सोही अनुरुप विकसित हुनु स्वाभाविक बन्न पुग्यो ।

देशको राष्ट्रियता, नेपाली जनताको आधारभूत आवश्यकता र समस्याहरूलाई प्राथमिकता दिनुभन्दा पनि कुन पार्टीको भागमा कति र कहाँ भन्ने कुरामा भागबन्डामा सहमति गर्ने काम भयो। जिल्ला विकास समितिदेखि केन्द्रीय स्तरसम्म भागबन्डाको राजनीति चलिरह्यो। वर्गीय चिन्तन र निम्न वर्गका समस्याहरूलाई छेउ लगाउने काम हुँदै आयो। स्थानीय स्तरदेखि केन्द्रसम्म राजनैतिक दलहरूले आफ्नो नाम र पार्टीको नाम जोगाउन र जनताबाट सहानुभूति लिन होडबाजी चलेको देखियो । चुनावै नलडेर बजेटको भागबन्डा गरी आफ्ना पकेट क्षेत्रमा विकासका दुईचार कार्यक्रम सम्पन्न गरी संविधान सभाको चुनावमा बहुमतीयको सरकार बनाउने उद्देश्य लिएका पार्टीहरूको स्वार्थ रहेको थियो। वर्गीय स्वार्थका कुरा गर्ने माओवादी पार्टीले संसदवादी दलहरूसँग मिसिएर आफ्ना मूल मुद्दाहरू बिर्सदै गयो । पुराना संसदवादी दलहरूसँग सहमति गर्ने नाममा सत्ता भागबन्डामा केन्द्रित हुँदा देशमा अनियमितता र भ्रष्टाचारले प्रश्रय पाउँदै गयो । कहिले प्रतिपक्ष भएर गठबनधन गर्दै सरकार बनाउने र सरकार ढाल्ने काममा गठबन्धन हुंदै गयो जसले गर्दा देशको आर्थिक र सामाजिक रुपारन्तरण नभई देशमा बाह्य शक्तिलाई चलखेल गर्ने अवसर मिल्यो। परिवर्तनको.आश भएको माओवादी

पार्टी कहिले कांग्रेस त कहिले एमालेसँग सहमतिको नाममा संसदवादी शैलीमा पद र प्रतिष्ठाका लागि जनताको मुख्य एजेन्डा विर्सँदै गयो र चुनावी दलदलमा यसरी फस्यो कि आफ्नो वर्गको मर्मलाई समेत बिर्सँदै गयो ।

यति बेला राजनैतिक दलहरू त्यसमा पनि आफूलाई कम्युनिस्ट भन्नेहरू र पुँजीवादी संसदीय व्यवस्थाको अगुवा ठान्ने कांग्रेस सत्ता भागबन्डाका नाममा एक आपसमा मिसिएका छन् । दसौं वर्ष क्रान्तिकारी परिवर्तनका लागि रगतको बलिदान दिएर न्याय र समानताका पक्षमा सबै भन्दा बढी बोल्ने दावी गर्ने माओवादी केन्द्रले सत्ताको प्रलोभनमा सैद्धान्तिक वैचारिक रुपमा विलकुलै फरक राजनैतिक दल नेपाली कांग्रेससँग काँध जोडेर पहिलो स्थानीय निर्वाचनमा थुप्रै जिल्लाहरूबाट आफू नजित्ने भएपछि आफनो अस्तित्व जोगाउन काँग्रेससँग मिसिएको छ। यसबाट इमान्दार कार्यकर्ताले के सिक्ने ? तिनलाई भ्रम भएको छ, अब हाम्रो वर्ग कुन् हो ? के संसदीय निर्वाचनमा जनताको मत ल्याउन विचारै नमिल्नेसँग पनि हातेमालो गर्न सकिन्छ ? आखिर जो पनि आफ्नो वर्गको पक्षमा हुन्छ । वर्षौंदेखि जनतालाई मायाँ गर्ने दलका रुपमा माओवादीलाई बुझेका जनताले उपेक्षित, गरिव अनि पिछडिएका वर्गको संगठन हो भनेर पुँजीपतिहरूको सर्मथन गर्ने दललाई कसरी भोट हाल्न सक्छन् ?

एमाले र काँग्रेसको त संसदीय प्रणालीमा सत्ता गठबन्धन हुनु बरु स्वाभाविक छ, किनकि उनीहरूले २०४६ सालको संविधानलाई विश्वकै नमुना संविधान भन्दै आएका थिए र त्यस्तै संविधान बनाउने जोड पनि गणतन्त्र स्थापना पश्चात् पनि नगरेका होइनन् । डेढ दशक लामो संसदीय प्रणालीको अन्तपछि आएको गणतन्त्रको सुरुवातदेखि नै गठबन्धनको सरकार बन्दै आएको छ । यद्यपि संविधान सभाको चुनावमा माओवादीले अत्यधिक मत ल्याएर सबैभन्दा ठुलो पार्टी भए तापनि देशमा विद्यमान सामन्तवादी सोच र संरचनामा परिवर्तन ल्याउन खोज्दा संसदवादी दलहरूबाट तत्कालीन माओवादी सरकारको चर्को विरोध भयो । आखिर उनीहरू कति र कस्तो परिवर्तन चाहन्छन् भन्ने कुरा त्यसबाट पनि स्पष्ट भएकै हो । संविधान सभाको चुनावपछि पनि गरिब, जनजाति, मधेशी, अल्पसंख्यक समूह अनि कथित तल्लो जातिहरूका समस्याका आधारमा संविधान बन्नु पर्छ भन्ने कुरामा के संसदवादी दलहरूको धारणा स्पष्ट छ ? केन्द्रीकृत राज्यसत्ताबाट उपेक्षित र किनारीकृत वर्ग र समुदायका जनताको अधिकार सुनिश्चित हुने गरी राज्यको पुनर्संरचना हुनु पर्छ र सरकारमा तिनको सहभागिता हुनुपर्छ भन्ने कुरामा उनीहरू किन सहमत हुन सकेनन् ? यसले संसदवादी शक्तिहरू वास्तविक अथवा जनताको गणतन्त्रका पक्षमा छैनन् भन्ने कुरा स्पष्ट हुन्छ।

प्रजातन्त्रका नाममा तत्कालीन राजालाई पुज्दै आएका यी दलहरूले सजिलै नेपालमा नेपालीले नरुचाएको राजतन्त्रको अन्त भएको जस पनि पाए । परिवर्तनका लागि त्याग र बलिदान गर्ने माओवादीले दुई सय वर्षदेखि नेपाली जनतामाथि उत्पीडन गर्दै आएको राजतन्त्रको अन्त्य गर्न सफल भयो तर त्यसलाई व्यवस्थित रुपमा नेतृत्व गरेर भ्रष्टाचार, अनियमितता, भ्रष्ट र अलोकतान्त्रिक कर्मचारीतन्त्रको अन्त्य गर्नु भन्दा उही पुरानै संसदीय प्रणाली तथा शैलीलाई आत्मसात् गर्न पुग्यो र त्यही बदनाम संसदीय रंगमा रंगियो । अहिलको चुनावी गठबन्धन त्यही रंगमा रंगिनुको एउटा परिणति हो । यसले सैद्धान्तिक वैचारिक आदर्शलाई बिर्सिएर अब संसदीय सत्ता र सरकार मात्र उद्देश्य बन्न पुगेको छ र वैचारिक निष्ठा तथा वर्गीय पक्षधरता राख्नेहरूलाई सोच्न बाध्य पारेको छ।

निवार्चनमा गठबन्धनको आवश्यकता किन पर्‍यो ? खास गरी माओवादी केन्द्रका सन्दर्भमा

यसलाई हेर्न उपयुक्त होला । गणतन्त्र स्थापना पश्चात् जनयुद्धको आदर्श र परिवर्तनका एजेन्डालाई लिएर क्रान्तिकारी स्प्रिटकै साथ जसरी पार्टी जानु पर्थ्यो, त्यसरी जान सकेन। एकातिर निष्ठा र विचारको निरन्तरको स्खलनले पार्टीको क्रान्तिकारी छवि र हैसियत गुम्दै र कमजोर बन्दै गयो अनि यसै कारण त्यसमा निरन्तर विभाजन पनि आउँदै गयो । मूल नेतृत्वको अवसरवादी र गैरक्रान्तिकारी व्यवहारका कारण त्यहाँबाट क्रान्तिकारीहरूको बहिर्गमन हुँदै गयो र मूल धार भनिएको त्यो पार्टी **माओवादी केन्द्र** बन्ने अवस्थासम्म क्रमशः र निरन्तर वैचारिक स्खलनको मार्गमा अगाडि बढ्दै गयो। यसले सरकारमा रहँदा पनि सरकारमा रहनुको औचित्य पुष्टि गर्दै राष्ट्रियतामाथिको हस्तक्षेप र अतिक्रमणप्रति न त संवेदनशील बनेर अगाडि बढ्न सक्यो न जनवीविकाका सन्दर्भमा कुनै नयाँ सोंच र परिवर्तनकारी ढंगले काम गर्न सक्यो । हिजो संसदवादी दलले जे गर्दै आए, माओवादी केन्द्रले पनि त्यही गऱ्यो। छ महिनाकै लागि भए पनि सरकार फेर्ने र सरकारमा जाने लिप्सा यसरी छताछुल्ल भयो कि यसको छवि पुराना संसदीय पार्टीभन्दा भिन्न बन्न सकेन । अझ राष्ट्रवादकै सन्दर्भमा पनि यसले आफ्नो छवि कायम राख्न सकेन । अनेकन लेनदेन र महाकालीको अविस्मरणीय राष्ट्रघात गरेको एमाले ठुलो राष्ट्रवादी र माओवादी लम्पसारवादी हुनुको विमर्श र विडम्बना स्थापित हुन पुग्यो।

दोस्रो कुरा, दलित, जनजाति, गरिब र पछाडि पारिएका वर्गको जागरुकतालाई संगठित गर्न सकेन । किनारामा पारिएकाहरू र पहिचान गुमाएकाहरूको पहिचान र अधिकार स्थापनाको मुद्दा उठाउने माओवादीलाई देश टुक्राउने आरोप लाग्यो । संघीयताको विमर्शले गोयबल्स शैलीमा एउटा यस्तो विमर्शको स्थापना गऱ्यो जसका अन्तर्यमा सामन्ती केन्द्रीकृत राज्यप्रणालीले निर्माण र विकास गरेको अन्धराष्ट्रवादको चेतना सक्रिय थियो। यसले उत्पीडित वर्ग, जाति र समुदायका अपेक्षा, आकाङ्क्षा र चेतनालाई संगठित गरेर अघि बढ्न सकेन। सरकार र सत्ताकै स्वार्थ प्रमुख हुन गएको देखियो र त्यसकै लागि संसदवादी दलहरूसँग गठबन्धन गर्दै जाने प्रवृत्ति विकसित भयो।

आमूल परिवर्तनकारी अथवा समाज रुपान्तरणकारी आन्दोलन भनौं अथवा नयाँ जनवादी र समाजवादी आन्दोलन भनौं, त्यसको मुख्य आधार वर्गीयता हुन्छ । वर्गसम्बन्ध, वर्गीय विचारधारा, वर्ग संघर्ष, वर्गीय हित, वर्गीय मुक्ति जस्ता कुरा मार्क्सवादी सिद्धान्त र राजनीतिका मुख्य र आधारभूत सन्दर्भ हुन् । यी कुरालाई छाडेर गरिने आन्दोलन र परिवर्तन सुधारवादी त होला तर उत्पीडित जनताका पक्षमा हुने आमूल परिवर्तनकारी आन्दोलन हुँदैन। संसदीय निर्वाचनको उपयोग गर्दा पनि यसलाई केन्द्रमा राखरै गरिनु पर्छ। निश्चित रुपमा संसदीय निर्वाचन बाहुबल, पुंजीबल, सत्ताबल लगायतका विभिन्न बलका आधारमा गरिने र जितिने निर्वाचन हो । गाउँपालिकाको एक जना वडाअध्यक्षले एउटा चुनावमा ४० देखि ५० लाख खर्च गर्नु पर्छ, गरेका छन् । माथिल्लो तहमा हुने खर्चको त कुरै नगरौं, यसैबाट अनुमान लगाउन सकिन्छ। कहाँबाट आउँछ यत्रो पैसा ? एउटा क्रान्तिकारी पार्टीले यसरी निर्वाचन लड्न सक्छ ? सक्छ भन्न सकिन्न तथापि निर्वाचनको उपयोग गर्न सकिन्छ । जनताका मुद्दालाई स्थापित गर्नका लागि, परिवर्तनकारी आन्दोलनलाई स्थापित गर्नका लागि, जनतासँग सम्बन्ध स्थापित गर्नका लागि, बुर्जुवा सत्तामा एकखालको हस्तक्षेप बनाउनका लागि निर्वाचनको उपयोग गर्न सकिन्छ तर त्यसो गर्दा पनि वैचारिक आस्था, निष्ठा र वर्गीय पक्षधरतालाई बिर्सन सकिँदैन, बिर्सन हुँदैन । तर माओवादी केन्द्रले यस पटक त्यही गऱ्यो। उदार पुंजीवाद, वित्तीय पुंजीवाद र दलाल पुंजीवादका पक्षमा उभिएको पार्टीसँग चुनावी गठबन्धन गरेर आम उत्पीडित जनतालाई मार्क्सवाद र दक्षिणपन्थ एउटै रहेछन् भनेर बुझ्नु पर्ने अवस्था बनायो । संसदीय लोकतन्त्रमा जब कुनै पार्टीलाई

सत्तामा आफ्नो प्रतिनिधित्व नहुने लाग्यो भने कसरी हुन्छ सत्ताको हिस्सेदार बन्ने चिन्ता हुन्छ र त्यसबारे योजना बनाउने गरिन्छ। त्यहाँ सत्ता र सरकार, मन्त्रीपद जस्ता कुरा महत्त्वपूर्ण बन्न पुग्छन्। जसोतसो भए पनि दुइचारवटा सिट ल्याए आफ्नो स्वार्थ पुरा हुन्छ भनेर चुनावी गठबन्धन हुन्छ। यो बुर्जुवा संसदीय चरित्र हो। यद्यपि चुनावी गठबन्धन क्रान्तिकारीहरूले पनि गर्न सक्छन् । तर त्यस्तो एकता वास्तवमा समान वर्गीय स्वार्थ भएका शक्तिहरूका बिच, समान र साझा मुद्दा, साझा सवाल र परिवर्तनको समान एजेन्डाका आधारमा र ती कुराको प्राप्तिका लागि हुन्छ, हुनु पर्छ। तर यहां त न छेउ मिल्ने न त टुप्पो मिल्ने एउटा व्यापारिक लेनदेन जस्तो यति दिए यति दिने यतिमा यति दिने यति घट्ने जस्तै आधारमा गठबन्धन भयो।

कांग्रेसको चुनावी चिन्ह छोडेर हँसिया हथौडामा भोट हाल्नेहरूले पनि यो हाम्रो वर्ग हो र भनेर एक छिन सोच्छ किनकि उसको आफ्नो वर्गप्रति प्रेम छ र त्यस मानिसकताको प्रभाव चुनाव चिन्ह र परिणाममा पनि देखा पर्छ। त्यस्तै रुखलाई हिजोदेखि विपरीत वर्गको रुपमा चिन्दै आएको व्यक्तिले अर्को वर्गको चिन्हमा कसरी भोट हाल्छ ? के उसले कहिले सोचेको थियो ? मैले रुखमा वा हँसिया हथौडामा भोट हाल्छु भनेर तर यसबाट के स्पष्ट भयो कि सबै नेताहरू जनताबाट टाढा छन् । संसदीय व्यवस्थाको विशेषता यही हो । जनता एकातिर हुन्छन् नेता अर्कोतिर।

वास्तवमा एउटा वर्गको हितमा भएको गठबन्धनले एउटा निश्चित व्यक्तिको हितलाई हेर्दैन, त्यो आम शोषित पीडित वर्गको पक्षमा हुन्छ। देशभरि आम रुपमा गरिएको सामान हित र समान समस्या जसले आम जनतालाई समेटेको हुन्छ तर यहां एउटा नेताको स्वार्थ र व्यक्तित्व विकासका लागि गरिएको चुनावी गठबन्धनले कसरी आम जनतालाई समेट्न सक्छ या वर्गीय हितको पक्षमा हो भन्न सकिन्छ ?

अहिले भएको माओवादी र कांग्रेसको चुनावी गठबन्धनले गरिब, दलित, पछाडि पारिएका वर्गहरूलाई निकै भ्रमित तुल्याएको छ। साम्यवादको लक्ष्य बोकेको क्रान्तिकारी पार्टीले दस वर्ष जनयुद्ध लडेर सामन्तवादी राज्य सत्ता ढाल्न र गणतन्त्र स्थापना गर्न सफल भएको छ तथापि राज्य संरचनामा उही पुरानो संसदीय प्रणालीकै वर्चस्व छ र गणतन्त्र जनपक्षीयभन्दा पनि बुर्जुवा गणतन्त्रका रुपमा स्थापित भएको छ । समाजवादी क्रान्तिका कुरा गरे पनि व्यवहारतः माओवादी केन्द्र यही बुर्जुवा गणतन्त्रको पोषक बनेर यसकै यात्रामा समाहित भएको देखिएको छ । अनि स्वभावतः त्यसै अनुरुप उसले चुनावी चरित्रको अनुसरण गरेको छ। यसबाट कसरी वर्गीय प्रेम तथा आस्था निश्चित सत्ता स्वार्थमा बदलिन्छ भन्ने कुरा स्पष्ट भएको छ। यस परिघटनाले माओवादी केन्द्रको वैचारिक आस्था र आधारमा आएको परिवर्तन र स्खलन, त्यसका वर्गदृष्टि र वर्गचरित्रमा आउँदै गएको परिवर्तनलाई सङ्केत गर्दछ। यो नेपालको समग्र साम्यवादी आन्दोलनको नकारात्मक पाटो हो भनेर पनि बुझ्न सकिन्छ।

चिन्तन

# अशान्ति किन ? शान्ति कसरी ?



भूमीश्वर कंडेल

सबै मानिसहरु शान्ति हुनु पर्दछ भन्दछन् । शान्ति हुनु पर्दछ भन्नु शान्ति चाहनु राम्रो कुरा हो । तर भनाई र गराइमा धेरै कुरा फरक पार्दछन्। सामन्ती सोच भएका मानिसहरु म खाऊँ मै लाऊँ भन्ने खालका व्यवहार देखाउँछन्। खास गरेर यस्तो सोच हुने मानिसहरु छट्टु, सामन्ति, दलाल तथा नोकरशाही प्रवृत्तिका हुन्छन् । यस्ता मानिसहरु घर समाजदेखि राज्यस्तरसम्म पनि पुगेका हुन्छन् । यस्ता खराव सोच भएका मानिसहरु जब राज्यका उपल्लो तहमा पुग्दछन् त्यति बेला तमाम समाजका मानिसहरुको हित विपरीत काम गर्दछन्। त्यस्तै कुरा हो राष्ट्रको सवालमा पनि। जब प्राचीन कालमा जंगली अवस्थामा आदिम साम्यवादको व्यवस्था थियो । समाज झुन्ड झुन्डमा मिलेकै थियो । समय बित्दै जाने क्रममा केही टाठा बाठाको मनमा मैले बढी खान पाए हुन्थ्यो भन्ने सोच आयो त्यस पछि बलियाले बलजफ्ती बढी राख्ने र आफूले मात्र खाने अरुले विरोध गरे भने कुट्ने पिट्ने र मार्ने समेत गर्दथे र अरुलाई दास बनाउने चलन आयो। त्यो दास युग थियो। त्यसबाट समाज सन्तुष्ट हुन सकेन समाजले विद्रोह गर्‍यो। त्यसपछि सामन्तवादी युग आयो। सामन्तवादी व्यवस्थामा पनि व्यक्ति पुजालाई नै प्राथमिकता दिन पर्ने नत्र त्यसको विरोध गर्नेहरु दण्डित हुनु पर्ने भएकाले सामन्तवादी राज्य व्यवस्थाबाट पनि जनतालाई न्याय दिन र समान व्यवहार देखाउन नसकेपछि फेरि राजतन्त्रीय व्यवस्थाको विरुद्धमा विद्रोह गरेर पुँजीवादी व्यवस्था ल्याए राजतन्त्रमा राजा र भाईभारदारहरुले राज्यको हालीमुहाली गर्दथे भने पुँजीवादी गणतन्त्रमा ५ प्रतिशतले ९५ प्रतिशत जनता माथि शासन गर्दो रहेछ। यसमा पनि व्यक्तिगत सम्पतिको महत्व हुने राज्य व्यवस्था भयो । त्यसैले गर्दा व्यक्तिले जसरी पनि पैसा कमाउने, व्यापार गरेर होस, खेती गरेर होस, धर्मको नाममा होस, समाजसेवीको नाममा होस्, जनप्रतिनिधिको नाममा होस्, सरकारी कर्मचारी होस्, मन्त्री किन नहोस् धेरै जसोको समाज र राष्ट्रको हित भन्दा पनि आफ्नो पद र आर्थिक हित कसरी हुन्छ भन्ने नै देखिन्छ। थोरै नगन्य मानिसहरु मात्र समाज र राष्ट्रको हितलाई सर्वोपरि वनाएको देखिन्छ। यसले गर्दा धेरै शासकहरु जनताको हितको, राष्ट्रको हितको कुरा गरेर व्यवहारमा जन विरोधी र राष्ट्र विरोधी काम गर्दछन् । समाजका, राष्ट्रका धेरै जनताहरु न्याय, समानता चाहन्छन्। बोली र व्यवहारमा सही भएको गरेको देख्न चाहन्छन् । त्यसैले जनताहरु खराव र जनताविरोधी क्रियाकलापको विरुद्धमा हुन्छन् र विरोध गर्दछन्।

आफ्नो क्रियाकलापको विरोध गरेकोमा अशान्ति गरेको, शान्ति खलबलाएको भनिन्छ । आफूहरुले यति धेरै ढाँटी रहेका हुन्छन् कि जस्तै चुनावको कुरा गरौं। चुनावमा उठ्दा म घुस खान्न, म घुसखोरीको विरोध गर्दछु। जनताको समस्यामा साथ दिन्छु, हरेक घरमा जाँदा तपाईको छोरालाई जागिर दिलाई दिन्छु,

तपाईंहरुको बाटो बनाइ दिन्छु। सुकुम्वबासी कहाँ जाँदा जग्गा दिलाईदिन्छु आदि इत्यादि भन्दछन्। जब जितेर जान्छन् कतिले गर्न खोजे पनि सक्दैनन्। सक्ने बोली पनि धेरैले राख्दैनन्। हामीले यो कुरा देखे भोगेकै कुरा हो। जब कि राज्यको व्यवस्था नै जुन छ यो फ्रेमबाट यो परिपाटीबाट गर्नै नसक्ने कुरा गरेर ढाँटेर देशको जनप्रतिनिधि या सांसद बन्दछन्। जब उनीहरुले जनताको माझमा बोलेको कुरा व्यक्ति स्वार्थ पार्टी या नेता स्वार्थले गर्दा जनतालाई झुक्याउँदै आइरहेका छन्। देशमा अशान्ति, समाजमा अशान्ति भइराखेको छ तर लाजै नमानी शान्तिका कुरा गर्दछन्। सहिद, बेपत्ता, घाइते, अपाङ्ग, द्वन्द्वपीडितको न्यायमा समेत पक्षपात छ। माथिल्लो ओहोदामा आफ्ना मानिस हुनेको कतिको सामान्य घाइतेले पनि मासिक जिउ पालन पाएको छ। कतिको त सुसारे खर्च पनि पाएको सुनिन्छ भने ठुलो ओहोदामा आफ्नो मनखाने मानिस नहुनेहरुको १०–१० वर्ष सम्म पनि फाइल हेरिन्न द्धन्द्व पिडितका निवेदन अनुसार सत्यतथ्य केलाएर जाँचेर राहत दिने सवालमा राज्य त्यति सक्रिय भएको देखिएको छैन। कतिपय जिल्लाका शान्ति समितिले पनि शान्तिका लागि काम गर्छु भन्दा भन्दै पनि सारमा अशान्ति, विकृती हुने खालका व्यवहार गरेका पनि सुन्नमा नआएका होइनन्।

नेपालको परिवेशमा अझ रोचक दृश्य देख्न सकिन्छ। जुन पार्टीले आमूल परिवर्तन गर्न भनेर जनतालाई जनयुद्धमा दशौं हजार सहिद पनि बनायो, हजारौं बेपत्ता भए। सोही पार्टीको ठुलो हिस्सा अहिले संसदीय मूल धारमा छ। ०६२/०६३ पछि तिन पटक त प्रधानमन्त्री भएर देश चलायो, धेरै समय सरकार मै छ तै पनि यसले आफूले नै सञ्चालन गरेको जनयुद्धमा भएका सहिद, बेपत्ता, घाइते अपाङ्ग द्वन्द्वपिडित बीचमा समेत पक्षपात गरेको छ। जसको पहुँच छ सामान्य घाइतेले पनि मासिक जीवन भत्ता पाएको छ। पहुँच नहुनेको १०/१० वर्ष सम्म फाइल पनि हेरिएको छैन, अझ धेरै सहिद, बेपत्ता, अपाङ्ग घाइतेहरुको अत्तो पत्तो छैन। जिल्ला–जिल्लामा बनेका शान्ति समितिहरु पनि कुहिराका काग बनेका छन्। अर्को तर्फ देश दिन परदिन भारत अधिनस्थ बन्दै गएको छ। २०७३/०६/०१ गते तत्कालिन प्रधानमन्त्री पुष्पकमल दाहालको भारत भ्रमणको क्रममा भारतका प्रधानमन्त्रीको अघि नेपाल भारत बीच २५ बुँदे सम्झौता भएको छ। त्यसको बुँदा नं. ११ मा अब देखि संयुक्त राष्ट्रसंघ लगायत अन्य अन्तर्राष्ट्रिय मञ्चहरुमा परस्पर निकट समन्वयमा रहेर काम गर्ने र समान धारणा बनाउने भनिएको छ। यसले परराष्ट नीतिमा देश स्वतन्त्र नभएर भारतको प्रान्त जस्तो बन्न पुगेको छ।

मेरो विचारमा देशमा शान्ति हुनका लागि तलका ६ सर्तहरु हुनुपर्दछ। (१) देश स्वाधीन हुनु पर्दछ। (२) राष्ट्रिय पुँजीको विकास हुनुपर्दछ। (३) सामन्तवादी उत्पादन प्रणालीको अन्त हुनुपर्दछ। (४) देशलाई औद्योगिकरण गर्ने नीति हुनुपर्दछ। (५) वर्गीय उत्पिडनको अन्त हुनुपर्दछ। (६) सामन्त तथा दलाल पुँजीवादी सत्ताको अन्त गरी सत्ता जनताको हातमा आउनु पर्दछ तब मात्र शान्ति हुन सक्दछ। यी समस्याहरु समाधान नभएसम्म कुनै पनि सत्ताद्वारा सञ्चालान हुने श्वेत आतङ्क विरुद्ध जनताले लाल आतङ्क जारी राख्ने छन्। शान्ति केवल नारामा मात्र सिमित हुने छ। श्वेत आतङ्क द्वारा तिनीहरु प्रतिक्रियावादीले भनेको शान्ति बनिरहने छैन। श्वेत आतङ्कका विरुद्ध जनसत्ता स्थापना गर्न जनताले लाल आतङ्कद्वारा मात्र शान्ति स्थापना गर्ने छन्।

# सहिद स्मृति



(सहिद रामबृक्ष यादव नेपाली जनवादी क्रान्तिका क्रममा प्रतिक्रियावादी नेपाली कांग्रेसका लठैतहरुद्वारा राजनैतिक कार्यक्रममा सहभागी भई फर्किदै गर्दा बाटामा ढुकेर बरमझियामा नेपाली जनयुद्धको उषाकालमा हत्या गरिएका मधेशका महान् कम्युनिस्ट योद्धा हुन्। उनको यो अन्तर्वार्ता रामबृक्ष यादव स्मृति प्रतिष्ठानद्वारा प्रकाशन गरिएको उत्सर्ग नामक स्मृतिग्रन्थबाट साभार गरिएको हो। –सम्पादक )

क. रामबृक्ष यादववारे भनेका निम्न उद्‌गारहरुले नै उहाँको विरता, त्याग र उत्षर्गवारे स्पष्ट पार्दछन् , जसमा भनिएको छः

नेपाली जनवादी क्रान्तिले ६ दशक पूरा गरिसकेको छ। यस प्रक्रियामा हजारौं नेपाली जनताका सन्तानहरुले आफ्नो अमूल्य जीवन बलिदान गरेका छन्। ती सबै बलिदानहरुमध्ये क.रामबृक्ष यादव र उहाँको परिवारका सदस्यहरुको बलिदान विशिष्ट प्रकारको छ।

**नरबहादुर कर्माचार्य**

मास्टर साहेब र मास्टरनी साहेबले सजाएको मुक्तिको सपनालाई पूरा गर्न र वहाँहरुले देखाएको क्रान्तिको बाटोलाई निरन्तरता दिन हामीले पार्टीलाई विचारधारात्मक, राजनीतिक र मार्गदर्शकको रुपमा अझै समृद्व तुल्याउन आवश्यक छ।

**मोहन वैद्य 'किरण'**

महान् जनयुद्धको तयारीको प्रक्रियामा सत्तासिन नेपाली कांग्रेसका गुण्डाहरुद्वारा २०५१ साल भाद्र २ गते क. रामबृक्ष यादवको जघन्य हत्या गरिएको थियो। त्याग, वीरता र बलिदानी भावनाको उदात्त शिक्षा नै क. रामबृक्ष यादवका सङ्घर्षमय जीवन र गौरवमय व्यक्तित्वबाट अहिलेका क्रान्तिकारीहरुले सिक्नु पर्ने अमूल्य शिक्षा हो। आउनुहोस अमर शहीद क. रामबृक्ष यादवले देखाएको त्याग, वीरता र बलिदानको बाटोमा निरन्तर अगाडि बढ्दै जाऔं।

सहिद रचना

# माओवादी विचारके आधारविना क्रान्ति सम्भव नइ अछि

**(सहिद क. रामवृक्षले ०५० चैत्र २४ गते सिरहा जिल्लाको वस्तीपुरमा दिएको भाषण)**

चैत्र २४ गते एकटा क्रान्तिके उभार लाब बला दिन छलै। आई साम्राज्यवादी संचारमाध्याम सब जे संसार साम्यवादी विलीन भ रहल छै , संसार मे आब कम्युनिस्टके अस्तित्व नै छै, तई विषयमे गलत नारा सब फूइक रहल छै। तई दिन स ओई नारा पर तामाचा देबबला २०६४ के चैत्र २४ गते छलै और ताहि स हम सब अखनो साम्राज्यवादी सबके जे उ आवाज छै, ओई स हम सब घबराई नै, ओई स पछाडि नै पडी। निश्चत रुप स उ गलत आवाज छै। २०४६ साल चैत्र २४ गते के हम सब एकटा और एही रुपमे लि, जे नेपालमे क्रान्तिकारी जनता सबके संख्या कम नै छै। क्रान्तिकारी सब नेपालमे अधिकांश मात्रामे छै। और ई क्रान्तिकारी भावना नयाँ जनवादी क्रान्तिका सुरुवात करतै, नयाँ जनवादी क्रान्ति लउतै। ई २४ गते ओकर आधार बनतै। ई चैत्र २४ गतेके महत्व अई लेल छै। वर्षमे ३६५ दिन होइ छै लेकिन सब दिनके हम सब महत्व नै दई छियै। मूल–मूल कोनो एहन हमरा–आहांके समाजमे पर्व– तिहार, चाड इत्यादी, जे दिन सब होईछै ओई दिन के हम सब यादगार के रुपमे लई छियई। आई क्रान्तिकारी सब मई दिवसके जे आहांके मजदुर वर्ग सबके लेल संसारके गरीब वर्गके लेल शोषित–पीडित जनताके लेल जे अमेरिकामे रक्तरंजित दिन छलै। मजदुर वर्ग सब रक्तरंजित झण्डा ल क प्रतिक्रियावादी और शासक वर्ग सबके, शोषक वर्ग सबके निर्मूल पारके लेल, ओकर सब स मुक्ति पावके लेल रक्तरंजित झण्डा लक अगाडि बढल छलै। ओई तुलनामे ई चैत्र २४ गते नेपालमे एकटा मई दिवसके रुपमे हेतै और नयाँ जनवादी क्रान्तिके सुरुवात करतै।

**साथी सब !**

अई चिज के प्राप्त करनेके लेल हमरा आहां के सामने विभिन्न समस्या सब छै। आई राष्ट्रिय रुपमे कम्युनिस्ट आन्दोलन पर विभिन्न प्रकारके संकट सब आइब रहल छै, विभिन्न प्रकारको दुःख सब आइब रहल छै। विभिन्न प्रकारके भ्रम सब आइब रहल छै।

**आदरणीय कमरेड सब !**

हमरा सबके भ्रम जाल स मुक्ति पावके लेल जबतक हम सब अई भ्रमजालके तोडबैनै और राजनीति कहै छै कथी से, ओई चीजके गहराईपूर्वक नै बुझबै और तहुमे कम्युनिस्ट राजनीति कहल चिज की छै, वाम आन्दोलन कहल चिज कि छै, अई चिजके जबतक हम सब गम्भीरता के साथ नै लेबै और अई मे किछ हम सब अपन समय नै देबै, तबतक हम सब क्रान्तिके सुख पाइबनै सकै छी।

आई हमर साथी सब, पूर्व प्रवक्ता साथी सबकिछ बता गलैथ, सात सालमे अईय क्रान्ति भेलै, ०३६ सालमे अईय जनआन्दोलन भेलै, ०४६ सलके दिन स क्रान्तिके रुपमे लोक कहैछै, “लेकिन हम सब अईय प्राप्त कयने छि। राजनीतिक रुप स मात्र परिवर्तन त कि भेलै ? लेकिन जनताके समस्या गाँस, बाँस और कपासके समस्या जे छै, ओ हमरा सबके

यथावत अई। ताईके लेल कम्युनिस्ट आ खास क क आहाँके संयुक्त जनमोर्चा नेपाल अई चिजके जनता के समक्ष लावके लेल अपनाके अगाडि लाइबरहल छ, और जनता के ई बुझादेब चाहछै कि अखनतक के जे परिवर्तन सब भेलैय ओ खास परिवर्तन किछ नै छै। राजनीतिक परिवर्तन छै, और अई चीजमे अई परिवर्तन स हमरा आहांके समस्या दुर नै भ सकैय। हमरा सबके अई देश मे चाही आमूल परिवर्तन। आमूल परिवर्तनके अर्थ होइ छै, जे 'एक वर्गके शोसक और समन्तवर्गके पुँजीपति और दलाल, नोकरशाह वर्ग सबके हातमे जे ई सत्ता छै, और अई सत्तामे आमूल परिवर्तन क क जै दिन किसान–मजदुर आ सर्वहाराके हातमे सत्ता अयतै नयाँ जनवादी क्रान्ति ओई दिन पूरा हेतै, और नेपालके क्रान्तिकारी शक्ति सब, नेपाली जनता सब असल दिन के प्राप्त क सकतै।'

**साथी सब !**

आब नया जनवादी क्रान्ति के लेल हमरा सबके तयार होनाई अनिवार्य अई लेकिन अहुँमे नेपालके क्रान्तिकारी आन्दोलनमे, अन्तर्राष्ट्रिय जगतमे विभिन्न विचार सब आइब रहल छै। एक तरफ साम्राज्यवादी सब हाँक द रहल छै कि संसारमे कम्युनिस्ट विलिन भ गेलै, लेकिन एक तरफ कम्युनिस्ट आन्दोलन संसारमे जीवित छै, कम्युनिस्ट संसार मे छै। क्रान्ति हेतै कहिक एक तरफ फेरु 'तृतीय इन्टरनेशनल'के बाद अखन संसारमे एकटा 'रिम' कहल संस्था छै, जे संसारके कम्युनिस्ट आन्देलनके नेतृत्व क रहल छै। रिम कहल क्रान्तिकारी संयुक्त जनअन्दोन छै और उक्त क्रान्तिकारी आन्दोलन जे संसारमे छै, संसारके प्रत्येक देशके कम्युनिस्ट पार्टी आ क्रान्तिकारी पार्टी सबके नेतृत्व क रहल छै। रिमके कथनानुसार, 'आब संसारमे यदि क्रान्ति हेतै त निश्चित रुप स माओवादके 'माइन' क जाय पड्तै, यदि कोनो कम्युनिस्ट पार्टी माओवादी से अलग रहिक क्रान्ति कर चाहै छै, से सम्भव नै छै। और संसार क कोनो भि समयमे माओवाद के आधारविना क्रान्ति सम्भव नै छै।' हमरा देशमे भि विभिन्न गुट उपगुट सब, विभिन्न पार्टी सब हमरा देशमे क्रान्ति के नारा ल क आइब रहल छै। हमरा नेपालके एकटा बहुत विशाल पार्टी कहवला ने.क.पा. (एमाले), जे छै ओ छै, 'बहुदलीय जनवाद' के नारा लक अयलैथ, और जनताके भ्रममे पाइर रहल छथिन। हम कहै छियै, बुद्धिजीवि जनता सब आ सचेत जनता सब सामान्य, अखन त हमर ओकर व्याख्या कक ओतेक नइ जा सकै छि। समयके अभाव अई। लेकिन हम कहै छि बहुदलीय जनवादके नारा जे छै, उ नारा स्पष्ट भ रहछै कि नेपाली कांग्रेस आ एमाले मे कोनो त फरका नै छै। बहुदलीय जनवाद ओकर, अंग्रेजी शब्द छै आहाँके 'मल्टी डेमोक्रेसी', डेमोक्रेसी के मतलव प्रजातन्त्र होई छै और जनवाद होई छै। कांग्रेस के भि प्रजातन्त्र के नारा छै, एमाले के भि प्रजातन्त्रके नारा आइब रहल छै। आब कहतकी नाम त एक छै, लेकिन ओकर कामके फरक छै। त काममे फरक त हमर पूर्व वक्ता साथी सब बहुत कि छ अपने लोकनि के समक्ष वक्ता चुकलै थ। हम जे कहै छि कांग्रेसके काम आ एमालेके काम मे कोनो तफरका नै छै। आई वर्ग संघर्ष के मार्क्सवाद, लेनिनवाद, माओवाद के जे प्राण छै, ओ (एमाले) वर्ग संघर्ष के नीति स हइट रहल छै, आ वर्ग समन्वयके तरफ अगाडि बढी रहल छै। पटक–पटक हुनकर व्यावहारिक अनुभव हमसब देख चुकल छि, नेपालमे जब जब आन्दोलन चरम सीमापर बढ लेल चाही रहल छई, ओई समयमे आईबक प्रतिक्रियावादी सत्ताधारी सबके साथे सब सम्झौता करै छै आ नेपाली जनताके धोखा दै छै। मदन भण्डारी आ जीवराज आश्रित के मृत्यु पर हमरा सबके शोक नई, हमरा सबमे दर्द नई, एहनबात नई छै। हमसब ओहुके एक दर्द के रुपमे लेने छलीऐ और अई के लेल शक्तिके साथ हमरासबके आन्दोलनमे आब पडलै। हमरा सबके बीचमे सम्झौता त भेल छल। एमालेके साथी सब ठाँब–ठँव पर जाक कहले छथिन, जे ऐ शोक के हम सब शक्ति मे परिणत

करब, लेकिन जहाँ मदन भण्डारी, जीवराज आश्रित के मृत्यु बला हुनकर एकटा प्रमुख माङ्ग जे छलै, तै माङ्गोके छोइर देलथिन। वास्ताविक रुप स हुनकर एकटा प्रमुख माङ्ग जे छलै, तै माङ्गके अखन तक पुरा नई कराब सकने छै। अखन त उपलब्धि हुनका नई भेटरहल छै। आब पुनः कहि रहल छथि, वो हम आन्दोलन मे आयब। निश्चित रुप स आन्दोलनमे हुनका आबही परतइन और हमरा सबके सहयोग लेबही परतइन, लेकिन आन्दोलनके यदि क्रान्तिकारी धारके साथ अगाडि बढाक नई ल जैथिन त हम सब आब धोखा खाय बला नई छि आ नेपाली जनता धोखा खाय बला नै छै।

**साथी सब !**

बात रहल ओ से एहन हमरा आहाँके बीच मे कम्युनिस्ट शक्ति सब छै, वामशक्ति सब छै, जे हमरा आहाँके भ्रम पाइर रहल छै। आइ नेपालमे अल्पकालीन जनयुद्ध होतै कहिक बरसो स नारा छै। वैधानिक संघर्ष अगाडि बैढिक जेतै जनतामे चेतना हेतै, आई ४५ वर्षके इतिहासमे छै, अँहु सब ओई इतिहासके भुक्तभोगी छी। ओई के पछाडि पछाडि परल छि, लेकिन जब बहुत कठिनाई, बहुत संघर्ष, लम्बा यात्रा इत्यादि सब चीज स हम सब भुगतलियै त हमरा सबके ई अनभव भेल ग कि नेपालमे सब यदि जनताके मुक्ति मिलतै त दीर्घकालीन जनयुद्ध और ग्रामीण वर्ग संघर्षद्वारा मिलतै। जै चिजके नेतृत्व नेकपा (एकता केन्द्र) (हालको माओवादी) क रहल छै। और हम संयुक्त जनमोर्चा नेपाल, एकता केन्द्र के हिमायति छि। और हुनकर संघर्ष अगाडि बढैक जाउ, और जनताके मुक्तिके रास्ता पर ल जाउ, हमरा सब के कामना अछि। हर समय उनका हम सब सहयोग कर लेल तयार छि।

**क्रान्तिकारी साथी सब !**

हमर देश गाउँए–गाउँए स भर देश छै, किसान आ मजदुर स भरल देश छै। लेकिन हमरा सब के बीचमे एकता नै भरल अछि। किसान आ मजदुरके समस्या वास्ताविक जे छै, से हमअहाँ नै बुझि रहल छि। अईय के सामान्य वर्ग सब, पुंजीपति वर्ग सब जे छथि, हमरा आहाँ के बीच मे फरक बनादेने अछि। किसान के समस्या मजदुर नइ बुझि रहल छि। मजदुर के समस्या किसान नइ बुझि रहल छि। लेकिन, नयाँ जनवादी क्रान्ति, जे हतै से किसान आ मजदुर के बीच मे एकता कायम भ क मात्र नयाँ जनवादी क्रान्ति हेतै। या यै देशमे किसानो के बाहुल्य छै। किसानके समस्या सब देखु त पञ्चायत स हम सब बहुदल व्यवस्था अयलै, बहुदलीय व्यवस्था किसान–मजदुर समस्या के हल करतै कहैत सब गर्व स नेपाली जनता छाती फुलौलक। बाद मे कि भेलै ? पञ्चायतो कालमे जे मालपोत, जे वृद्धि नै भेल रहै। जई प्रकारक मालपोत नई रहैलगैत रहै ओई प्रकारके मालपोत के भार हमरा अहाँ के शिर पर पहुँच चुकल अछि। किसानके क्षतिग्रस्त कर के लेल और सफल बनाब के लेल उत्पादनमे विकास कर के लेल हमरा आहाँ के सहयोग पर खाद्य मल, बिउके प्राप्ति नई भ रहल छै, इत्यादि। एक तरफ किसान–मजदुर अइ तरह स मइर रहल छै, दोसर तरफ हमरा देश के प्रत्येक युवा वर्ग सब के आब अइय रहके ठाउँ नै भेट रहल अछि। ओई गाउँ घरमे रह के हुनका सब के स्थिति नै भ रहल छै। किसान के उत्पादन मे ह्रास भ रहल छै। आ मजदुर के मजदुरी नै भ रहल छै। महंगाई आहाँ के एते लाइद देने छै कि चाइर किलो मजदुरी स हुनका पूर्ती नै भ रहल छै। आई हमरा गाउँघर के युवक सब आपना मा के, वहन के, बालबच्चा के त्याइग क पत्नी के त्याइग क कोइ पंजाव जाइ छै, कोइ दिल्ली जाइ छै, कोइ असाम

जाइ छै, कोइ गाउँ के छोडि क सहर मे प्रवेश क रहल छै। काइल्ह के भविष्य ई गाउँके कि हेतै, हमरा आहाँ के प्रमुख मुद्दा ई बनी क आइब रहल छै। ताइ के लेल संयुक्त जनमोर्चा नेपाल अपने लौकैन स ई आग्रह क रहल अइ और अई ल क युवक शक्ति सब से ई आग्रह क रहल अछि कि आहाँ सब बम्बइ आ कलकलता के ठाउँ, बम्वइ आ कलकता के जे दृश्य छै, से छोडक प्रयास करु, आ पुनः देश मे अपना गाउँमे बैसु, आ– अपना गाउँके जे हालत जे छै, से सुधार करके लेब आहाँ सबके संयुक्त जनमोर्चा नेपालके निर्देशन मे, एकता केन्द्रके निर्देशनमे आहाँ सब के संगठित होब परत आ नेपालमे नयाँ जनवादी क्रान्ति करके लेल दीर्घकालीन जनयुद्ध के रास्ता से ग्रामीण वर्ग संघर्ष चाला वैत जेहन संघर्ष आहाँके हमसब बुईझ रहल छि रोल्पा मे भ रहल छै, ओई प्रकारे जबतक आहांके युवक वर्ग सब हातहतियार उठाबके लेल तैयार नै हेतै, निश्चित रुप स देशमे परिवर्तन हैतै । उ कथित परिवर्तन हेतै ।

**साथी सब !**

प्रत्येक पार्टी सबके पास अपन अपन सेना होइछै । आ अइय संसदीय व्यवस्था छै । संसदीय व्यावस्था के जे पक्षधर सब वे छथि, से सब अपना सत्तामे भागीदारी करके लेल, चुनाव लडके लेल, सत्ता प्राप्ति करके लेल ओकरा पासमे सेना छै, सत्ता प्राप्ति करके लेल सेना छै। विपक्ष के पार्टी छै से उहो चुनाव मे गुण्डा सबके सेनाके रुपमे हमरा आहाँ के जे प्रयोग करैय, हमरा सबके जनता के जे मत यै, से जबरदस्ती अपना बक्सामे रखैय त संसदीय व्यावस्था मे जे सुधार लाबके लेल, सुधारके माग क क जनता के, किछ द दक ठग के लेल, सत्ता प्राप्ति के लेल, कुर्सी पर जाइके लेल, भी उ सब जनसेना के प्रयोग करै छै त हम सब त एकटा सत्तामे आमूल परिवर्तन क क ऐ सत्ता के प्राप्ति क रहल छि, जे सत्ता हम आहाँ किसान–मजदुर के हातमे राख चाही रहल छि, ओई सबके लेल जौ अपना सबके सेना नै बनतै, प्रत्येक नेपाली जे लड के लेल तयार नै हेतै, तै प्रतिक्रियावादी के हम सब नै किछ क सकै छि। अई ४५ वर्षके नेपाल कम्युनिस्ट पार्टी के इतिहास ई बताइब रहल छै कि हम सब सेनाविहीन छि, ताई के लेल आइयके युवा वर्ग सबके अपना गाउँके, अपना सहरके, अपना देशके यदि विकास चाहि रहल छै, अइमे प्रतिक्रियावादी सब के मुहतोड उत्तर देबके लेल चाहि रहल छै हुनका हात स सत्ता लेब चाहि रहल छै, गरिब के दुनियाँ बसाब चाहि रहल छै आ प्रत्येक युवाके आब गाउँ मे सेनाके रुपमे तयारी भ क लडाकु शक्तिके रुपमे तयारी भ क आब परतै ।

**कमरेड !**

अई चीजके याद ई चैत्र २४ गते दिला रहल छै। और हमरा सबके अन्तर्राष्ट्रिय जगत से भि हमरा सबके सहयोग प्राप्त अछि। हमरा सबके एकटा निर्देशन भेट रहल अछि ओइ निर्देशनके अगाडि राखिक हम सव जौ चलि त, निश्चित रुप छै जे हम सब एकटा नयाँ दिन देख पायव ।

**साथी सब !**

विषयवस्तु औरो छै, समयके अभाव छै, दूर–दूर अपने लोकनी के जाई के छै। तै के लेल नयाँ जनवादी क्रान्ति कर के लेल जे प्रमुख रासता छै और अई चैत्र २४ गते के इ महत्व छै। अई चिज के हम अपने सबके समक्ष रखैत अई क्रान्तिके दौरान जते ज्ञात–अज्ञात सहिद सब जे छै जयगेविन्द कमरेड, जय गोविन्द साह, क. बासुदेव ढाकुर, इत्यादि के रास्ता पर हम सब चलि, इ स्मरण दिलाबैत हम अपन दु शब्द कहै रहल छि।

धन्यवाद !

लघुकथा

# तिन लघुकथाहरू



प्रा डा भवानी पाण्डे

## जनयुद्धको निरन्तरता

जनयुद्ध लडेका केही शीर्षनेताहरू राज्यासत्तामा पुगे । स्वभावैले गरिव सुकुम्वासी सर्वहाराहरूप्रति उनीहरूको दृष्टि गयो। विभिन्न प्राकृतिक र शोषकीय उत्पीडनमा परेका जनताहरू खोलाको किनार, वनको छेउलगायत खतर्नाक एवम् दुर्गन्धित र उपेक्षित ठाउँहरूमा बसेका थिए। उनीहरूलाई शीर्षनेताहरूले आफ्नै नेतृत्वमा राज्य शक्तिलगाई लखेट्न थाले। गोली हाने , लछारपछार गरे। महिला र केटाकेटीहरूको हुर्मत लिए। जनता बाघले आक्रमण गरेका भेडाबाखाभन्दा कम आहत भएनन्।

यस्ता विभत्स घटनाहरू देखेपछि एकजना बुद्धिजीवीले शीर्ष नेतालाई सोधे–तपाइँ समतामूलक समाजको स्थापनाका लागि युद्ध गर्नु भएको मानिस हो। अहिले किन यस्तो गर्नु भएको छ ?

नेताले कुम हल्लाउदै भने–हामी त्यही उद्देश्य साकार पार्नका लागि काम गरीरहेका छौँ।

यसरी उद्देश्य पुरा हुन्छ त ? बुद्धिजीवीले सोधे।

नेताले भने– हुन्छ बल्ल थाहा भयो मूल बाटो नै यही रहेछ।

बुद्धिजीवीले भने– सैद्धान्तिक रूपबाट त यो पद्धति मिलेजस्तो लागेन ,।

उनका कुरा सुनेपछि नेता झनक्क रिसाउँदै आवेशमा आएर भने– तपाइँ अझै जडसूत्रवादी चिन्तनमा हुनुहुन्छ।

थपे–पीपलको बोट मुनि बस्दैमा सबैले बुद्वत्व प्राप्त नगरेजस्तै मार्क्सवाद वा समाजवाद पढ्दैमा सबैले बुझ्न सक्दैनन् । हरेक घटनालाई एक्काइसौं शताव्दीको जनवादको दृष्टिले हेर्न सक्नु पर्छ।

बुद्धिजीवीले पूरक प्रश्न गरे– यो भनेको के हो ?

नेताले भने–जडसूत्रवादी समतामूलक समाज र यसमा फरक छ। एक्काइसौँ शताव्दीको समतामूलक समाज स्थापना कार्यमा मुख्य बाधक भनेका यिनै सर्वहारा सुकुम्बासीहरू नै रहेछन् । कुनै हालतमा पनि यिनीहरूलाई माथि उठाउन सकिदो रहेनछ । यिनैले गर्दा समतामूलक समाज बनाउ नै सकिएन। यिनीहरूको पूर्ण सफाया नगरेसम्म हाम्रो अभियान पुरा हुँदैन। अतः हामी युद्धस्तरमा लागेका छौँ। अर्थात् यो पनि जनयुद्धकै निरन्तरता हो

## प्रतीक कवि

एकजना कवि थिए । उनलाई सबैले प्रतीक कवि भन्थे । कविले बारम्बार कविता लेख्ने र प्रकाशन गरिरहन्थे । विख्यात समालोचकहरू पनि उनका कविता बुझ्दैनथे । पछि गएर उनी सवैतिर नबुझिने कविका रूपमा प्रसिद्ध भए । यसमा उनी अत्यन्त सन्तुष्ट थिए।

कसैले उनका कविताको अर्थ सोध्यो भने कवि

भन्ने गर्थे– मेरो काम लेख्ने हो अर्थ लगाउने होइन।

एक दिन बिहानको प्रसङ्ग हो । कवि यस्तै बुझिने विषयवस्तुलाई पनि नबुझिने घनचक्कर शैलीमा कविता रच्दै थिए । त्यसै समयमा एकजना मानिस आए।

उनले सोझै कविलाई भने– हेर कवि तिमीले यस्ता कविता लेख्छौ जसले गर्दा म बारम्बार हैरानीमा पर्दै आएको छु। पहिलो कुरा त तिमीले के लेख्छौ ? मैले बुझ्दिन। तिम्रा कविताका किताव पढ्दा मलाई कुन भाषामा के विषय पढ्दै छु थाहा हुँदैन । कैयौँ समय पछि हिजो तिमीले लेखेको एउटा वाक्यको अर्थ बुझेँ। यसले मलाई झन् उल्झनमा पार्‍यो। किनकि यो वाक्य नितान्त असत्य छ।

कविले हैरानीको शैलीमा सोधे– महासय त्यो कुन वाक्य हो ? जसको तपाईले अर्थ बुझ्नु भयो ? तर असत्य छ ?

उनले भने– तपाईले लेख्नु भएको रहेछ– इतिहासको मृत्यु भइसक्यो।

कविले सोचे– निश्चय पनि यो मान्छे पागल हुनु पर्छ। अहिलेको जमानामा यस्ता खोजपूर्ण कुरा यस्तै मानिसले गर्दछन् । यस्ता कुरा मैले कति लेखिसकेँ अहिलेसम्म कसैले केही भनेको छैन।

तै पनि कविले सोधे– इतिहास जिउँदै छ भन्ने कुराको तपाईसँग के प्रमाण छ ? आगन्तुकले भने– यसको प्रमाण मै छु। म नै इतिहासमा बाँचि रहेको छु।

कविले सोधे– कसरी ?

उनले भने–म इतिहासको प्रोफेसर हुँ।

कविले सन्तोषको शैलीमा भने– त्यसो भने तिमीलाई पागल हुनु परेन।

## अर्गानिक

एकजना साधारण मानिस थिए। उनलाई पेटको रोगले निकै सताइ रहन्थ्यो। सुरुसुरुमा उनले घरायसी जडिबुटीद्वारा उपचार गराउँदै रहे। रोग झन् बढ्दै गयो। अति भए पछि उपचारका लागि डाक्टर कहाँ गए। डा.ले स्टुल लगायतका सबै परीक्षण गरे पछि भने–तपाईँलाई अपचको रोग लागेको छ। यसले कोलन र कलेजोलाई पनि प्रभावित गरेको छ। डा.का कुरा सुने पछि उनले भने–मैले सामान्य खाना खान्छु। कस्ताकस्ता वस्तुहरु खानेलाई केही नहुने मलाई मात्र हुने किन ? डा.ले सोधे–केवस्तु भन्नु भएको हो ? बिरामीले भने– हाम्रादेशका राजनीति गर्ने नेताहरु, ठेकेदारहरु, उच्च पदस्थ पदाधिकारीहरु केखान बाँकी राखेका छन् ? खोला नदीनालाहरु, वन जङ्गल, विभिन्न प्रकारका खानीहरु, उद्योग धन्दाहरु कतिपय प्रसङ्गमा मान्छे पनि खान्छन् । खाइरहेका छन् । यिनीहरुलाई केही हुँदैन। मलाई सामान्य चिजहरु पनि खान नहुने किन ? उनका कुरा सुने पछि डा.ले भने–ठुलाबढाले खाने यी तपाइँले भनेका सबै वस्तुहरू अर्गानिक हुन्। त्यसैले ती सबै पच्छन् । तपाईले खाने चिजहरू केमिकल युक्त छन्।

कविता

# बर्मझिया
## (आदरणीय मास्टरसाहेव रामवृक्ष यादवको सम्झनामा)



कृष्ण सेन 'इच्छुक'

एउटै रगतको साइनो रहेछ आखिर
मेची र महाकालीका साँधहरुमा
एउटै वर्गको नाता रहेछ आखिर
कमला र भेरीका छालहरुमा
एउटै धर्मको उपासना रहेछ आखिर
झापा र धनुषाका बलिदानहरुमा
एउटै कर्मको आराधना रहेछ आखिर
गोर्खा र रोल्पाका अनुष्ठानहरुमा
निरन्तर चलिरहेको रक्तिम युद्धमा
मिसिसिपीदेखि भोल्गासम्म एउटै रंग छ
निरन्तर फैलिरहेको वर्गीय युद्धमा
लिमादेखि मनिलासम्म एउटै तरंग छ
यतिखेर तिम्रो काख पूर्वमा रगतपच्छे हुँदा
पश्चिममा रुकुम पनि प्रतिशोधले चुर भएको छ
बर्मझिया तिम्रो प्रत्येक थोपा रगत ब्युँझेर
आज बैरीलाई क्रूर कालकुट भएको छ।

माटोमा भिजेका तिम्रै रगतका टाटाहरुले
जनअदालतको खुला इजलासमा
बर्बर हत्याको किटानी जाहेरी दिइरहेछन्
उदास नहरको संतप्त किनारमा
शोकमग्न उम्रेका सिसौंका बोटहरुले
तिम्रै ज्यानमुद्दाको सरजमिन गरिरहेछन्
मकैका घारीले बारीबाट
आक्रोशित मुद्रामा तिम्रै हत्याको साँक्षी बकिरहेछन्
प्रत्यक्षदर्शी पटुवाका झाडीले
फरार अपराधीहरुका बर्बर अनुहारहरु सम्झदै
गिरफ्तारीको हुलिया काटिरहेछन्
शोकविव्हल छन् सबै गाउँ
भावविव्हल छन् सबै ठाउँ
तै पनि शान्त र सहज भएर
अशान्त जीवनको सागरमा
निरन्तर चलिरहेछ मुक्तियात्राको नाउ
आफ्ना शोकाकुल घडीलाई नयाँ शक्तिमा फेरेर
फेरि पनि दृढ र कर्मशील मनस्थिति लिएर

साँझबिहान पँधेराहरुले

गाइरहेछन् 'पेरुमा लालझण्डा' का गीतहरु

सबेरै झिसमिसेमा उठेर चराहरुले

घन्काइरहेछन् कलरव स्वरमा संघर्षका नाराहरु

रुष्ठ हावाले सतर्क भएर

दुश्मनका गुप्त पदचापहरु पछ्याइरहेछ

फेरि उस्तै संघर्षशील भएका छन् सबै ठाउँ

एउटा 'मास्टर साहेव' लाई मारेर

जनपाठशालाहरु नै बन्द गर्न खोज्ने जल्लादहरुको
मृगतृष्णा

एउटा जनयोद्धालाई हत्या गरेर

मुक्तियुद्ध नै रोक्न खोज्ने मोशादहरुको कपोलकल्पना

यतिखेर चकनाचूर भएर

निष्फल बनेका छन् बैरीहरुका सबै दाउ

मातृभूमिका महान् सन्ततिहरुको मृत्युञ्जयी
बलिदानले अभिभूत भएर

यसबेला सिंगो राष्ट्र नै एउटै जुलुश भएको छ

बर्मझिया, तिम्रो प्रत्येक थोपा रगत ब्युँझेर

आज बैरीलाई क्रूर कालकुट भएको छ

तिम्रो सम्मानमा गौरवले झुकेर उठ्दै

सारा देश नै अरिङ्गालको गोलोझैं एकजुट
भएको छ।

घरी–घरी पटक–पटक

बग्न त रगत पानीसरि बगिरहेकै छ

के पहाड, के मधेस चारैतिर

नयाँ दशकको हत्याराले नयाँ युगका राता
रक्तबीजहरु छरिरहेकै छ

अभावको कालो बजारमा महंगीको हाहाकार बढेर

सबै थोक दुर्लभ बने पनि

गल्ली–गल्ली सडक–सडक

र, गाउँ बस्तीभरि

गोलीले ढलेर मान्छेको ज्यान भने झनै सस्तो
भइरहेकै छ

तर तिम्रो काखमा त्यै एउटा ज्यान ढल्दा घाम पनि
आकाशमा मधुर भएको छ।

बर्मझिया, तिम्रो प्रत्येक थोपा रगत ब्यूँझेर

आज बैरीलाई क्रूर कालकुट भएको छ।

कविता

# युग नायकको खोजी



धनेश्वर पोखेल

देश हराएका बेला देशले देश खोजि रहेछ
भेष हराएका बेला भेषले भेष खोजि रहेछ
यसबेला गुमनाम भै रहेछ मेरो सगरमाथा
गुमनाम भै रहेछन् माछापुच्छ्रे र धौलागिरीहरु
आकाशमा कालो बादल लागेर हो कि
धर्तीमा तुवाँलो छाएर हो
फेवातालमा देखिन्न माछापुच्छ्रेको स्पष्टचित्र
सहरमा प्रदूषण फैलेर हो कि
गाउँमा गरिबी फैलेर हो
मान्छे हराएको देशमा मान्छेले मान्छे खोजि रहेछ।
समाज बदल्ने अभिलाषामा
मान्छेले क्रान्तिको झन्डा बोकेर जिन्दावाद र मुर्दावाद त गर्न जान्यो
त्याग र बलिदानको कीर्तिमान राखेर हुंकार त गर्न जान्यो
तर हजारौं खुड्किला उक्लँदा पनि
हजारौ ढिस्किना सम्याउदा पनि
सगरमाथाको शिखर चुम्न सकेन मान्छेले
आफ्नो लक्षित गन्तव्यमा पुग्न सकेन मान्छेले।
क्रान्ति गर्दा गर्दै क्रान्तिमा धोका दियो नायकले
सङ्घर्ष गर्द गर्दै सङ्घर्षमा धोका दियो नेताले
युद्ध लड्दा लड्दै युद्धमा धोका दियो कमान्डरले
त्यसैले त यहाँ
मान्छेको जीवन जस्ताको तस्तै छ
मान्छे माथिको उत्पीडन जस्ताको तस्तै छ
रोग, भोक, गरिबी र बेरोजगारीको त कुरै नगरौं
धर्ती लुछिनु र बेचिनुको पिडा जस्ताको तस्तै छ।
हो त्यसैले त यहाँ
यौटा डरलाग्दो आँधी चाहिएको छ
महाप्रलयकारी सयौं रेक्टर स्केलको भूकम्प चाहिएको छ
प्रतिगमन र यथास्थितिलाई ध्वस्त गर्ने
यौटा सशक्त जनविद्रोह चाहिएको छ।
रातोदिन उत्पीडनको पिडा सहेर
कतिदिन बाँच्न सक्छ र मान्छेले
बेरोजगारीको पिडाले घाटीमा डोरी सुर्काएर
कतिदिन आत्महत्या गरिरहन सक्छ र मान्छेले
सबै विषम परिवेशबाट मुक्त हुन
हो यहाँ यौटा उथल–पुथल चाहिएको छ।
त्यसैले
इतिहासका खलनायकहरुलाई राम्ररी तह लगाउन
सर्वहार क्रान्तिलाई बिजयको शिखरमा पुऱ्याउन
नेपाली समाज भित्रैबाट एउटा त्यस्तो युग नायक चाहिएको छ
आज देशले यौटा त्यस्तै युग संवाहक खोजिरहेको छ।

कविता

# झुपडीका अक्षरहरु

विष्णुमाया न्यौपाने



झुपडीका अक्षरहरु
भाइरस बनेर सिंहदरवार छिरेपछि
मौसम पनि बदलिंदो रहेछ
नतमस्तक आत्माहरु
लम्पसारवाद संगै
टाउको निहुराउँदै
डुबुल्की मार्दै, चुर्लुम्मै डुब्यौ
र डस्दै छौ ती झुपडीलाई
चिम्लेर नयनहरु
कालो रातो गम्स संगै
दलाल नोकरशाहहरुको
चक्रव्यूहमा फस्दै
कुल्चदै ती सहिदका सपनाहरु
कागजी बाघ बनेर
आलो रगतको टिका लगाउँदै
फर्फराउँदै ध्वजापताका
कुल्चेर झुपडीहरु
डुक्रिदै छौ महलहरुमा
विचलित आडम्बरका पाना पल्टाउँदै
आदर्शका बोट रोप्दै
लेख्दै छौ सिंगो दस्तावेजका हरफहरु
उक्लदैं राष्ट्रवादका झलक
दलालहरुको महल सजाउँदै
डस्दै छौ वस्तीहरुलाई
न्याय र समानताका
आहुतिहरु किनार लगाउँदै
रंगमञ्चबाट बिदा हुँदै हुँदै छौ
आफ्नो अस्तित्व इतिहास मेटेर
सदासदाका लागि
झुपडीका अक्षरहरु !!!

२०७४ असार ३ गते गठित राष्ट्रिय क्रान्तिकारी बुद्धिजीवी संगठन नेपालको दोस्रो राष्ट्रिय भेलाद्वारा निर्माण गरिएको पहिलो राष्ट्रिय क्रान्तिकारी बुद्धिजीवी मञ्च नेपालको केन्द्रीय समितिको नामावाली

## केन्द्रीय सल्लाहकार समिति

| क्रम | नाम | पद | जिल्ला | फोन नम्बर |
|---|---|---|---|---|
| १. | दीर्घप्रसाद पाण्डे | संयोजक | काठमाडौं | ९८४६११०३२६५ |
| २. | प्रा. डा. जगदीश चन्द्र भण्डारी | सदस्य | काठमाडौं | ९८४१३३६९९३ |
| ३. | ईश्वरचन्द्र ज्ञवाली | सदस्य | काठमाडौं | ९८५११५०५३५ |
| ४. | कुमार थापा | सदस्य | काठमाडौं | ९८४१४७४५२६ |
| ५. | लोकराज रेग्मी | सदस्य | काठमाडौं | ९८४१४३३७२३२ |
| ६. | बलीभद्र शर्मा | सदस्य | काठमाडौं | ९८५१०९८९३७ |

## केन्द्रीय समिति

| क्रम | नाम | पद | जिल्ला | फोन नम्बर |
|---|---|---|---|---|
| १. | हुकुम बहादुर सिंह | अध्यक्ष | प्युठान | ९८५१०७६८६४ |
| २. | पृथ्वी कार्की | सदस्य | मोरङ | ९७४२०६१३०१ |
| ३. | चक्रपाणी शर्मा | सदस्य | सुर्खेत | ९८६८०३०४४४ |
| ४. | प्रा. डा. भवानी पाण्डे | सदस्य | कास्की | ९८४६०४३९४८ |
| ५. | पदम भण्डारी | सदस्य | बझाङ | ९८५११३२३२९ |
| ६. | मनोहर लामिछाने | सदस्य | सल्यान | ९८५११४७४१५ |
| ७. | राजवहादुर कुँवर | सदस्य | जुम्ला | ९८४८०६१६६० |
| ८. | सुदीप श्रेष्ठ | कार्यालय सचिव | पर्सा | ९८५११६५४६१ |
| ९. | गोर्की श्रेष्ठ | सदस्य | काठमाडौं | ९८४१४७४१७९ |
| १०. | विजय रत्न बज्राचार्य | सदस्य | काठमाडौं | ९८५१०५७४६२ |

| | | | | |
|---|---|---|---|---|
| ११. | बन्धु पाण्डे | सदस्य | काठमाडौं | ९८४१५२९४८३ |
| १२. | अमृत अधिकारी | सदस्य | धादिङ | ९८४१५२९१७५ |
| १३. | हरि सिंह | सदस्य | काठमाडौं | ९८४१२८१२२६ |
| १४. | पिताम्बर तिवारी | सदस्य | नवलपरासी | ९८४७०४६४४६ |
| १५. | रविकिरण निर्जीव | सदस्य | चितवन | |
| १६. | शिला योगी | सदस्य | काठमाडौं | ९८४१६४९४३८ |
| १७. | ज्ञानु आचार्य | सदस्य | दाङ | ९८४९०२२७०४ |
| १८. | मनोज कुमार यादव | सदस्य | सिराहा | ९८४२८३५३३२ |
| १९. | बज्र के. सी. | सदस्य | प्युठान | ९८५११ ०३५२४ |
| २०. | डि. बी. गुरुङ | सदस्य | पर्वत | ९८४१५६२८८४ |
| २१. | श्रीधर अधिकारी | सदस्य | दाङ | ९८५७८२११५८ |
| २२. | होमनाथ पाठक | सदस्य | कास्की | ९८५६०३७४१६ |
| २३. | ईश्वरी शर्मा | सदस्य | काठमाडौं | ९८४३१५१९१८ |
| २४. | तेज बहादुर बस्नेत | सदस्य | काठमाडौं | ९८४१३६९९४१ |
| २५. | देबेन्द्र तिमिला | सदस्य | काठमाडौं | ९८४३१३०९०१ |
| २६. | गुमान सिंह खत्री | सदस्य | काठमाडौं | ९८४९०५०७२९ |
| २७. | हेमन्त बुढाथोकी | सदस्य | काठमाडौं | ९८४१५७८३६८ |
| २८. | सकबहादुर बुढाथोकी | सदस्य | | |
| २९. | | | | |
| ३०. | | | | |
| ३१. | | | | |

नोट : तिनजना पछि थप्ने गरी ३१ जनाको केन्द्रिय समिति गठन भएको छ।

## प्रकाशन समिति

| क्रम | नाम | पद | जिल्ला | फोन नम्वर |
|---|---|---|---|---|
| १. | दीर्घप्रसाद पाण्डे | संयोजक | काठमाडौं | ९८४६११०३२६५ |
| २. | हुकुम बहादुर सिंह | अध्यक्ष (बुद्धिजीवी मञ्च) | प्युठान | ९८५१०७६८६४ |
| ३. | प्रा. डा. जगदीश चन्द्र भण्डारी | सदस्य | काठमाडौं | ९८४१३३६९९३ |
| ४. | प्रा. डा. ओम गुरुङ | सदस्य | काठमाडौं | ९८५१०३३८१० |
| ५. | ईश्वरचन्द्र ज्ञवाली | सदस्य | काठमाडौं | ९८५११५०५३५ |
| ६. | कुमार थापा | सदस्य | मकवानपुर | ९८४१४७४५२६ |
| ७. | गोर्की श्रेष्ठ | सदस्य | काठमाडौं | ९८४१४७४१७९ |
| ८. | विजय रत्न बज्राचार्य | सदस्य | काठमाडौं | ९८५१०५७४६२ |
| ९. | लोकराज रेग्मी | सदस्य | काठमाडौं | ९८४१४३३७२३२ |
| १०. | प्रा. डा. भवानी पाण्डे | सदस्य | कास्की | ९८४६०४३९४८ |
| ११. | अमृत अधिकारी | सदस्य | धादिङ | ९८४१५२९१७५ |
| १२. | मनोहर लामिछाने | सदस्य | सल्यान | ९८५११४७४१५ |
| १३. | बन्धु पाण्डे | सदस्य | काठमाडौं | ९८४१५२९४८३ |
| १४. | पदम भण्डारी | सदस्य | बझाङ | ९८५११३२३२९ |
| १५. | राजवहादुर कुँवर | सदस्य | जुम्ला | ९८४८०६१६६० |
| १६. | सुदीप श्रेष्ठ | सदस्य (कार्यालय सचिव) | काठमाडौं | ९८५११६५४६१ |
| १७. | हरि सिंह | सदस्य | काठमाडौं | ९८४१२८१२२६ |
| १८. | बलीभद्र शर्मा | सदस्य | काठमाडौं | ९८५१०९८९३७ |
| १९. | डि. बी. गुरुङ | सदस्य | पर्वत | ९८४१५६२८८४ |
| २०. | तेजनारायण सापकोटा | सदस्य | काठमाडौं | ०९४१५२८६५० |

| | | | | |
|---|---|---|---|---|
| २१. | प्रा. डा. ताराकान्त पाण्डेय | सदस्य | काठमाडौं | ९८५१२३५५३८ |
| २२. | प्रा. डा. गोपीन्द्र पौडेल | सदस्य | दाङ | ९८५११२२७४३ |
| २३. | गीतामणी पाण्डे | सदस्य | चितवन | ९८५१०१४३४१ |
| २४. | होमनाथ पाठक | सदस्य | कास्की | ९८५६०३७४१६ |
| २५. | नीलप्रसाद श्रेष्ठ | सदस्य | कास्की | ९८४६०४४३७० |
| २६. | प्रा. डा. रामचन्द्र पौड्याल | सदस्य | काठमाडौं | ९८५११३८८४४ |
| २७. | केशव रेग्मी | सदस्य | काठमाडौं | ९८०१२४७५६१ |
| २८. | खड्गबहादुर बस्नेत | सदस्य | काठमाडौं | ९८५१०११६६९ |
| २९. | विष्णु न्यौपाने | सदस्य | काठमाडौं | ९८५११५०५३५ |
| ३०. | परशुराम कोइराला | सदस्य | कास्कि | ९८४६०२८१६१ |
| ३१. | भूमीश्वर कंडेल | सदस्य | चितवन | ९८५५०५८४९७ |
| ३२. | मुकेशराज भण्डारी | सदस्य | बागलुङ | ९८४७६३३३८५ |
| ३३. | विष्णुकुमार कार्की | सदस्य | काठमाडौं | ९८५११९१३३५ |
| ३४. | कृष्णबहादुर कुँवर | सदस्य | कपिलवस्तु | ९८५१०९३७०५ |